# नगर शिक्षा योजना

## MUNICIPAL EDUCATION PLAN

## (२०८२/२०८३-२०८६/०८७)




## बागचौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश

बागचौर, सल्यान

# नगर शिक्षा योजना

## MUNICIPAL EDUCATION PLAN

(२०८२/२०८३-२०८६/०८७)

## बागचौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश

बागचौर, सल्यान

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"
बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

## शुभकामना मन्तव्य

यस बागचौर नगरपालिकाको शैक्षिक विकासका लागि "पञ्चवर्षीय नगर शिक्षा योजना" निर्माण भई कार्यान्वयनको चरणमा पुगेको यस ऐतिहासिक अवसरमा म अत्यन्तै खुसी व्यक्त गर्दछु। शिक्षा नै विकासको मूल आधार र चेतनाको संवाहक हो भन्ने तथ्यलाई आत्मसात् गर्दै हामीले नगरको शैक्षिक गुणस्तर सुधारका लागि यो रणनीतिक मार्गचित्र तयार पारेका छौं। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। यसै संवैधानिक भावना र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्म अनुरूप हामीले यो योजना निर्माण गरेका हौं। यो योजनाको निर्माण प्रक्रियामा हामीले 'तल्लो तहबाट योजना तर्जुमा' (Bottom-Up Planning Approach) पद्धति अपनाएका छौं। आम सरोकारवालाहरू, शिक्षाविद्, शिक्षक, अभिभावक र विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता र सुझावका आधारमा निर्मित यस योजनाले स्थानीय आवश्यकता र आकांक्षालाई सही ढङ्गले सम्बोधन गरेको छ। यो योजना नेपालको संविधान, शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बागचौर नगर शिक्षा ऐन २०७५ (२०७९ संशोधन) तथा स्थानीय शिक्षा नियमावली २०८० (संशोधन सहित) का साथै शिक्षा सम्बन्धी विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूको जगमा उभिएर निर्माण गरिएको छ। यसले हाम्रो नगरको शैक्षिक क्षेत्रमा आमूल परिवर्तन ल्याउन उल्लेखनीय भूमिका निर्वाह गर्नेछ भन्ने मेरो दृढ विश्वास छ। दूरगामी सोचका साथ शैक्षिक योजना निर्माण गर्नु आफैंमा एक चुनौतीपूर्ण कार्य हो। विद्यालयको भौतिक पूर्वाधारको विकास मात्र नभई गुणात्मक पक्षमा सुधार ल्याउनु आजको प्रमुख आवश्यकता र चुनौती दुवै हो। हाम्रो मुख्य प्राथमिकता सामुदायिक विद्यालयको शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु हो। यसका लागि हामीले "बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने, टिकाउने र बिकाउने" (उपयोगी बनाउने) रणनीति अख्तियार गरेका छौं। यस रणनीतिले सबै विद्यालयहरूलाई गुणस्तरीय सिकाइको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ। हाम्रो लक्ष्य केवल साक्षरता मात्र होइन, बरु शिक्षालाई दैनिक जीवनयापनसँग जोड्ने, जीवनोपयोगी सिप प्रदान गर्ने र आधुनिक प्रविधिसँग विद्यार्थीलाई साक्षात्कार गराउनु हो। समाजमा विद्यमान विभिन्न कुरीति र असामाजिक व्यवहारहरूलाई शिक्षाकै माध्यमबाट चिर्दै एक सभ्य र सुसंस्कृत समाज निर्माण गर्न यो योजना कोसेढुङ्गा सावित हुनेछ। हामीले वि.सं. २०८५ सम्ममा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले निर्देशित गरे बमोजिम विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र सहज बनाउने प्रतिबद्धता लिएका छौं।

यो पञ्चवर्षीय योजना केवल एउटा कागजी दस्ताबेज मात्र नभई हाम्रो नगरको शैक्षिक भविष्यको वास्तविक मार्गचित्र **(Roadmap)** हो। यसले शिक्षकहरूको वृत्तिविकास, विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार, समावेशी शिक्षाको सुनिश्चितता र स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माणलाई विशेष जोड दिएको छ। 'दिगो विकास लक्ष्य ४' ले परिकल्पना गरे झैं समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा प्रदान गर्दै आजीवन सिकाइका अवसरहरू सिर्जना गर्न हामी निरन्तर क्रियाशील रहनेछौं। यस योजनाले शिक्षा क्षेत्रमा देखिन सक्ने विभिन्न चुनौतीहरूलाई सामना गर्दै समस्या समाधानका उपायहरू समेत पहिल्याएको छ। आगामी ५ वर्षभित्र बागचौर नगरपालिका शिक्षाको एक उत्कृष्ट गन्तव्य बन्नेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

अन्तमा, यस गौरवमय योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधिहरू,राष्ट्रसेवक कर्मचारीहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी,अभिभावक, नागरिक समाज र सम्पूर्ण सरोकारवालाहरूमा सक्रिय सहयोग र सहभागिताका लागि हार्दिक अपिल गर्दछु .

धन्यवाद ! २०८२ चैत्र १५ गते

**जनकराज गौतम**
नगर प्रमुख
बागचौर नगरपालिका,सल्यान

जनकराज गौतम
नगर प्रमुख

088-412035 ito.bagchaurmun@gmail.com bagchaurmun.gov.np

CS Scanned with CamScanner

शुभकामना मन्तव्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेका शिक्षा सम्बन्धी २३ वटा अधिकारहरूको कार्यान्वयन गर्दै बागचौर नगरपालिकाको शैक्षिक स्तर उकास्न यो "पञ्चवर्षीय नगर शिक्षा योजना" एक महत्वपूर्ण प्रस्थान विन्दु बनेको छ। शिक्षा क्षेत्रको विकास केवल लगानी बढाएर मात्र सम्भव छैन, बरु गरिएको लगानीको सहि सदुपयोग, पारदर्शी कार्यशैली र जिम्मेवारपूर्ण कार्यान्वयनबाट मात्र वास्तविक परिवर्तन ल्याउन सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।

यो योजनाको मुख्य विशेषता नै यसको कार्यान्वयन पक्ष र जवाफदेहिता हो। हामीले यो दस्तावेजलाई केवल दराजमा राख्ने एउटा साधारण फाइलको रूपमा नभई, प्रत्येक विद्यालय र कक्षाकोठामा पुग्ने जीवन्त मार्गचित्रको रूपमा परिकल्पना गरेका छौं। योजनालाई कागजमा मात्र सीमित नराखी व्यवहारमा उतार्नका लागि हामीले "नतिजामा आधारित अनुगमन प्रणाली" (Result-based Monitoring) लाई कडाइका साथ लागू गर्नेछौं। यस अन्तर्गत हरेक शैक्षिक सत्रमा गरिने क्रियाकलापहरूको सूचकका आधारमा प्रगति मापन गरिनेछ। शिक्षा क्षेत्रमा सुशासन र पारदर्शिता सुनिश्चित गर्न हामीले विद्यालयहरूको "सामाजिक परीक्षण" (Social Audit) र **"सार्वजनिक सुनुवाई"** लाई अनिवार्य र प्रभावकारी बनाउने नीति लिएका छौं। विद्यालयलाई प्राप्त हुने हरेक अनुदान र स्रोतको खर्च पारदर्शी हुनुपर्दछ र त्यसको प्रत्यक्ष लाभ विद्यार्थीहरूले पाउनुपर्दछ भन्ने हाम्रो मान्यता हो। नगरपालिकाले विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाको नियमित अनुगमन मात्र गर्ने छैन, बरु उत्कृष्ट कार्य गर्ने विद्यालय र शिक्षकलाई पुरस्कृत गर्दै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली समेत विकास गर्नेछ।

योजना कार्यान्वयनको सन्दर्भमा, हामीले कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप सुधार गर्न कक्षाकोठामा आधारित पठन सिप परीक्षण जस्ता प्राविधिक औजारहरूलाई समावेश गरेका छौं। यसले बालबालिकाको सिकाइ स्तरको वास्तविक तथ्याङ्क प्रदान गर्नेछ, जसका आधारमा हामीले थप सुधारात्मक कदमहरू चाल्न सक्नेछौं। पारदर्शिताको अर्को पाटोका रूपमा हामीले शैक्षिक तथ्याङ्क र प्रगतिको डिजिटल अभिलेख राख्ने र त्यसलाई आम नागरिकको पहुँचमा पुर्‍याउने लक्ष्य राखेका छौं। समावेशी शिक्षा र सामाजिक न्याय हाम्रो योजनाको अर्को स्तम्भ हो। लक्षित वर्ग, विपन्न, अपाङ्गता भएका र दुर्गम क्षेत्रका बालबालिकाहरूको शिक्षामा पहुँच पुर्‍याउन बजेट र स्रोतको न्यायोचित वितरण सुनिश्चित गरिनेछ। शिक्षा प्रशासनमा जवाफदेहिता प्रवर्द्धन गर्न हामीले विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको सक्रियतालाई पनि उच्च प्राथमिकता दिएका छौं।

अन्तमा, यो पञ्चवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनका लागि स्रोतको बहु-उपयोग गर्दै सीमित साधनको अधिकतम परिचालन गर्न हामी प्रतिबद्ध छौं। यस महान कार्यमा विद्यालय प्रशासन, शिक्षक, अभिभावक, नागरिक समाज र सम्पूर्ण सरोकारवालाहरूबाट पूर्ण पारदर्शिता र उच्च नैतिकताको अपेक्षा गर्दछु। हामी सबैको साझा प्रयासबाट नै बागचौर नगरपालिकालाई एक 'नमुना शैक्षिक गन्तव्य' बनाउन सम्भव हुनेछ।

२०८२ चैत्र १५ गते

**सुम्निमा डिसी वली**
नगर उप प्रमुख
बागचौर नगरपालिका

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"
बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

## शुभकामना मन्तव्य

शिक्षा नै कुनै पनि राष्ट्र वा समाजको समृद्धिको आधारस्तम्भ हो। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हक र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले मार्गनिर्देश गरे बमोजिम स्थानीय सरकारको काँधमा शिक्षाको व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी आएको छ। यसै सन्दर्भमा, बागचौर नगरपालिकाको शैक्षिक सुधारका लागि स्पष्ट मार्गचित्र कोर्दै **"पञ्चवर्षीय नगर शिक्षा योजना (२०८२–२०८६)"** तर्जुमा भई कार्यान्वयनको चरणमा प्रवेश गरेको यस गौरवमय अवसरमा म नगरपालिकाको प्रशासनिक नेतृत्वको तर्फबाट हार्दिक खुसी व्यक्त गर्दछु। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेका आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरूको सफल कार्यान्वयनका लागि यो योजना एउटा 'प्रशासनिक मार्गदर्शन' (Administrative Manual) का रूपमा रहनेछ। नगरपालिकाले अघि सारेका राजनीतिक नीति तथा कार्यक्रमहरूलाई व्यवहारमा उतार्न र नागरिकले अनुभूत गर्ने गरी शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउन यो योजनाले हामीलाई स्पष्ट दिशा दिएको छ। हाम्रो मुख्य चुनौती भनेको योजना निर्माण गर्नु मात्र नभई यसको वस्तुगत र प्रभावकारी कार्यान्वयन गर्नु हो। उपलब्ध सीमित स्रोत र साधनको मितव्ययी ढङ्गले परिचालन गर्दै अधिकतम नतिजा हासिल गर्नु हाम्रो प्राथमिक दायित्व हुनेछ। प्रशासनको नजरमा यो पञ्चवर्षीय योजना केवल तथ्याङ्कहरूको सङ्ग्रह मात्र होइन, बरु यो बागचौरका हजारौँ बालबालिकाहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्ने एक साझा प्रतिबद्धता पत्र हो। हामीले यस योजनामार्फत "नतिजामा आधारित कार्यसम्पादन प्रणाली" (Performance-based System) लाई अङ्गीकार गर्नेछौँ। हरेक शैक्षिक कार्यक्रमको प्रभावकारितालाई 'सूचक' (Indicators) का आधारमा मापन गरिनेछ र त्यसैका आधारमा आगामी बजेट तथा कार्यक्रमहरूलाई थप परिष्कृत गर्दै लगिनेछ।

प्रशासनिक सुशासन र पारदर्शिता हाम्रो मूल मन्त्र हो। विद्यालयहरूमा विनियोजन गरिने बजेटको पूर्ण सदुपयोग होस् भन्नका लागि हामीले "डिजिटल अनुगमन प्रणाली" र "विद्यालय वित्तीय सुशासन" लाई थप सुदृढ बनाउनेछौँ। विद्यालयको भौतिक पूर्वाधार विकाससँगै शिक्षण सिकाइको गुणस्तरमा सुधार ल्याउन शिक्षकहरूको वृत्तिविकास र क्षमता अभिवृद्धिमा नगरपालिकाको प्रशासनले कुनै कसर बाँकी राख्ने छैन। शिक्षकहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन गर्ने र विद्यालय प्रशासनलाई थप जवाफदेही बनाउने संयन्त्रको विकास यसै योजनाको जगमा गरिनेछ। शिक्षालाई आधुनिक प्रविधिसँग जोड्दै 'डिजिटल साक्षरता' र 'प्रविधिमैत्री कक्षाकोठा' को अवधारणालाई यस योजनाले विशेष प्राथमिकता दिएको छ। बागचौरका विद्यालयहरूबाट उत्पादित जनशक्ति केवल बेरोजगार प्रमाणपत्रधारी मात्र नभई प्रतिस्पर्धी, दक्ष र जीवनोपयोगी सिपयुक्त बनून्। यसका लागि नगरपालिकाले प्राविधिक शिक्षा र व्यावसायिक तालिममा समेत विशेष लगानी र समन्वय गर्नेछ। यो बृहत् योजना निर्माणमा अहोरात्र खटिने नगर शिक्षा योजना निर्माण कार्यदल, जनप्रतिनिधिज्यूहरू, शिक्षाविद्हरू, र आम सरोकारावालहरुमा म विशेष आभार प्रकट गर्दछु। तपाईंहरूको विज्ञता र सहयोगले नै यो दस्तावेजले पूर्णता पाएको छ।

अन्तमा, यो योजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाका कर्मचारी साथीहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति,साझेदारह संस्थाहरु, अभिभावक र सम्पूर्ण सरोकारवालाहरूमा उच्च व्यावसायिक नैतिकता र निष्ठाका साथ आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन हार्दिक अपिल गर्दछु। हामी सबैको सामूहिक प्रयासबाट नै आगामी पाँच वर्षभित्र बागचौर नगरपालिकालाई कर्णाली प्रदेश मात्र नभई देशकै एक 'नमुना शैक्षिक हब' बनाउन सकिनेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

धन्यवाद ! मिति: २०८२ चैत्र १५ गते

हरि बहादुर कठायत
नि. प्रमुख प्रशासकिय प्रमुख
बागचौर नगरपालिका, सल्यान

088-412035 ito.bagchaurmun@gmail.com bagchaurmun.gov.np

CS Scanned with CamScanner

"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"
बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

शुभकामना मन्तव्य

शिक्षा समाज विकासको मुख्य आधार हो। समाजको सर्वाङ्गीण विकास र रूपान्तरणका लागि शिक्षालाई विकासका पूर्वाधारको पनि 'राजमार्ग' मानिन्छ भने अन्य भौतिक पूर्वाधारहरूलाई त्यस राजमार्गमा गुड्ने साधनका रूपमा लिइन्छ। जसरी एउटा मजबुत राजमार्ग बिना सवारी साधनहरू गन्तव्यमा पुग्न कठिन हुन्छ, त्यसरी नै गुणस्तरीय शिक्षा बिना कुनै पनि राष्ट्र वा समाजले समृद्धिको लक्ष्य प्राप्त गर्न सक्दैन। नेपालको शैक्षिक क्षेत्रको विकासका लागि विगतदेखि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिबद्धताहरू जनाईंदै आएका छन्। विभिन्न शिक्षा आयोगहरूको गठन, पञ्चवर्षीय योजनाहरूमा शिक्षालाई प्राथमिकता, 'सबैका लागि शिक्षा', 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' (SSRP), र 'विद्यालय क्षेत्र विकास कार्यक्रम' (SSDP) जस्ता महत्वपूर्ण परियोजनाहरू यसैका उपज हुन्। संघीयता लागू हुनु पूर्व केन्द्रीकृत शासन प्रणालीमा पनि गाउँ शिक्षा योजना, नगर शिक्षा योजना र जिल्ला शिक्षा योजनाहरू निर्माण नभएका होइनन्। ती अभ्यासहरूले कतिपय स्थानीय निकायहरूमा सकारात्मक प्रभाव पनि पारेका थिए। नेपालको संविधान जारी भए लगतै देश संघीय संरचनामा प्रवेश गरेसँगै शिक्षा क्षेत्रको अधिकार तीनै तहका सरकारमा विभाजन गरिएको छ। संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा महत्वपूर्ण अधिकारहरू प्रदान गरेको छ। यसै संवैधानिक र कानुनी अधिकारको प्रयोग गर्दै बागचौर नगरपालिकाले आफ्नो शैक्षिक क्षेत्रको समग्र सुधारका लागि **"पञ्चवर्षीय नगर शिक्षा योजना (२०८२–२०८६)"** लागू गर्ने तयारी गरेको छ।

यो योजनाले प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत, माध्यमिक, निरन्तर, खुला र जीवनपर्यन्त शिक्षासम्मलाई समेटेको छ। साथै, प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी वृद्धि, विद्यालयको भौतिक तथा व्यवस्थापकीय सुधार, र शिक्षक दरबन्दी मिलान जस्ता क्षेत्रमा उल्लेखनीय विकास गर्ने लक्ष्य यसले राखेको छ। हामी विश्वास गर्दछौं कि यो शैक्षिक योजना बागचौरको सार्वजनिक शिक्षाको गुणस्तर सुधार्न एउटा सशक्त 'हतियार' सावित हुनेछ। वर्तमान विश्वमा दिनप्रतिदिन भइरहेको 'ज्ञानको विस्फोट' (Knowledge Explosion) का कारण हाम्रा सामु नयाँ नयाँ चुनौतीहरू थपिएका छन्। कुनै एक समयमा निर्माण गरिएको परम्परागत योजनाले मात्र दैनिक रूपमा विकसित भइरहेका नयाँ सिद्धान्त, विधि र पद्धतिलाई अवलम्बन गर्न कठिन हुन्छ। आजको प्रमुख चुनौती भनेको 'कागज र सिसाकलम' (Paper and Pencil Test) मा आधारित परम्परागत मूल्याङ्कन प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र व्यावहारिक बनाउनु हो। प्रविधिमैत्री शिक्षाको विकास, लगानीमैत्री वातावरण सिर्जना, दक्ष जनशक्तिको व्यवस्थापन र विद्यालयमा अभिभावकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हाम्रा लागि कठिन तर अनिवार्य कार्यहरू हुन्।

अन्तमा, यस पञ्चवर्षीय नगर शिक्षा योजना निर्माणको नगरशिक्षा योजना निर्माण कार्यदल विशेष धन्यवाद दिन चाहान्छौं। साथै नगरशिक्षा योजना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग र अतुलनीय योगदान पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, शिक्षाविद्, शिक्षक, कर्मचारी र सरोकारवालाहरूमा हामी हृदयदेखि हार्दिक आभार व्यक्त गर्दछौं। विशेष गरी, आफ्नो व्यस्त समयका बाबजुद पनि यस योजनाको तर्जुमा प्रक्रियामा महत्वपूर्ण सल्लाह, सुझाव तथा प्राविधिक सहयोग उपलब्ध गराई यसलाई पूर्णता दिन सहयोग गर्नुहुने प्राविधिक सहायता गर्ने साझेदार संस्था रुम टु रिड (Room to Read) र दलित विकास समाज (DDS Salyan) लाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौं। यहाँहरूको निरन्तरको साथ र सहयोगले नै बागचौर नगरपालिकाको शैक्षिक सपना साकार पार्न थप ऊर्जा मिलेको छ। आगामी दिनहरूमा पनि यो योजनाको सफल कार्यान्वयनमा यहाँहरूको रचनात्मक सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद! २०८२ चैत्र १५ गते

नरेन्द्र प्रसाद भट्ट
शिक्षा शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद शाखा
बागचौर नगरपालिका, सल्यान

088-412035 ito.bagchaurmun@gmail.com bagchaurmun.gov.np

Scanned with CamScanner

# कार्यकारी सारांश

कर्णाली प्रदेश सल्यान जिल्लामा पर्ने बागचौर नगरपालिकाको शैक्षिक क्षेत्रको उन्नति र विकासको लागि तयार पारिएको पञ्चवर्षीय आवधिक शिक्षा योजनामा मुलुकमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधानमा उल्लेखित अनिवार्य र नि:शुल्क शिक्षाको मर्मलाई समेटने प्रयास गरिएको छ । योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सौह्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानूनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, केन्द्रीय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार मानिएको छ । बागचौर नगरपालिकाले "प्रविधिमैत्री, जीवनपयोगी र गुणस्तरीय शिक्षामा सबैको ऐक्यबद्धता" भन्ने आदर्श वाक्यलाई आधार मानी दिगो विकास र सुशासन प्रवर्द्धन गर्ने दीर्घकालीन सोच लिएको छ। यसअन्तर्गत स्वावलम्बी, सीपमूलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी तथा मूल्य उन्मुख नागरिकको विकासलाई प्राथमिकता दिइएको छ । यसै सन्दर्भमा, २०८६ सालसम्म पालिकाभित्रका सबै विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्दै, सुरक्षित, गुणस्तरीय, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षामार्फत दक्ष जनशक्ति विकास गर्ने लक्ष्यसहित यो योजना तयार गरिएको हो ।

यो योजनाले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा, प्राविधिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्मका क्षेत्रलाई समेटेको छ। यसमा पाठ्यक्रम, शिक्षक व्यवस्थापन, सूचना प्रविधि, समावेशी शिक्षा, र स्रोत व्यवस्थापन जस्ता प्रमुख सवालहरूमा आगामी पाँच वर्षका लागि स्पष्ट उद्देश्य, रणनीति तथा विस्तृत कार्यक्रमहरू तय गरिएको छ । 'सबैका लागि शिक्षा' (२००१–२०१५) को लक्ष्य प्राप्तिका लागि आर्थिक वर्ष २०६६/०६७ देखि 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' (२०६६–०७२) कार्यान्वयनमा ल्याइएको थियो । उक्त कार्यक्रमको निरन्तरता र प्रभावकारितासँगै हाल 'विद्यालय शिक्षा क्षेत्र योजना' (SESP) कार्यान्वयन भइरहेको छ । मुलुकको संघीय संरचना अनुसार तीनै तहका सरकारहरू गठन भएसँगै राष्ट्रिय लक्ष्य अनुरूप प्रदेश र स्थानीय तहले आफ्ना शैक्षिक योजना निर्माण र कार्यान्वयनलाई तीव्रता दिएका छन् । यसै क्रममा नेपाल सरकारले विद्यालय शिक्षाका कार्यक्रमहरू 'विद्यालय क्षेत्र विकास योजना' मार्फत सर्सत अनुदानका रूपमा स्थानीय तहमा हस्तान्तरण गर्दै आएको छ ।

बागचौर नगरपालिकाबाट शिक्षक कर्मचारीको तलब-भत्ता, नगर स्वंमसेवक शिक्षक,निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र दिवा खाजा जस्ता शीर्षकमा नियमित अनुदान प्रवाह भइरहेको छ । साथै, प्रदेश र स्थानीय तहले वित्तीय समानीकरण अनुदानमार्फत थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यसै सन्दर्भमा, बागचौर नगरपालिकाले आधारभूत तहको परीक्षा सञ्चालन, शिक्षामा समतामूलक पहुँच सुनिश्चितता र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न रचनात्मक कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूले आफ्नो रूपान्तरणका लागि विगतदेखि नै पाँच वर्षे विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिएका छन् । सामुदायिक सिकाइ केन्द्र र विद्यालयहरूको नेतृत्वदायी भूमिकाकै कारण नगरको साक्षरता दरमा उल्लेख्य वृद्धि भई जिल्लालाई 'साक्षर जिल्ला' घोषणा गर्न महत्वपूर्ण योगदान पुगेको छ । परिणामस्वरुप, विद्यालय शिक्षामा समतामूलक पहुँच, विद्यार्थी टिकाउदर, भौतिक पूर्वाधार, सूचना प्रविधिको विस्तार, समावेशी शिक्षा र बालमैत्री विद्यालय वातावरण जस्ता पक्षमा उल्लेखनीय प्रगति हासिल भएको छ ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजना अवधिभर नगरपालिकालाई पूर्ण साक्षर तुल्याइ अनौपचारिक वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चित गर्ने र प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरणमा

सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् ।

बद्लिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षमा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागू गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सवलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ ।

विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । त्यसैगरी योजनामा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवं मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यसँग सम्बन्धित कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

बागचौर नगरपालिकाको आवधिक पञ्चवर्षीय शिक्षा योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि यस नगरपालिकाका सामाजिक विकास समीती संयोजक श्री शुशील चन्दको संयोजकत्वमा १५ सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरी जिम्मेवारी विभाजन गरिएको थियो र योजना निर्माणका क्रममा रूम टु रिड तथा दलित विकास समाजको प्राविधिक सहयोगले महत्वपुर्ण भूमिका निर्वाह गर्नुभएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो । योजना निर्माणका लागि सरोकारवालाहरूसँग व्यापक छलफल र अन्तरक्रिया गरिएको थियो । योजनालाई प्रधानाध्यापक बैठक, नगर शिक्षा समितिमा छलफल तथा स्वीकृतिको लागि प्रक्रिया पूरा गरी अन्तमा नगरसभाबाट २०८२ साल चैत्र १५ गते स्वीकृत गरिएको थियो ।

यस योजनाको कार्यान्वयनपश्चात् सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने अपेक्षा गरिएको छ । साथै, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच पुग्नुका साथै शिक्षाको सान्दर्भिकता र गुणस्तरमा समेत ठोस सुधार आउने विश्वास लिइएको छ । नगरपालिकाका सम्पूर्ण नागरिकले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त गर्ने यस योजनाको मुख्य परिकल्पना रहेको छ । यसैगरी, अपाङ्गता भएका बालबालिकालाई विशेष र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर प्रदान गरिनेछ भने विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी र नतिजामूलक बनाइने लक्ष्य राखिएको छ ।

बागचौर नगर शिक्षा योजना मस्यौदा तथा लेखन समितिका सदस्यहरुको नामावली

| | | |
|---|---|---|
| १. | शुसिलजङ् चन्द | संयोजक |
| २. | हरि बहादुर कठायत | सदस्य |
| ३. | चुडामणि के. सी | सदस्य |
| ४. | दामोदर दहाल | सदस्य |
| ५. | रेशम बहादुर वली | सदस्य |
| ६. | लक्ष्मीनारायण के. सी | सदस्य |
| ७. | तिलकराज वली | सदस्य |
| ८. | हिरालाल न्यौपाने | सदस्य |
| ९. | डा.पूर्ण बहादुर भण्डारी | सदस्य |
| १०. | तपेन्द्र ओली | सदस्य |
| ११. | उमेश खरेल | सदस्य |
| १२. | नन्दा कुमारी बुढाथोकी | सदस्य |
| १३. | नेव बहादुर वली | सदस्य |
| १४. | झक्कु प्रसाद डि.सी | सदस्य |
| १५. | नरेन्द्र प्रसाद भट्ट | सदस्य सचिव |

# विषयसूची


परिच्छेद १: परिचय ..... 1

१.१ पृष्ठभूमि ..... 1

१.१.१ अवधारणा ..... 2

१.१.२ सन्दर्भ ..... 4

१.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण ..... 5

१.१.४ योजना निर्माण प्रक्रिया ..... 7

परिच्छेद २: लक्ष्य निर्धारण ..... 9

२.१ सन्दर्भ र औचित्य ..... 9

२.२ दीर्घकालीन राष्ट्रिय सोच ..... 9

२.३ दुरदृष्टि ..... 9

२.४ गन्तव्य ..... 10

२.५ लक्ष्य ..... 10

२.६ उद्देश्यहरू ..... 10

२.७ रणनीतिहरू ..... 10

२.८ प्रमुख उपलब्धि सूचकहरू ..... 18

परिच्छेद ३: शिक्षा क्षेत्र योजनाका मूख्य उपक्षेत्रहरु ..... 21

३.१ प्रारम्भिक बालविकास र शिक्षा ..... 21

३.१.१ वर्तमान अवस्था ..... 21

३.१.२ उद्देश्य ..... 22

३.१.४ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा ..... 24

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य ..... 25

३.२ आधारभूत शिक्षा ..... 27

३.२.१ वर्तमान अवस्था ..... 27

३.२.२ उद्देश्य ..... 28

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 32

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 33

३.३ माध्यमिक शिक्षा ..... 36

३.३.१ वर्तमान अवस्था ..... 36

३.३.२ उद्देश्य ..... 37

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 41

३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य ..... 42

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक सिप तालिम ..... 45

३.४.१ वर्तमान अवस्था ..... 46

३.४.२ उद्देश्य ..... 46

३.४.३ रणनीतिहरू ..... 46

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 47

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य ..... 48

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... 49

३.५.१ वर्तमान अवस्था ..... 49

३.५.२ उद्देश्यहरू ..... 50

३.५.३ रणनीतिहरू ..... 50

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....51
३.५.६ प्रमुख उपलब्धि तथा नतिजा ....52

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ....**54**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ....54
४.१.१ वर्तमान अवस्था ....54
४.१.२ उद्देश्यहरू ....57
४.१.३ रणनीतिहरू ....57
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....58
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य: ....59
४.२ शिक्षक व्यवस्थापन र विकास ....60
४.२.१ वर्तमान अवस्था ....61
४.२.२ उद्देश्यहरू ....62
४.२.३ रणनीतिहरू ....62
४.२.४ प्रमुख उपलब्धिहरू तथा अपेक्षित नतिजाहरू ....63
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक ....64
४.३ शिक्षामा समता तथा समावेशीकरण ....67
४.३.१ वर्तमान अवस्था ....68
४.३.२ उद्देश्य ....68
४.३.३ रणनीतिहरू ....68
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ....69
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य ....70
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ....71
४.४.१ वर्तमान अवस्था ....71
४.४.२ उद्देश्य ....72
४.४.३ रणनीतिहरू ....72
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ....73
४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य ....75
४.५. विद्यालयमा सुरक्षा विपद न्यूनीकरण र उत्थानशिलता ....77
४.५.१ वर्तमान अवस्था ....78
४.५.२ उद्देश्य ....79
४.५.३ रणनीति ....79
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....80
४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक ....80
विद्यालय भौतिक पूर्वाधार विकास ....83
४.६.१ परिचय ....83
४.६.२ वर्तमान अवस्था ....83
४.६.२ उद्देश्यहरू ....84
४.६.३ रणनीतिहरू ....84
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ....85
४.६.५ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक ....86
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि ....87
४.७.१ वर्तमान अवस्था ....87
४.७.२ उद्देश्यहरू ....87
४.७.३ रणनीतिहरू ....87
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ....88
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक ....88

परिच्छेद ५: शुसासन तथा व्यवस्थापन................................................ **91**

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास................................................91

५.१.१ वर्तमान अवस्था................................................91

५.१.२ उद्देश्य ................................................92

५.१.३ रणनीतिहरू................................................93

५.१.४ प्रमुख उपलब्धि तथा नतिजा................................................93

५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक ................................................94

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन................................................ **96**

६.१ वर्तमान अवस्था ................................................96

६.२ उद्देश्य................................................99

६.३ रणनीतिहरू................................................99

६.४ प्रमुख उपलब्धि तथा नतिजा................................................99

६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक ................................................100

६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक ................................................100

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन................................................ **101**

७.१ वर्तमान अवस्था ................................................101

७.२ लक्ष्य................................................102

७.३ उद्देश्य ................................................102

७.४ रणनीतिहरू................................................102

७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ................................................103

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ। उक्त धारा अनुसार प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको हक सुनिश्चित गरिएको छ। राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गरिने व्यवस्था गरिएको छ। साथै,अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने,नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने तथा त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने अधिकारको प्रत्याभूति गरिएको छ। दिगो विकास लक्ष्य (SDG) नं. ४ ले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै आजीवन सिकाइ प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार प्रदान गरिएको छ। यस अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ, सामुदायिक सिकाइ तथा विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने अधिकार समावेश छन्।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले शिक्षा क्षेत्रका विविध व्यवस्थाहरू सुनिश्चित गरेका छन्। संघीय सरकारले राष्ट्रिय शिक्षा नीति,२०७६ जारी गरेको छ। यी सम्पूर्ण नीति, ऐन, योजना तथा घोषणाहरूको मर्म अनुरूप स्थानीय तहको शिक्षा प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउँदै आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत न्यायपूर्ण समाज निर्माण गर्न, गुणस्तरीय, समावेशी तथा समतामूलक शिक्षा सबै नागरिकलाई उपलब्ध गराउने उद्देश्यसहित "सुखी नेपाली, समृद्ध नेपाल" को राष्ट्रिय आकांक्षालाई साकार पार्न बागचौर नगरपालिकाले शिक्षा योजना २०८२–२०८६ तयार गरेको हो। यस योजना निर्माणका क्रममा नगरपालिका भित्रका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरी विभिन्न चरणमा कार्यशाला तथा गोष्ठीहरू सञ्चालन गरिएको थियो। शिक्षा क्षेत्रमा सरोकार राख्ने र सञ्चालन गर्न पाउने अधिकारको प्रत्याभूति गरिएको छ। दिगो विकास लक्ष्य (SDG) नं. ४ ले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै आजीवन सिकाइ प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार प्रदान गरिएको छ। यस अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ, सामुदायिक सिकाइ तथा विशेष

शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने अधिकार समावेश छन् ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले शिक्षा क्षेत्रका विविध व्यवस्थाहरू सुनिश्चित गरेका छन् । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति,२०७६ जारी गरेको छ । यी सम्पूर्ण नीति, ऐन, योजना तथा घोषणाहरूको मर्म अनुरूप स्थानीय तहको शिक्षा प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउँदै आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत न्यायपूर्ण समाज निर्माण गर्न, गुणस्तरीय, समावेशी तथा समतामूलक शिक्षा सबै नागरिकलाई उपलब्ध गराउने उद्देश्यसहित "सुखी नेपाली, समृद्ध नेपाल" को राष्ट्रिय आकांक्षालाई साकार पार्न बागचौर नगरपालिकाले शिक्षा योजना २०८२–२०८६ तयार गरेको हो । यस योजना निर्माणका क्रममा नगरपालिका भित्रका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरी विभिन्न चरणमा कार्यशाला तथा गोष्ठीहरू सञ्चालन गरिएको थियो । शिक्षा क्षेत्रमा सरोकार राख्ने सबै स्थानीय निकाय, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनाले प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । यसै सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा स्वीकृत १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) कार्यान्वयनमा ल्याइएको छ, जसका आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजनाहरू निर्माण भएका छन् । यसै परिवेशमा, स्थानीय तहको शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा शिक्षा क्षेत्रसँग सम्बन्धित सबै निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

यस योजनामा भएका व्यवस्थाहरू गरिएका सबै कुराहरु कार्यान्वयन राख्ने आम सबै सरोकारवालहरु दायित्व तथा भूमिका हुनेछ । साथै यस योजनामा भएका सबै व्यवस्थाकहरुको कार्यान्वयन पक्षमा सबै सरोकारवाला तथा निकायको अतुलनिय भूमिका रहनेछ । गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै सीपयुक्त जनशक्ति उत्पादन र नगरपालिकालाई समृद्ध बनाउने दिशामा यस योजनाले महत्वपूर्ण भूमिका रहने विश्वास लिइएको छ ।

### १.१.१ अवधारणा

नेपालको संविधान २०७२ को धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । उपधारा (१) र (२) अनुसार शिक्षामा सबैको पहुँच विस्तार गर्दै शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाउने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३), (४) र (५) ले अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा लिन पाउने तथा त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ ।

विद्यालय शिक्षामा सबैका लागि समतामूलक पहुँच सुनिश्चित गर्न तथा गुणस्तर अभिवृद्धिका उद्देश्यले नेपाल सरकारले विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । उक्त योजनाबाट हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै विद्यालय शिक्षामा भएका सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन र नवीन

शैक्षिक कार्यक्रमहरू अघि सार्ने उद्देश्यले २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरिएको थियो । यस योजनाको पहिलो पाँच वर्ष (२०७३ साउनदेखि २०७८ असार / सन् २०१६–२०२१) का लागि स्रोतसहितको विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो ।

दिगो विकास लक्ष्यहरू हासिल गर्दै वि.सं. २०८७ (सन् २०३०) सम्म नेपाललाई मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि यस योजनालाई महत्वपूर्ण साधनका रूपमा लिइएको छ । विगतका उपलब्धिहरू, सिकाइएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन भएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शकका रूपमा रहेका छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको संविधानमा उल्लेखित शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, आर्थिक–सामाजिक रूपान्तरणका एजेन्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्र बन्ने राष्ट्रिय सङ्कल्पलाई नयाँ शिक्षा नीति तर्जुमाका मूल आधारका रूपमा ग्रहण गरेको छ । शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी तथा गुणस्तरीय बनाउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न संघीय संरचनाअनुरूप सरकारका तीनै तहमा शिक्षा प्रशासन प्रभावकारी र नतिजामूलक रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । यसै उद्देश्यले शिक्षा क्षेत्रमा छरिएर रहेका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गर्दै एकीकृत राष्ट्रिय शिक्षा नीतिको आवश्यकता पूरा गर्न यो नीति तर्जुमा गरिएको हो ।

निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन २०७५ ले शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार तथा संविधानद्वारा प्रदत्त मौलिक हक भएको स्पष्ट गर्दै शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणको आधारका रूपमा अघि सारेको छ । यस ऐनले शिक्षामा सबैको सहज, समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउने उद्देश्यसहित अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । यस सम्बन्धी निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ पनि जारी गरिएको छ ।

दिगो विकासको लक्ष्य ४ अन्तर्गत निम्न कुराहरु उल्लेख गरिएको छ :

- सन् २०३० सम्ममा सबै छात्र छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,
- सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

- क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,
- रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र
- शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने ।

यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्र संग सहकार्य गर्दे स्थानिय तहको जनशक्ती र आवश्यकतालाई समेटि कार्यान्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

## १.१.२ सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरणसँगै नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षा क्षेत्रको सञ्चालनका लागि स्पष्ट रूपमा अधिकार प्रत्यायोजन गरेको छ । सोही ऐनअनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भएकाले शैक्षिक योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु अत्यन्त महत्वपूर्ण मानिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षा सम्बन्धी जम्मा २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

विश्वव्यापी मानव विकास सूचकाङ्क प्रतिवेदन सन् २०२३/२४ अनुसार नेपाल मानव विकास सूचकाङ्कमा १४९औँ स्थानबाट उक्लँदै १८९ देशमध्ये १४६औँ स्थानमा पुगेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले नेपालको मानव विकास सूचकाङ्कको अवस्था 'मध्यम' रहेको जनाएको छ । दक्षिण एसियाली मुलुकहरूमा नेपाल छैठौँ स्थानमा रहेको छ । यस क्षेत्रमा पहिलो स्थानमा श्रीलंका, दोस्रोमा माल्दिभ्स, तेस्रोमा भुटान, चौथोमा भारत र पाँचौँमा बंगलादेश रहेका छन् भने पाकिस्तान र अफगानिस्तान नेपालभन्दा पछाडि रहेका छन् ।

नेपाल विविधतायुक्त देश हो । यहाँ सयभन्दा बढी जातजाति, भाषाभाषी, धर्म, संस्कृति तथा परम्पराहरू विद्यमान छन् । भौगोलिक विविधताका कारण सामाजिक र सांस्कृतिक विविधता अझ समृद्ध बनेको छ, जसमा अनेकौँ सौन्दर्यताहरू निहित छन् । 'विविधतामा एकता' नेपाली समाजको विशिष्ट पहिचान हो । विविधताको सौन्दर्यलाई राष्ट्रिय भावना र साझा पहिचानमा रूपान्तरण गर्न सके मात्र यसले सकारात्मक परिणाम दिन सक्छ । त्यसका लागि विविधताको प्रभावकारी र समावेशी व्यवस्थापन आजको समयको प्रमुख आवश्यकता हो । विविधता नेपालको मौलिक पहिचान भएकाले यसको उचित व्यवस्थापन नेपालको समग्र विकासका लागि अत्यन्त उपयोगी र आवश्यक रहेको छ ।

## बागचौर नगरपालिकाको संक्षिप्त परिचय

सल्यान जिल्लाको पूर्वि भागमा रहेको यस नगरपालिकामा साविकका ६ गा.वि.स.हरू समावेश भै गठन भएको हो । यसको क्षेत्रफल १६३.१४ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकाका पूर्वमा रोल्पा जिल्लासँग जोडिएको छ भने

उत्तरमा पश्चिम रुकुम, दक्षिणमा छत्रेश्वरि गाउँपालिका र पश्चिममा शिद्धकुमाख गाउँपालिका रहेको छ पश्चिम नेपालको मध्य पहाडी भुभागमा अवस्थित कर्णाली प्रदेश अन्तर्गत साविक राप्ती अञ्चलको सल्यान जिल्लामा पर्ने बागचौर नगरपालिकाको उत्तरतर्फ पश्चिम रुकुम तथा दार्मा गाउँपालिका र कुमाख गाउपालिका, दक्षिणतर्फ छत्रेश्वरी गाउँपालिका, पश्चिमतर्फ सिद्धकुमाख गाउँपालिका तथा शारदा नगरपालिका र पूर्वतर्फ रोल्पा जिल्ला रहेका छन् । विश्व मानचित्रमा यसको अवस्थिति २८° २६' उत्तरी आक्षांशदेखि २८° ३१' उत्तरी आक्षांश र ८२° १४' पूर्वी देशान्तरदेखि ८२° २३' पूर्वी देशान्तर सम्म छ । लौराबाङ्ग शिर भएर बग्ने शारदा नदी यस नगरको प्रमुख नदी हो भने मोखला बाजेको गुफा यहाँको प्रमुख धार्मिक पर्यटकीय स्थल हो । राप्ती अञ्चलको प्रमुख नदी राप्तीको मुहानको रुपमा सुपरिचित बाँफुखोलाको पानीढल पनि यसै नगरमा अवस्थित छ ।

बागचौर नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १ सम्म सञ्चालित: ११ वटा ,कक्षा १ देखि ३ सम्म: ८ वटा,कक्षा १ देखि ५ सम्म: २३ वटा,कक्षा १ देखि ८ सम्म: १३ वटा,कक्षा १ देखि १० सम्म: ७ वटा,कक्षा १ देखि १२ सम्म: ६ वटा गरी जम्मा ६८ वटा र संस्थागत तर्फ कक्षा १–३ सञ्चालन भएका १ वटा, कक्षा १–५ सञ्चालन भएका २ वटा र कक्षा १–८ सञ्चालन भएका ३ वटा गरी जम्मा ६ वटा विद्यालय सञ्चालनमा रहेका छन् । बाल विकास शिक्षाको व्यवस्थापनका लागि सामुदायिक तर्फ संघीय सरकार बाट ५८ र स्थानीय सरकार बाट १४ गरी जना बालविकास सहजकर्ताको व्यवस्था गरिएको छ । यस नगरपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ भने सामुदायिक पुस्तकालयहरु स्थापना गरी आजीवन सिकाइ प्रवर्द्धन गर्न सकिएको छैन ।

साविकका गा.वि.स.हरू थारमारे, कोटमौला, कोटबारा, पिपलनेटा, बाफुखोला र शिवरथलाई मिलाएर स्थापना गरिएको यस नगरपालिकामा संघीय संरचना अनुसार कुल १२ वडा रहेका छन् । यस नगरपालिकाको कुल १६३.१४ वर्ग कि.मि. क्षेत्रफल मध्ये ५१.८८% क्षेत्र वन, ०.५८% घाँसे मैदान ३७.२७% कृषियोग्य जमीन र ९.२३% अन्यले ढाकिएको छ । यहाँको जङ्गलमा अमला, काउलो, टिमुर, तेजपात, खोटोजस्ता वनपैदावार पाइन्छन्। यहाँ पाखनभेद, काउलो, अमला जस्ता औषधीजन्य जडीवुटीहरू समेत उत्पादन हुन्छ । यस नगरपालिकामा सारदा, लाटिगार, चोर, सिम, घुस, पोखरी, थाराचौर जस्ता खोलानाला रहेका छन्। यहाँको उच्च पहाडी क्षेत्रमा पर्यटन व्यवसाय, पशुपालन तथा जडीवुटीजन्य उद्योग र तल्लो भेगमा कृषि, वन पैदावारको प्रचुर सम्भावना रहेको छ ।

### १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

शिक्षा राष्ट्र निर्माणको मुख्य आधार स्तम्भ हो, जसको प्रभाव आगामी आधा शताब्दीसम्म रहन्छ । तीव्र विकासको आकाङ्क्षा राख्ने वर्तमान समाजमा प्रविधिमैत्री र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न शिक्षा प्रणालीलाई विश्वसनीय बनाउनुको विकल्प छैन । विगतका सफल अभ्यास र तथ्यपरक पद्धतिहरूलाई आत्मसात् गर्दै अघि नबढे विश्व बजारमा खरो उत्रने सक्ने जनशक्ति तयार गर्न असम्भव छ । यसै सन्दर्भमा, नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न उमेरका आधारमा तहगत विभाजन गरिएको छ: जसमा प्रारम्भिक बालविकास (३–४ वर्ष), आधारभूत तह (५–१२ वर्ष) र माध्यमिक तह (१३–१६ वर्ष) निर्धारण गरिएको छ।

## विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

- विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु ।
- आधुनिक प्रविधिको विस्तार तथा शिक्षकको क्षमता विकास गर्न नसक्नु ।
- विद्यार्थी सङ्ख्या र विषयका आधारमा शिक्षक व्यवस्थापन नहुनु ।
- आधारभूत तहमा कक्षा छाड्ने र दोहऱ्याउने दर बढी हुनु ।
- प्रर्याप्त, सुरक्षित र प्रयोगमैत्री भौतिक पुर्वाधारको विकास गर्न नसक्नु ।
- अभिभावकलाई जिम्मेवार बनाउन नसक्नु ।
- कक्षा १-३ का बालबालिकाहरुको पठन र गणितीय सीप कमी हुनु ।
- स्थानीय पाठ्यक्रम समयानुकूल परिमार्जन तथा स्थानीय पाठ्यसामग्रीको विकास गर्न नसक्नु
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु ।
- शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।
- बालमैत्री विद्यालयका सबै ठाउँमा भौतिक पूर्वाधारको विकास हुन हुन नसक्नु ।
- सरोकारवाला निकायद्वारा प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण नुहुनु ।
- शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता

## विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू

बागचौर नगरपालिकाले अघि सारेका लक्ष्य तथा उद्देश्यहरू लाई हासिल गर्नका लागि देहायका अवसरहरू रहेका छन् ।

- आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
- स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको  क्रियाशीलता
- गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
- विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
- सकरात्मक लैङ्गिक समता सूचकाङ्क

- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसर
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर
- स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
- विभिन्न विकास साझेदार निकायहरुसँग साझेदारी तथा सहकार्य
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
- कार्यसम्पादनमा आधारित करार तथा प्रोत्साहन

### १.१.४ योजना निर्माण प्रक्रिया

बागचौर नगरपालिकाले ५ वर्षे आवधिक पालिका शिक्षा योजना निर्माणको लागि पालिकाभित्रका सवै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरेको छ । नगरपालिकाले पालिका भित्र योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी लगायतका शिक्षासँग सरोकार राख्ने बर्गको प्रत्यक्ष सहभागितामा छलफल गरेको छ । शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावि कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन तहसम्म पुर्याइ प्रतिफल दिन आफैमा कठिन र चुनौतिपुर्ण छ । यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामुलक तरिकाले योजना निर्माणलाई मुख्य जोड दिइएको छ । हाम्रो शिक्षाको विकास हाम्रै लागि भन्ने सोच राखेर स्थानीय सरोकारवालाहरुको अधिकतम सहभागितामा तयार पारिएको शिक्षा योजनाको निर्माणको चरणमा तपशिल बमोजिमको प्रकृया अवलम्वन गरिएको छ ।

- योजना निर्माणको लागि पालिकाबाट बजेट विनियोजन गरिएको,
- बागचौर नगरपालिकाको ५ वर्षे नयाँ शिक्षा योजना निर्माणका लागि १५ सदस्यीय प्राविधिक सहयोग कार्यदल (अनुसूची – २) र आवश्यकता अनुसारका विभिन्न उपसमितिहरू गठन भएको,
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको,
- योजनाका विषयवस्तुमा अध्ययन र छलफल भएको,
- शिक्षाका उपक्षेत्र अनुसारका विषयगत समिति निर्माण गरी काम गरिएको,
- प्रत्येक वडाका प्रत्येक विद्यालयबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको,
- IEMIS लगायतका द्वितीय तथ्याङ्कसमेत प्रयोग गरिएको र

- Flash Report २०८१ , NASA Report 2022, EGRP Report 2020 का तथ्याङ्क समेत प्रयोग गरिएको।

कार्यान्वयनमा रहेको पञ्चवर्षीय शिक्षा क्षेत्र योजना अध्यावधिकको लागि नगरपालिकाको शिक्षा समितिको निर्णयबाट शिक्षा योजना निर्माण तथा अध्यावधिकका लागि १५ सदस्यीय कार्यदल गठन गरिएको छ।

- विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षाप्रेमी र सरोकारवालासँग छलफल,
- नेपालको संविधान, शिक्षा ऐन २०२८ तथा नियमावली२०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय  शिक्षा क्षेत्र योजना , बागचौर नगरपालिकाको शिक्षा ऐन २०७७, नगरपालिकाको गुरु योजना, प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधारपत्रहरुको समेत अध्ययन गरिएको,
- तथ्यांक संकलन, प्रक्षेपण, विश्लेशण र प्रमाणीकरण गरिएको,
- विभिन्न प्रकारका सुझाव,टिपोट र पृष्ठपोषण संकलण गरिएको,
- तयार भएको खाकालाई पुन एकपटक सरोकारवालाहरुसँग प्रस्तुत गरी थप सुझाव र पृष्ठपोषण संकलन गरिएको,
- योजनाको मस्योदा लेखन, क्रियाकलाप पहिचान तथा अन्तिम रूप दिन विज्ञको सहयोग लिइएको,
- विज्ञहरुको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी नगर शिक्षा समिति कार्यपालिका र नगरसभाबाट स्विकृत गरी लागु गरिएको,

# परिच्छेद २: लक्ष्य निर्धारण

## २.१ सन्दर्भ र औचित्य

शिक्षाको अवसर बढाउने नेपालको संविधानले परिलक्षित गरेका शिक्षासम्बद्ध अधिकारको प्राप्तिमा स्थानीय तहमा विकास गरिने योजनाले प्रभावक खेल्नुपर्छ । प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्ष सिकाइका अवसर सृजना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रबर्धन गर्ने, शिक्षामा सबैको पहुँच गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन् । प्रजातन्त्र पश्चात शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा शिक नीति योजना तथा परियोजना कार्यान्वयन हुदै आएका छन । नेपालको संविधान, २०७२ को व्यवस्था बमोजिम संघीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका राज्य व्यवस्था स्थापना भई संघ, प्रदेश र स्थानीय तहका सरकारहरू क्रियाशिल छन् । राज्यको यो बदँलिदो शासकीय स्वय विषयवस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नु पर्ने अवस्था सिर्जना भएको छ । संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ । शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवा नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता तथा सहभागिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ । शिक्षामा सहभागिता र पहुँचमा वृद्धिको साथ साथै गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना गर्नु आवश्यक छ। सूचना तथा संचार प्रविधिको प्रयोग गरी बालबालिकामा भएको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने खालको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिंदै आधुनिक, वैज्ञानिक र २१ औ शताब्दी अनुकूलको बालबालिका निर्माण र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको आधारशिला तयार गर्नमा स्थानीय सरकारको अहम् भूमिका र दायित्व रहेको छ । रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकासमार्फत सभ्य गुणस्तरीय र सुसंस्कृत समाजको निर्माण गर्नुमा शिक्षाको अहम् भूमिका रहने हुँदा शैक्षिक क्षेत्रलाई एक निश्चित दिशा प्रदान गरी अपेक्षित उपलब्धि हासिल गर्ने आवश्यकताको बोध गर दीर्घकालिन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन हुन अति आवश्यक रहेको छ । योजना निर्माणको औचित्यलाई देहा बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

“बागचौर नगरपालिकामा दिगो विकास र शुसासन कायम गर्नका लागि आवश्यक स्वावलम्बी, सीपमुलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा  योगदान गर्ने”

## २.३ दुरदृष्टि

“बागचौर नगरपालिकाको प्राथमिकता र प्रतिबद्धता । प्रविधिमैत्री ,जीवनोपयोगी र गुणस्तरीय शिक्षामा सबैको ऐक्यवद्धता ।”

## २.४ गन्तव्य

बागचौर नगरपालिकाको दिगो विकास र सुशासनको लहर ल्याउन आवश्यक स्वावलम्बी, सिपमूलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकास गरी योगदान गर्ने।

## २.५ लक्ष्य

२०८६ सम्म पालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखि शिक्षाको अवसर प्रदान गरि दक्ष जनशक्ति उत्पादन गर्ने।

## २.६ उद्देश्यहरू

- सबै बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्नु।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा प्रविधिमैत्री, जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास गरी
- नैतिकवान, सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु।
- अभिभावक शिक्षा तथा सचेतना वृद्धि र सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाउनु। बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउनु।
- आपतकालिन तथा विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउनु।
- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।
- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सिकाइका अवसरहरु सुनिश्चित गरि सिपयुक्त तथा दक्ष मानव पुंजी निर्माण गर्नु|

## २.७ रणनीतिहरू

### २.७.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने।

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

- स्थानीय पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- अभिभावक शिक्षा संचालन गरी समुदायको सहभागितामा वृद्धि गर्ने,
- बालविकास केन्द्रका सहजकर्ताको क्षमता अभिवृद्धि गर्ने,
- नमुना बालविकास केन्द्रको विकास गर्ने,
- सिकाइ आदानप्रदान क्षेत्रभ्रमण कार्यक्रम संचालन गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

**२.७.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।**

- विद्यालय नक्साङ्कन गर्ने,
- विद्यालयहरूको समायोजना गर्ने,
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धि साक्षरता कार्यक्रमबाट स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्नका लागि पेशागत विकासका तालिम संचालन गर्ने
- आधारभूत तहका शिक्षकहरुलाई विषयगत तथा आवश्यकतामा आधारित पेशागत तालिम संचालन गर्ने,
- सिकाइका लागि मूल्याङ्कन प्रणालीलाई व्यवस्थित कार्यान्वयन गर्ने,
- स्थानीय पाठ्यक्रमको निर्माण तथा विकास गरी कार्यान्वयन गर्ने,
- आधारभूत तहमा बुक कर्नरको विकास गरी पढ्ने बानीको विकास गर्ने,
- विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
- आधारभूत तहका शिक्षकहरुको पेशागत विकासका लागि नियमित अवलोकन तथा सहयोग प्रणालीको विकास गर्दै लैजाने,
- पढ्ने संस्कृति विकासका लागि विभिन्न पठन संस्कृति सम्बन्धीका पढाइ मेला र अन्य क्रियाकलापहरु संचालन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक, उत्प्रेरक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- परियोजना कार्य र अभ्यासमा आधारित क्रियाकलापहरुलाई बढाउने गर्ने,

- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- बालपुस्तकालय निर्माण तथा विकास गर्दै पढ्ने सिप र पढ्ने बालनीको विकास गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,
- विद्यालयमा स्व मूल्याकंन नतिजामा आधारित प्रोत्साहन गर्ने,
- शिक्षकको पेसागत विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

**२.७.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागितामा वृद्धि गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।**

- विद्यालयहरूको नक्शाङ्कन र समायोजन गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- पालिका स्तरमा पेशागत सहयोग नियमित अनुगमन तथा सहयोग प्रणालीको विकास गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- माध्यमिक तहमा विषयगत रोष्टर शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक बैङ्क स्थापना लागि शिक्षक सेवा आयोग, लोक सेवा आयोग र अध्यापन अनुमति पत्र तयारी कक्षा संचालन,
- शिक्षक पेसागत विकास तथा सहयोगका लागि आवाश्यकतामा आधारित तालिम संचालन गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- विज्ञान शैक्षिक सामग्री प्रदर्शनी तथा पढाइ मेला सञ्चालन गर्ने,
- सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने र
- प्रअलाई सतप्रतिशत भत्ता तोकेको
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

**२.७.४ उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने ।**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यताअनुसार उच्च शिक्षाको व्यवस्था गर्न योजना तयार गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिकरूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न,
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- कक्षा ११ र कक्षा १२ का विद्यार्थीहरुलाई सरकारी सेवाको तयारीका लागि स्थानीय तहबाट लोकसेवा ,शिक्षक सेवा ,प्रहरी ,नेपाली सेना र वैकिङ्ग क्षेत्रका तयारी कक्षाहरु संचालन गरिने,
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने र
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान, दलित, अपाङ्ग, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

**२.७.५ प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्ने संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर सृजना गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसिक शिक्षाको प्रवर्द्धनका लागि व्यावसयिक सिप तथा रोजगार मेला आयोजना गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- दुर्गम क्षेत्रका नागरिकहरूका लागि उनीहरूकै बस्तीमा पुगेर छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन गर्ने
- आयआर्जन गर्ने खालका क्रियाकलापहरूको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,

- स्थानीय उद्योग, कलकारखाना र निर्माण कम्पनीहरूसँग सहकार्य गरी प्रशिक्षार्थीहरूलाई 'अन द जब ट्रेनिङ' (OJT) को अवसर मिलाउने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोत (कृषि, पर्यटन, जडिबुटी) र बजारको मागको आधारमा कुन प्रकारको जनशक्ति आवश्यक छ भनी 'सीप लेखाजोखा' (Skill Mapping) गर्ने,
- केवल जागिरका लागि मात्र नभई आफ्नै व्यवसाय सुरु गर्न चाहनेहरूका लागि सहुलियतपूर्ण ऋण र बीउ पूँजी (Seed Money) को व्यवस्था गर्ने।
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

**२.७.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुसारका पाठ्यक्रमहरू कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधीकरण गरिने,
- सबै कक्षाका विद्यार्थीहरुको वास्तविक सिकाइ सहभागिता सुनिश्चित गर्न र गरेर सिकको अवधारणा अनुसार प्रयोगात्मक तथा परियोजना ,व्यवहार परिवर्तन र विद्यार्थीको सर्वाङ्गीण पक्षको विकासका लागि परियोजनामा आधारित सिकाइमा जोड दिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत तथा पेसागत क्षमता अभिवृद्धि गरिने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन र सन्दर्भ सामग्री उपलब्ध गराइने व्यवस्था गरिने,
- शिक्षकको पेसागत क्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक तथा समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोग संस्थागत गरिने,
- शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोग व्यवस्थित गरिने।
- शिक्षकहरुको पेशागत विकासका लागि निरन्तर सहायता प्रदान गरी समस्या एवम् चुनौतीहरु समाधान गर्न अनलाइन तथा अफलाइनमा आधारित सप्टवेयरको विकास गरी शैक्षिक समस्या समाधान गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग जोडेर पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने।

**२.७.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षकविद्यार्थी अनुपातको आधारमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलान गरी पुनर्वितरण गरिने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट मेन्टरिङ पद्धति विकास गरी कार्यान्वयन गरिनेछ,
- शिक्षक बैङ्कको स्थापना गरी कार्यान्वयन गरी लोकसेवा आयोग,शिक्षक सेवा आयोग तथा अध्यापन अनुमति पत्रको तयारी कक्षा संचालन गर्ने,
- शिक्षक बैङ्कमा रहेका शिक्षकहरूलाई आधुनिक शिक्षण विधि, प्रविधि र नयाँ सीपबारे नियमित पुनर्ताजगी तालिम प्रदान गर्ने ।
- शिक्षकले प्रदान गरेको शिक्षाको गुणस्तर र विद्यार्थीको नतिजाका आधारमा उनीहरूको मूल्याङ्कन गर्ने र सोही आधारमा सूचीमा निरन्तरता दिने वा हटाउने नीति लिने।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गरिनेछ ।
- शिक्षक नियुक्ति, सरुवा, तालिम र पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नपरोस् भन्ने सुनिश्चित गर्ने पद्धति विकास गरिनेछ ।

**२.७.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने ।**

- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ,
- विद्यालयहरूको नक्शाङ्कन गरी आवश्यक समायोजन गरिनेछ,
- शिक्षक दरबन्दीको मिलान तथा प्रधानाध्यापकको नियुक्ति व्यवस्थित गरिनेछ,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिनेछ,
- विद्यालयले वार्षिक कार्यसम्पादनको स्वमूल्याङ्कन गरी स्तरीकरण गर्ने,
- विद्यालयको लेखा तथा सामाजिक परीक्षण नियमित रूपमा गरिनेछ,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरिनेछ र
- खानेपानी तथा सरसफाईका आधारमा १ तारे, २ तारे र ३ तारे स्तरीकरण तथा धोषणा गर्ने,

- विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछन् ।

**२.७.९ डिजिटल निरक्षरहरूलाई डिजिटल साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने**

- विद्यालय, स्थानीय गैरसरकारी संघसंस्था, नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरी डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ ।
- सबै विद्यालयहरुको समग्र पक्षको अनुगमन तथा सुपरीवेक्षण गरी डिजिटल साधन प्रयोग गरी व्यवस्थित बनाउने,

**२.७.१० सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।**

- शैक्षिक संस्थाहरूमा उपर्युक्त सिकाइ वातावरण सुनिश्चित गर्न भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिनेछ,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइनेछ,
- शिक्षण पेसामा उच्च योग्यता र सिप भएका दक्ष व्यक्तिहरूलाई प्रवेश गर्ने अनुकूल वातावरण सिर्जना गरिनेछ,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्डहरू कार्यान्वयन गरिनेछन्,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई समयानुकूल बनाउन आधुनिक प्रविधिमैत्री, विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्री, प्रारम्भिक कक्षा शिक्षण पद्धति, शिक्षक पेसागत विकास तथा सहयोग उपलब्ध गराइनेछ,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, कम्प्युटर ल्याब आदिको व्यवस्था गरिनेछ,
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण र समीक्षा गरी निरन्तर सुधारको संयन्त्र तयार गरिनेछ र
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित जवाफदेही प्रणाली तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।

**२.७.११ सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था र आवश्यकताहरू पहिचान गरिनेछ र त्यसअनुसार पहुँच तथा सहभागिताको व्यवस्था मिलाइनेछ,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचना र शैक्षिक वातावरणको विकास गरी लक्षित समूहका सबै बालबालिकालाई शिक्षाको अवसर उपलब्ध गराइनेछ,
- आवश्यकताअनुसार वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ,

- शिक्षण सिकाइमा स्थानीय संस्कृति, भूगोल, इतिहास, ज्ञान र सिप समावेश गरिनेछ,
- आवश्यकता अनुसार छात्रवृत्ति उपलब्ध गराइनेछ,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार वा हेपाइ नहुने वातावरण सिर्जना गरिनेछ,
- पालिका स्तरीमा  monitoring apps प्रयोग ल्याई Real time data विश्लेषण गरिने,
- पालिका स्तरीमा विभिन्न साझेदार संस्थासँग सहकार्य गरी monitoring tools विद्यालय अवलोकन,कक्षा अवलोकन तथा पुस्तकालय अवलोकन फारामको प्रयोग  digital tools – survey cto बाट कार्यान्वयन गरिनेछ ,
- विद्यालयमा अभिभावकको सक्रिय सहभागिता बढाइनेछ,
- शिक्षण गर्न सक्षम र सिपयुक्त जनशक्ति व्यवस्था गरिनेछ र
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूबीच समन्वय र सहभागिता अभिवृद्धि गरी बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।

### २.७.१२ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउने ।

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत संरचना र उपकरणहरूको व्यवस्था गरिनेछ ।
- वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गर्न सक्ने गरी सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा विस्तार गरिनेछ,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिनेछ,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ,
- विपद्का समयमा संचालन गरिने ReAL Plan कार्यान्वयन गरिनेछ ,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग वृद्धि गरिनेछ र
- सामुदायिक अध्ययन केन्द्रहरूमा डिजिटल लर्निङ सेन्टर स्थापना गरिनेछ ।

### २.७.१३ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउने ।

- विपद्को समयमा शिक्षा निरन्तरता सुनिश्चित गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरिने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी र सिप विकास गरिने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गरिने,
- कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारका लागि आवश्यक तयारी गरिने,

- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गरिने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान, प्रभावको मूल्याङ्कन र विश्लेषण गरिने,
- सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान र प्रतिकार्यका लागि व्यापक योजना तयार गरिने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिने,
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको व्यवस्था गरिने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिने,
- विपद् तथा प्रकोप र शान्ति, सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विपद् व्यवस्थापनका सफल अभ्यासहरूलाई स्थानीयकृत गरिने र
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दिगो विकासका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिने।

## २.८ प्रमुख उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI - % )

| **क्र.सं.** | **सूचक** | **राष्ट्रिय स्तरको आधार वर्ष २०८१** | **कर्णाली प्रदेशको आधार वर्ष २०८१** | बागचौर नगरपालिकाको **लक्ष्य** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०१.० | ९७.४ | ८८ | ८६ | ८४ | ८२ | ८० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.२ | ६७.४ | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.३ | ७७.३ | ७९ | ८२ | ८५ | ९० | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९४.४ | ९४.९ | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १३०.५ | १३१.७ | १२५ | १२० | ११० | १०५ | १०० |
| ९ | आधारभूत तह कक्षा ५ को टिकाउ दर | ८७.६ | ८७.५ | ८९ | ९० | ९२ | ९५ | १०० |
| १० | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९१ | | ०.९३ | १.० | १.० | १.० | १.० |

| **क्र.सं.** | **सूचक** | **राष्ट्रिय स्तरको आधार वर्ष २०८१** | **कर्णाली प्रदेशको आधार वर्ष २०८१** | बागचौर नगरपालिकाको **लक्ष्य** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
| ११ | कक्षाा १ देखि ५ सम्मको उर्तीणदर | ८३ | ७९.२ | ७५ | ८० | ८५ | ९० | १०० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.१ | ९४.४ | ९५ | ९६ | ९७ | ९८ | १०० |
| १३ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२४.८ | १२५.७ | १२० | ११५ | ११० | १०५ | १०० |
| १४ | आधारभूत तह कक्षा ८ को टिकाउ दर | ८६.५ | ८४.७ | ८५ | ८७ | ९० | ९५ | १०० |
| १५ | कक्षाा ६ देखि ८ सम्म सम्मको उर्तीणदर | ८७.४ | ८५.८ | ८६ | ८८ | ९० | ९५ | १०० |
| १६ | कक्षाा ६ देखि ८ सम्म कक्षा छाड्ने दर | ५.४ | | ४.४ | ४.० | ३.० | २.० | १.० |
| १७ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९१ | ०.९७ | १ | १.२ | १.३ | १.४ | १.५ |
| १८ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७५.८ | ७१.१ | ८१ | ८५ | ८९ | ९५ | १०० |
| १९ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९९.१ | ९८.२ | ९८ | ९७ | ९६ | ९३ | ९० |
| २० | आधारभूत तह कक्षा ९ देखि १० को टिकाउ दर | ६६.९ | ६७.४ | ६९ | ७० | ७२ | ७५ | ८० |
| २१ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | | ०.९८ | १ | १.२ | १.३ | १.४ |
| २२ | कक्षाा ९ देखि १० सम्म कक्षा छाड्ने दर | ४.७ | | ३.७ | ३.५ | ३.० | २.८ | २.२ |
| २३ | कक्षाा ९ देखि १० सम्मको उर्तीणदर | ९२.२ | ० | ९० | ९२ | ९७ | १०० | १०० |
| २४ | कक्षा दोहोऱ्याउन दर कक्षा ९-१० | ३.२ | | ४ | ३.५ | ३.२ | २.५ | २ |
| २५ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ४४.५ | ३८ | ४५ | ५० | ७० | ८० |
| २६ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६३.३ | ६८.५ | ६५ | ६२ | ६० | ५९ | ५५ |
| २७ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०३ | | १.०१ | १ | १ | १ | १ |
| २८ | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५५.८ | ५७.७ | ६० | ६५ | ७० | ८० | ९० |

| **क्र.सं.** | **सूचक** | **राष्ट्रिय स्तरको आधार वर्ष २०८१** | **कर्णाली प्रदेशको आधार वर्ष २०८१** | बागचौर नगरपालिकाको **लक्ष्य** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
| २९ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८०.६ | ८२.६ | ७६ | ७४ | ७२ | ७० | ६९ |
| ३० | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.० | | १.०१ | १ | १ | १ | १ |
| ३१ | आधारभूत तह कक्षा १२ को टिकाउ दर | ४०.६ | ५०.९ | ५२ | ६० | ६७ | ८० | ९० |
| ३२ | कक्षाा ३ को नेपाली विषयको पठन सिप उपलब्धी (प्रति १ मिनेटमा ) NARN 2020 | ४३.५३ | ३९.४४ | ४१ | ६० | ६५ | ६५ | ७० |
| ३३ | कक्षाा ३ को गणितिय सिप उपलब्धी NARN 2020 | ३७.२२ | २५.१५ | ४५ | ५० | ६० | ६५ | ७० |
| ३४ | SEE नतिजा | ६१.८१ | ५६.७८ | ९२ | ९५ | १०० | १०० | १०० |

# परिच्छेद ३: शिक्षा क्षेत्र योजनाका मूख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा ४ वर्ष उमेर पूरा भएका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरूको विकासको तयारी अवधिलाई जनाउँछ।

नेपालमा प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम समुदायमा आधारित र विद्यालयमा आधारित भएर सञ्चालन भएका छन्।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५; राष्ट्रिय शिक्षा नीति, २०७६ र सोह्रौं योजना (२०८०/८१–८५/८६) ले प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७–८८ ले ४ देखि ८ वर्षका बालबालिकाको शिक्षा तथा विकासका लागि स्पष्ट मार्गचित्र प्रदान गरेको छ।

यिनै नीतिगत दस्तावेज र निर्देशिकालाई आधार मानी बागचौर नगरपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई सुलभ, सुव्यवस्थित र गुणस्तरीय बनाउँदै यसलाई आफ्नो शिक्षा योजनामा समावेश गरेको छ।

### ३.१.१ वर्तमान अवस्था

बागचौर नगरपालिकामा हाल ६८ सामुदायिक विद्यालयहरुमा बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। बालविकास केन्द्रमा विद्यालयमा आधारित बालविकास केन्द्रमा ४ वर्ष उमेर समूहका बालबालिका अध्ययन गरिरहेका छन्। बाल विकास शिक्षाको व्यवस्थापनका लागि सामुदायिक तर्फ संघीय सरकार बाट ५८ र स्थानीय सरकारबाट १४ गरी जम्मा ७२ जना बालविकास सहजकर्ताको व्यवस्था गरिएको छ। बागचौर नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ताहरुको न्यूनतम शैक्षिक योग्यतामा १२ कक्षा पास रहेको छ। वडागत रुपमा बालविकास सामुदायिक बालविकास केन्द्र विवरण तल रहेको छ।

- वडा नं. १ – ४ वटा
- वडा नं. २ – ११ वटा
- वडा नं. ३ – ५ वटा
- वडा नं. ४ – ४ वटा
- वडा नं. ५ – ८ वटा
- वडा नं. ६ – ३ वटा
- वडा नं. ७ – ८ वटा
- वडा नं ८ – ५ वटा
- वडा नं. ९ – ९ वटा
- वडा नं. १० – ६ वटा
- वडा नं. ११ – ३ वटा
- वडा नं. १२ – ६ वटा

संस्थागत बालविकास केन्द्रहरू वडा नं. २, ५, र ७ मा ६ वटा बालविकास केन्द्र रहेका छन्।

शैक्षिक वर्ष २०८२ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अनुसार:

- सामुदायिक बालविकास कक्षामा १०९७ जना बालबालिका (बालक ५८९, बालिका ५०८)
- संस्थागत विद्यालयमा २७३ जना (बालक १६९, बालिका १०४)

बालविकास केन्द्र सञ्चालन व्यवस्थापनका लागि सामुदायिक केन्द्रहरूमा सङ्घीय सरकारबाट ५८ जना र स्थानीय सरकारबाट १४ जना गरी ७२ जना बालविकास सहजकर्ताहरू कार्यरत छन् । संस्थागत विद्यालयमा पनि बालविकास सहजकर्ता व्यवस्थापन गरिएको छ । सबै सहजकर्ताहरू महिला हुन् ।

हालका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार, पहुँच र स्रोत साधनबाट वञ्चित छन् । कतिपय केन्द्रहरू बालबालिकाको घरबाट १०–१५ मिनेट पैदल दुरीमा हुनुपर्नेमा ६० मिनेटसम्मको दुरीमा टाढा छन् ।

त्यसैले भूगोल, जनघनत्व, बस्तीको स्वरूप र पहुँचलाई आधार बनाई नक्साङ्कनका माध्यमबाट बालविकास केन्द्रहरूको पुनःसंरचना, समायोजन तथा आवश्यकतानुसार नयाँ केन्द्रहरूको स्थापना अपरिहार्य देखिन्छ ।

### चुनौतीहरू

- सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँचमा ल्याउनु,
- हालका बालविकास केन्द्रहरूलाई न्यूनतम मापदण्ड अनुसारको भौतिक तथा शैक्षिक वातावरणमा रूपान्तरण गर्नु,
- दुर्गम र टाढाका समुदायमा बालविकास केन्द्र स्थापना गर्नु,
- बालविकास शिक्षकहरूको आवश्यकता र क्षमता अनुसार तालिम तथा विकास कार्यक्रम सञ्चालन गर्नु,

### अवसरहरू

- बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय तहमा हुनु,
- गाउँपालिकाका ७२ वटै सामुदायिक बालविकास केन्द्रहरूमा कम्तीमा १/१ जना सहजकर्ताको व्यवस्था हुनु,
- बालविकास केन्द्रमा सहजकर्ता अभाव भएका ठाउँमा पालिकाबाट सहजकर्ता व्यवस्थापन गरिएको,
- सबै बालबालिकाका लागि उपर्युक्त दिवा खाजाको व्यवस्था हुनु,
- बालविकास केन्द्रका सहजकर्ताहरुलाई समय समयमा तालिम व्यवस्थापन गरिएको,
- गैर-सरकारी संस्थाहरूको सहकार्य हुनु,

## ३.१.२ उद्देश्य

- प्रारम्भिक बालविकास शिक्षामा पहुँच र गुणस्तर बढाउनु ।
- बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि परिवार,समुदाय र सरोकारवालाहरुको संलग्नता सुनिश्चिता गर्नु ,
- सबै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्ड पूरा व्यवस्थित बनाउनु,

| उद्धेश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षामा पहुँच र गुणस्तर बढाउनु । | १. प्रारम्भिक बालविकासका लागि उमेरगत रुचि,क्षमता तथा आवश्यकता अनुसार बालमैत्री ,समावेशी,समतामूलक र गुस्तरीय सेवा प्रवाह गर्ने<br><br>२.सबै बालबालिकालाई सिकाइको समान अवसर प्रदान गर्ने वातावरण निर्माण गर्ने, | १.बालविकास कक्षाको हालको स्तर पहिचान सर्वेक्षण गरी हालको अवस्था पहिचान गरिनेछ ,<br><br>२. हालको स्थितिको आधारमा बालविकास कक्षालाई क स्तर ख स्तर र ग स्तर गरी तीन वर्ग वर्गीकरण गरिनेछ,<br><br>३. स्तरका आधारमा बालविकासमा सहयोग गरिनेछ ,<br><br>४. योजनाका आधारमा गैरसरकारी संघसंस्था तथा विभिन्न संघसंस्थाहरुसँग साझेदारी गरी न्युनतम मापदण्ड पूरा गरिनेछ ।<br><br>५. भौगोलिक रुपमा विकट क्षेत्रमा बसोबास गर्ने, अपाङ्गता भएका बालबालिकाहरुका लागि बालविकास स्थापना गरिनेछ ,<br>६. बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि आवश्यक क्षमता विकास तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ,<br>७. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रमको कार्यान्वयन गरिनेछ,<br>८. प्रारम्भिक बालविसका कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ, |

| | | |
|---|---|---|
| बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि परिवार,समुदाय र सरोकारवालाहरुको संलग्नता सुनिश्चिता गर्नु , | परिवार,समुदाय र सरोकारवालाहरुलाई प्रारम्भिक बालविकास केन्द्र र शिक्षाको महत्व र अवधारणाको बोध गराउनु, | १. अभिभावकलाई शिक्षा संचालन गररिनेछ,<br>२. परिवार ,समुदाय तथा सरोकारवालाहरुको सहभागिता बढाउने,कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूबीच समन्वय तथा सहकार्य तथा लागत सहभागिता अभिवृद्धि गर्ने क्रियाकलापहरु गरिनेछ , |
| सबै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्ड पूरा व्यवस्थित बनाउनु, | बालविकास केन्द्रहरुलाई न्युनतम मापदण्डका आधारमा निर्माण तथा विकास गर्ने, | १. खेल तथा मनोरञ्जनका सामग्रीहरु व्यवस्थापन गरिनेछ,<br>२. आवश्यकतमा आधारित भई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त निर्माण तथा सहयोग गरिनेछ<br>३. बालकक्षामा कुना व्यवस्थापन, कक्षाकोठा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री तथा बाल उद्यानको व्यवस्थाका लागि सहयोग गरिनेछ , |

## ३.१.४ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा

### उपलब्धि:

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर हुनेछ ।
२. सबै बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुरूप व्यवस्थित भएका हुनेछन् ।
३. बालमैत्री, सुरक्षित र समावेशी प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना भएका हुनेछन् ।

४. बालविकास प्रति परिवार ,समुदाय र सरोकारवालाहरुको सहभागिता तथा अपनत्व विकास भएको हुनेछन् ।

## प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | १ | ५ | ५ | ५ | १० |
| २ | बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त भएका बालविकास र शिक्षा केन्द्र | १ | ५ | ५ | ५ | १० |
| ३ | न्यूनतम शैक्षिक योग्यता पुगेका बालविकास सहजकर्ता सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ४ | तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या -३० घण्टे | १० | २० | ३८ | ६८ | ६८ |
| ४ | नमुना बालविकास केन्द्र सङ्ख्या | १ | ५ | ५ | ५ | १० |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने | पटक | | १ | | १ | | २ | |
| २ | बालबालिकाहरुको अभिलेख व्यवस्थापन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | बालबालिकाको स्वास्थ्य जाँच, | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| | अभिलेख व्यवस्थापन तथा अनुगमन | | | | | | | | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्तालाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अभिभावक शिक्षा तथा सचेतना प्रदान गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | गैर सरकारी संघसंस्था र निजी क्षेत्रसँग सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | बालमैत्री बसाइ व्यवस्थापन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | खेल, मनोरञ्जन तथा प्रविधिमैत्री सामग्री र शैक्षिक सामग्रीहरुको व्यवस्थापन ( ६ कुना अनुसार ) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | बालविकास केन्द्रको अनुगमन र सहयोग प्रणालीको विकास | पटक | १० | १० | १० | १० | १० | ४० | |
| १२ | उत्कृष्ट बालविकास सहजकर्ता प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत तहको शिक्षालाई विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा लिने गरिन्छ। नेपालको प्रचलित शिक्षा ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षालाई जनाइएको छ। आधारभूत तहको शिक्षाले ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई समेट्छ। विद्यालय शिक्षाको जग भएकाले यसको गुणस्तर अभिवृद्धिमा विशेष ध्यान दिनु आवश्यक्कक हुन्छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुनेमा जोड दिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भएको स्पष्ट पारेको छ। साथै विद्यालय पठाउने कर्तव्य प्रत्येक नागरिकको हुने उल्लेख गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तहको शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ।

### ३.२.१ वर्तमान अवस्था

आधारभूत तहमा EMIS तथ्यांक २०८२ अनुसार कुल विद्यार्थी संख्या ६०६४ जना छन। यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी संख्या ३९२९ जना छन्। यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी संख्या १०६८ जना छन्। आधारभूत तहमा EMIS तथ्यांक २०८२ अनुसार सामुदायिक विद्यालय तर्फ कुल विद्यार्थी संख्या ५१२९ जना छन्। यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी संख्या ३०८७ जना रहेको छ। यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी संख्या २०४२ रहेको छ। आधारभूत तहमा EMIS तथ्यांक २०८२ अनुसार संस्थागत विद्यालय तर्फ कुल विद्यार्थी संख्या ९६५ जना छन्। यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी संख्या ८४२ जना रहेको छ। यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी संख्या ९३ रहेको छ। यस पालिकामा आधारभुत तह १-५ मा जम्मा शिक्षक दरबन्दि संख्या २२४ जना (महिला ८४ जना र १४० पुरुष) रहेकोमा स्थायी दरबन्दी: ११८ जना ,राहत: ४४ जना,नगर अनुदान : ६१ जना ,अस्थायी दरबन्दी करार : १ जना रहेका छन्। यसैगरि आधारभुत तह ६-८ मा जम्मा शिक्षक दरबन्दि संख्या ७१ जना रहेकोमा स्थायी दरबन्दी: १९ जना,राहत: १० जना,नगर अनुदान : २५ जना,संघिय अनुदान : १५ जना, प्राविधिक धार शिक्षक : २ जना रहेका छन्। आधारभूत तहमा संस्थागत विद्यालयतर्फ कुल विद्यार्थी संख्या ६०६४ जना र विद्यालय विद्यार्थी अनुपात १:२० रहेको छ। न्यून दरवन्दि र शून्य दरवन्दि भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदानको व्यस्वथा गरिएको छ। नगरपालिकाले आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा ८ सम्म कार्यान्वयनमा ल्याइसकेको छ भने पाठ्यपुस्तक निर्माण प्रक्रियामा छ। विद्यार्थी सङ्ख्या घट्दो अवस्थामा रहेकाले केही विद्यालय समायोजन आवश्यक देखिएको छ। शिक्षक दरबन्दी मिलान, प्रविधिमैत्री वातावरण र समावेशी, सुरक्षित, बालमैत्री संरचना विकास गर्न जरुरी देखिन्छ।

बागचौर नगरपालिकामा रहेका ६८ वटै सामुदायिक विद्यालयहरूले आधारभूत तहको शिक्षा प्रदान गरिरहेका छन्। तीमध्ये:

- कक्षा १ सम्म सञ्चालित: ११ वटा
- कक्षा १ देखि ३ सम्म: ८ वटा
- कक्षा १ देखि ५ सम्म: २३ वटा
- कक्षा १ देखि ८ सम्म: १३ वटा

- कक्षा १ देखि १० सम्म: ७ वटा
- कक्षा १ देखि १२ सम्म: ६ वटा

संस्थागत विद्यालयतर्फ:

- कक्षा १ देखि ४ सम्म: १ वटा
- कक्षा १ देखि ५ सम्म: २ वटा
- कक्षा १ देखि ८ सम्म: ३ वटा

### चुनौतीहरू

- पूर्ण बालमैत्री विद्यालयको लागि चाहिने आवश्यक भौतिक तथा मानवीय स्रोतसाधनको कमी,
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन बनाउन बजेटको कमी,
- सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण वृद्धि गर्नु र विद्यार्थी सङ्ख्या बढाउनु,
- शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी व्यवस्थापनमा कमी,
- नियमित रुपमा अभिभावक शिक्षा प्रदान गर्न नसक्नु,
- अपाङ्गमैत्री र बालमैत्री शौचालयको कमी,
- विद्यालय उमेरका बालबालिका विद्यालय भन्दा बाहिर हुनु,
- नवीनतम शिक्षण पद्धतिहरुको विकास हुन नसक्नु,
- शिक्षक तथा विद्यार्थीहरुको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गर्नु।

### अवसरहरू

- स्थानीय तहलाई आधारभूत शिक्षाको व्यवस्थापन गर्ने अधिकार हुनु,
- आधारभूत परिक्षा नगरपालिका स्तरीय सञ्चालन,
- आधारभूत तह बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा तथा पोषण कार्यक्रमको सञ्चालन हुनु,
- समता तथा पहुँच वृद्धिका लागि राज्यका सबै तहका सरकारले छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सक्नु,
- विद्यालयमा इन्टरनेट ,स्वच्छ खानापानी तथा शौचालयको सुविधा हुनु,
- शिक्षकको क्षमता अभिवृद्धिमा संघ र प्रदेश सरकारबाट विभिन्न कार्यक्रम सञ्चालन हुनु र
- शिक्षण सुधारका लागि संघसंस्थाको सहकार्य हुनु,

## ३.२.२ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैका लागि समतामूलक पहुँच सहित अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्नु,
- पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउनु,
- सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि प्राप्त हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु र
- विद्यालय वातावरणलाई बालमैत्री, सिकाइमैत्री, लैङ्गिकमैत्री, समावेशी, सुरक्षित बनाउनु,
- विद्यार्थीको चाहना अनुरुप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यवहारिक बनाउनु,

- प्रारम्भिक तहका बालबालिकाहरुको आधारभूत साक्षरता तथा गणितिय सिपको सुनिश्चिता गर्नु,

| उद्धेश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| आधारभूत तहको शिक्षामा सबैका लागि समतामूलक पहुँच सहित अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्नु, | अभिभावक र  समुदायलाई शिक्षाको महत्वबारे सचेत गराउँदै बालबालिकाहरुलाई विद्यालयमा नियमित पठाउन प्रोत्साहित गरी आफ्ना बालबालिकाहरुको सिकाइमा रुची देखाउन लगाउने, | • आधारभूत तहका अभिभावकहरुलाई सोही तहका शिक्षकहरुबाट अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ ।<br>• प्रेरणादायक वक्ताहरुलाई बोलाएर (Motivational Speaker) बोलाएर शिक्षाको महत्वबारे अभिभावक र समुदायलाई जागरुक बनाइनेछ ।<br>• विद्यार्थीहरुको प्रतिभा प्रदर्शन गर्न विशेष अतिरिक्त कार्यक्रम संचालन गरिनेछ ।<br>• विद्यालयमा भइरहेका राम्रा अभ्यास तथा सफल कामहरुको बारेमा अभिभावकहरुलाई जानकारी गराई समुदायमा त्यसको प्रचारप्रसा गरिनेछ ।<br>• विद्यालयमा हुने योजना तथा नीतिहरु समुदायलाई समयमा जानकारी गराइनेछ ।<br>• आर्थिक रुपमा कमजोर परिवारका बालबालिकाहरुलाई छात्रवृति तथा अन्य सहायता सामग्री उपलब्ध गराइनेछ । |

| | | |
|---|---|---|
| पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउनु, | • स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक विकास तथा कार्यान्वयन,<br>• कक्षाकोठामा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने शिक्षकहरुलाई सक्षम तथा दक्ष बनाई गुणस्तरमा सुधार गरिने,<br>• विद्यालयमा नविनतम प्रविधिहरुको स्थापना गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाइने, | • शिक्षक तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,व्यवहारकुशल सिपहरूलाई सिकाइमा समावेश गर्ने,<br>• विषयवस्तुको एकीकरण र सिकाइ विधिमा सुधार गर्ने,<br>• राष्ट्रिय पाठ्यक्रम,शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरुबारे नियमित शिक्षक तालिम संचालन गरिनेछ,<br>• विद्यालयमा बालपुस्तकालय र कर्नर पुस्तकालयको व्यवस्थापन गरिनेछ,<br>• विद्यालयमा विषयगत प्रयोगशालाको व्यवस्थापन गरिनेछ,<br>• पाठ्यक्रम सम्बन्धी अनुभवी भएका शिक्षकहरुबाट नवप्रवेशी शिक्षकहरुलाई मेन्टोरिङ्ग र कोचिङ्ग सम्बन्धी कार्यक्रम संचालन गरिनेछ,<br>• पाठ्यपुस्तक,कार्यपुस्तक,शिक्षक निर्देशिका तथा अन्य सहायक सामग्री उपलब्ध गराइनेछ,<br>• शिक्षकहरुको शिक्षण कार्यको नियमिक मूल्याङ्कन गर्ने एवम् सुधारका लागि पृष्ठपोषण दिइ उत्कृष्ठ देखिएका शिक्षकहरुलाई पुररस्कार र सम्मान गरिनेछ, |
| सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि प्राप्त हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु र | • विद्यार्थीको नियमित मूल्याङ्कन गरी सुधारात्मक विधी तथा प्रक्रियाहरु अवलम्बन गरिने | • विद्यालयबाहिर रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ, |

| | | |
|---|---|---|
| | • आधारभूत तह उमेरका बालबालिकाको विद्यालय बाहिर नरहेको सुनिश्चिताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने, | • पोषण, स्वास्थ्य तथा मनोसामाजिक परामर्श सुविधा उपलब्ध गराइनेछ,<br>विषयगत,कक्षागत,विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण तथा पृष्ठपोषण कार्यक्रम संचालन गरिनेछ, |
| विद्यालय वातावरणलाई बालमैत्री, सिकाइमैत्री, लैङ्गिकमैत्री, समावेशी, सुरक्षित बनाउनु, | • विद्यालयमा बालमत्री,सिकाइमैत्री,भयरहित र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,<br>• विद्यालय शिक्षालाई प्रकोप,संङ्कट र महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वियन गर्ने , | • विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजना गरिनेछ,<br>• बालमैत्री, समावेशी र सुरक्षित वातावरणको विकास गर्ने कार्यक्रम संचालन गरिनेछ,<br>• विद्यालय शिक्षालाई प्रकोप,सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थतिप्रति उत्थानिशलता बनाउने योजना तयार गरी कार्यान्वियन गरिनेछ, |
| विद्यार्थीको चाहना अनुरुप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यवहारिक बनाउनु, | विद्यार्थी रुचि अनुसार कक्षा शिक्षणमा प्रविधिको प्रयोगलाई क्रमश बढाउँदै लैजाने | • सिर्जनशीलता अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलाप सञ्चालन तथा बालउद्यान, करेसाबारी, फूलबारी निर्माण गरिनेछ,<br>• कक्षा शिक्षण कार्यमा डिजिटल प्रविधिलाई बढाइनेछ, |
| प्रारम्भिक तहका बालबालिकाहरुको आधारभूत साक्षरता तथा गणितिय सिपको सुनिश्चिता गर्नु, | कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुको साक्षरता सिप र गणितिय सिपका सुधार गर्नका लागि विद्यालय तथा पालिका क्रियाकलापहरु संचालन तथा कार्यान्वियन गर्ने, | • एकीकृत पाठ्यक्रमअनुसार भाषा र गणितीय सिप प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ,<br>• आधारभूत तहका बालबालिकाहरुका लागि पढाइ संस्कृतिका क्रियाकलापहरु पढाइ मेला र पठन संस्कृति सम्बन्धी क्रियाकलापहरु संचालन गरिनेछ, |

| | | |
|---|---|---|
| | | |

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि:

- अनिवार्य तथा निःशुल्क शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- गुणस्तर अभिवृद्धि भएको आधारभूत शिक्षा प्रणाली हुनेछ।
- सबै बालबालिकाले आधारभूत तह पूरा गरेका हुनेछन्।
- बालमैत्री, सिकाइमैत्री, लैङ्गिकमैत्री, समावेशी र सुरक्षित वातावरण विकास भएको हुनेछ।

### प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिका प्रतिशत | ९७.६०% | ९८% | ९९% | १००% | १००% |
| २ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालवालिका प्रतिशत | ९०% | ९५% | ९७% | १००% | १००% |
| ३ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएका विद्यालयहरु | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ४ | अर्धबार्षीक रुपमा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने विद्यालयहरु | २० | ३० | ४० | ५० | ६८ |
| ५ | विद्यार्थीहरुका लागी शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने विद्यालयहरु | १५ | २० | ३५ | ४० | ६८ |
| ६ | शिक्षक पेसागत सहयोग प्राप्त शिक्षक सङ्ख्या | ३० | ४० | ३० | ४० | ५० |
| ७ | एकिकृत पाठ्यक्रममा आधारित तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ८ | विषयगत तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या (कक्षा ६ देखि ८ सम्म) | १५ | २० | २५ | २५ | २० |
| ९ | ICT तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |

| क्र.सं | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १० | गैरसरकारी संस्था लगायत अन्य अनौपचारीक क्षेत्र बाट सहयोग प्राप्त विद्यालय सङ्ख्या | ४६ | ५ | ५ | ५ | ७ |
| ११ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १२ | विपद जोखिम न्युनिकरण योजना तयार गरी कार्यान्वयन गर्न विद्यालयहरुको संङ्ख्या | ० | ८ | २० | २० | २० |
| १४ | सूचना प्रविधिको पहुँच भएका विद्यालय सङ्ख्या | १३ | २० | २० | ६८ | ६८ |
| १५ | विद्यालयमा बालपुस्तकालयको स्थापना विद्यालय सङ्ख्या | ४६ | ५ | ५ | ५ | ७ |
| १६ | विद्यालयमा बुक कर्नर स्थापना विद्यालय सङ्ख्या | ४६ | ५ | ५ | ५ | ७ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | ० | ० | १ | २ | |
| २ | भर्ना अभियान तथा विद्यालय बाहिर रहेका बालबालिकाको खोजविन अभियान संचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने | पटक | | २ | | २ | | ४ | |
| ४ | विद्यार्थीहरुका लागी शैक्षिक तथा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| | मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने | | | | | | | | |
| ५ | शिक्षकहरु लागि पेसागत सहयोग प्रदान गर्ने | पटक | २ | २ | २ | ३ | ३ | १२ | |
| ६ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | |
| ८ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | १० | १० | १० | १० | १० | ५० | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | पालिकामा कम्तिमा एउटा नमूना विद्यालय बनाउने | वटा | | १ | १ | १ | १ | ४ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | छात्रा, दलित, विपन्न, अपाङ्गता र विविध अवस्थाका बालबालिकालाई छात्रवृत्ति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| १५ | सन्दर्भ सामग्री र शिक्षण सिकाइ सामाग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना, विव्यस, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको ब्यवस्था | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | |
| १९ | कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | ४६ | ५ | ५ | ५ | ७ | ६८ | |
| २० | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालवालिकालाई भरपुर पढाईको अवसर प्रदान | वटा | ४६ | ५ | ५ | ५ | ७ | ६८ | |
| २१ | आधारभूत तह र प्रारम्भिक कक्षामा पढाइ मेला र शैक्षिक सामाग्री प्रर्दशनी गर्ने | पटक | | १ | | १ | १ | ३ | |
| २२ | शिक्षक तथा कर्मचारी व्यवस्थापन र सेवा सुविधामा वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको शिक्षा ऐन, २०२८ तथा विद्यालय शिक्षा क्षेत्र योजनाकाअनुसार १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई प्रदान गरिने कक्षा ९ देखि १२ सम्मको विद्यालय तहको शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। माध्यमिक शिक्षा उच्च शिक्षाको आधारस्तम्भको रूपमा लिइन्छ।

धारको आधारमा माध्यमिक तहको शिक्षा तीन प्रकारमा वर्गीकृत गरिएको छ: साधारण, व्यवसायिक वा प्राविधिक र धार्मिक वा परम्परागत।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने कुरा सुनिश्चित गरेको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्राप्त गराउने जिम्मेवारी राज्यको हुने स्पष्ट पारेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षालाई गुणस्तरीय, निःशुल्क र सबैको पहुँचमा पुगोस् भन्ने उद्देश्य राखेको छ। यसले सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता र सकारात्मक चिन्तनजस्ता गुण विकास गरी प्रतिस्पर्धी, सिपयुक्त तथा उत्पादनशील जनशक्ति तयार पार्ने लक्ष्य लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

बागचौर नगरपालिकामा जम्मा विद्यालयहरूको सङ्ख्या ६८ वटा रहेको छ। तीमध्ये कक्षा १ देखि १० सम्म सञ्चालनमा रहेका ७ वटा विद्यालय र कक्षा १ देखि १२ सम्म सञ्चालनमा ६ वटा विद्यालय रहेका छन्। ती सबै विद्यालयहरू सामुदायिक हुन्। शैक्षिक वर्ष २०८२ को तथ्याङ्कअनुसार माध्यमिक तहमा कूल विद्यार्थी सङ्ख्या २८२० रहेको छ, जसमा छात्र सङ्ख्या १३८४ र छात्रा सङ्ख्या १४३६ रहेको छ।

माध्यमिक तहमा (कक्षा ९–१०) शिक्षक सङ्ख्या ५४ जना रहेको छ भने कक्षा ११–१२ मा ११ जना शिक्षक र प्राविधिक धारमा ४ जना कार्यरत छन्।

#### चुनौतीहरू:

- विज्ञान प्रयोगशाला तथा ICT ल्याबको अभावले गर्दा नविनतम शैक्षणिक प्रविधिबाट शिक्षण
- विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा उपस्थित नहुने
- शिक्षक तालिमको अभावले गर्दा शिक्षकहरूलाई नयाँ नयाँ शैक्षणिक प्रविधिको बारेमा जानकारी कम
- विषयगत शिक्षकको अभावले गर्दा पठन पाठनमा असहजता भई विद्यार्थीहरूको अपेक्षित उपलब्धि हुन नसक्नु
- अभिभावकहरूको आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धिको बारेमा कम चासो दिनु सरकारी हुन सबै सरकारले गर्छ भन्ने भावनाको विकास हुनु
- विद्यालयहरूमा अनुगमन तथा निरीक्षण हुन नसक्नु
- मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु
- प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु
- परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु
- प्राविधिक धारतर्फका विद्यालयमा शिक्षक र विद्यार्थीलाई निरन्तर टिकाइ राख्नु र

- कक्षा ११ र १२ मा विद्यार्थी सङ्ख्या वृद्धि अपेक्षा जति वृद्धि नहुनु

**अवसरहरू:**

- माध्यमिक विद्यालयमा ICT सम्बन्धी सामग्री सहयोग तथा कार्यान्वयन प्रभावकारी भएको
- माध्यमिक तहमा खेल प्रशिक्षक तथा पालिका स्तरीय राष्ट्रपित रनिङ सिल्ड कार्यान्वयन भईरहेको
- विषयगत शिक्षकहरुको लागि पालिकाले नगर शिक्षकहरुको व्यवस्थापन गरेको
- विषयगत रुपमा शिक्षकहरुका पेशागत तालिम संचालन तथा कार्यान्वयन भएका
- माध्यमिक तहका प्रअ तथा शिक्षकहरुलाई क्षेत्र भ्रमण गर्ने गरेको

## ३.३.२ उद्देश्य

- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइमैत्री,समावेशी र सुरक्षित बनाउनु,
- माध्यमिक शिक्षामा बालबालिकाको समतामूलत पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- सबै बालबालिकामा न्युनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

| उद्धेश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइमैत्री,समावेशी र सुरक्षित बनाउनु, | **सबै विद्यार्थीहरुलाई समान तरिकाले विद्यालयको पहुँच तथा सहभागिता गरिनेछ ।** | • विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूमा उनीहरूको लिङ्ग, जात तथा अपाङ्गता आदिको आधारमा कुनै भेदभाव नगरी विद्यालयमा भर्ना तथा पहुँच पुर्याउने वातावरण तयार गरिनेछ । <br> • सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिनेछ । |
| | **विद्यालयमा भवन**,कक्षाकोठा ,शौचालय तथा अन्य भौतिक सुविधाहरु अपाङ्गमैत्री ,लैङ्गिकमैत्री,बालमैत्री अनुकूल हुने गरी सुधार तथा निर्माण गरिनेछ । | • विद्यालयको भवन, कक्षाकोठा, शौचालय तथा अन्य सुविधाहरूलाई अपाङ्गमैत्री, लैङ्गिक मैत्री एवम् बालमैत्री बनाउनका लागि सम्बन्धित मापदण्ड ,ढाँचा र डिजाइन निर्माण र सुधार गरिनेछ । |
| | **शिक्षक र विद्यालय कर्मचारीहरुलाई बालमैत्री शिक्षण विधी तथा क्रियाकलापहरु लागि नियिमत पेशागत तालिम संचालन गरिनेछ ।** | • शिक्षक र विद्यालय कर्मचारीहरूलाई क्रियाकलापहरूमा शिक्षण विधिहरू, विविधतालाई सम्बोधन गर्ने गरी बालमैत्री तालिम,पेशागत तालिम,विद्यालयको लेखा तथा प्रशासन सम्बन्धी पेशागत तालिम प्रदान गरिनेछ । |

| | | |
|---|---|---|
| | **शारीरिक ,मानसिक र भावानात्मक रुपमा सुरक्षित तथा सहयोगी विद्यालय वातावरण बनाइने छ।** | • . विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र तथा गुनासो सुनवाई स्थापना गरिनेछ। |
| | **पढ्नबाट बञ्चित विद्यार्थीहरुका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराइनेछ।** | • गरिब र असक्षम विद्यार्थीहरूलाई विभिन्न संघ संस्थाहरूको समेत सहयोग लिई विविध शैक्षिक सामग्री (कापी, किताब, सन्दर्भ सामग्री आदि)<br>• निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी अतिरिक्त स्रोतहरूको व्यवस्था गरिनेछ।<br>• निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ। |
| माध्यमिक शिक्षामा बालबालिकाको समतामूलत पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु, | **विद्यालयमा लिङ्ग,जातजाति ,धर्म ,अपाङ्ग विद्यार्थीहरुका लागि समतामूलक पहुँचको लागि समानता र सहिष्णुता वातवारण सुनिश्चित गरिने।** | • शैक्षिक रूपमा पछाडि परेका विद्यार्थीहरूलाई अतिरिक्त कक्षा वा सुधारात्मक कक्षा सेवा प्रदान गरिनेछ।<br>• विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आवश्यक सुविधा र सहयोग व्यवस्था गरिनेछ।<br>• छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू जस्तै प्रोजेक्ट कार्य, कार्यशाला, वादविवाद प्रतियोगिता, अन्य शैक्षिक गतिविधि, सांस्कृतिक प्रदर्शनी, नाटक, नृत्य र संगीत मिश्रित खेल, टोली फिटनेस कार्यक्रम र खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। |
| | **कक्षा शिक्षणका लागि कक्षाकोठामा पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरुलाई सक्षम र दक्ष बनाइने** | • नयाँ पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिनेछ।<br>• पाठ्यक्रम सम्बन्धी अनुभवी भएका शिक्षकहरूबाट नयाँ शिक्षकहरूलाई मेन्टरिङ र कोचिङ कार्यक्रम सञ्चालन गरिनेछ।<br>• पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ। |

| | | |
|---|---|---|
| | | • विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>• शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ट देखिएका शिक्षकहरूलाई पुरस्कार र सम्मान गरिनेछ । |
| | **वर्तमान नवीनतम् शैक्षणिक प्रविधि र डिजिटल शिक्षण सामग्रीहरुको व्यवस्थापन तथा प्रयोग गरेर शिक्षाको गुणस्तर सुधार गरिने** | • सबै माध्यमिक विद्यालयहरूमा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रूपमा प्रयोगमा ल्याइनेछ ।<br>• नगरपालिका भित्र एक वटा स्मार्ट विद्यालय स्थापना गरी मूल्याङ्कन प्रणालीलाई समेत अनलाइन गरिनेछ ।<br>• विद्यालयहरूमा स्मार्टबोर्ड, कम्प्युटर, द्रुत गतिको इन्टरनेट जस्ता डिजिटल उपकरण तथा सफ्टवेयरहरूको स्थापना तथा प्रदान गरिने छ ।<br>• अनलाइन प्लेटफर्ममा पाठ्यक्रम सामग्री, भिडियो लेक्चर र इ-बुकहरू उपलब्ध गराइने छन् ।<br>• शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम दिइनेछ<br>• पालिकास्तरीय SEE तयारी परीक्षा (Mock Test) सञ्चालन गरिनेछ । |
| | **STEM Education लाई सिकाइ रणनीतिका रुपमा कार्यान्वयन गरिने** | • STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम दिई उक्त Education लाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ<br>• विशेष गरी STEAM सँग सम्बन्धित विषयहरूमा विषयगत प्रयोगशाला स्थापना गरी प्रयोगशालाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।<br>• STEAM Education सम्बन्धी नगरस्तरीय प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिने छ। |

| | | |
|---|---|---|
| सबै बालबालिकामा न्युनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु, | **प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकता अनुसार व्यक्तिगत शिक्षण योजना (IEP) तयार गर्ने** | • विद्यार्थीको शैक्षिक आवश्यकता, क्षमता र रुचिहरू पहिचान गर्न प्रारम्भिक मूल्याङ्कन गरिनेछ।<br>• शिक्षक र अन्य शिक्षण सहायकहरूको समन्वयमा IEP तयार गरिनेछ।<br>• IEP को प्रभावकारिता सुनिश्चित गर्न नियमित रूपमा समीक्षा गर्ने र आवश्यकतानुसार परिमार्जन गरिनेछ ।<br>• विद्यार्थीको विशेष आवश्यकताहरू पूरा गर्न उपयुक्त शैक्षिक साधन र स्रोतहरूको व्यवस्था गरिनेछ। |
| | **विद्यार्थीहरुको प्रगित नियमित रुपमा मूल्याङ्कन गर्ने र तत्काल सुधारत्मक कदमहरु उठाउने** | • विषयगत, कक्षागत, विद्यालयगत, पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण र पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ । |
| | **विद्यार्थीहरुबाट शैक्षिक गुणस्तर वृद्धिका लागि प्रवर्तनात्मकको आधारमा प्रस्तवाना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयन लागि आवश्यक व्यवस्था मिलाइने** | • विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका गर्न प्रवर्त्तनात्मक कार्य (Innovative Work) को आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।<br>• विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितिमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धीको प्रतिवेदन नगरपालिकामा पेश गरिनेछ। |

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### प्रमुख उपलब्धिहरू:

- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर सुधार भएको हुनेछ
- माध्यमिक शिक्षा सबैका लागि निःशुल्क तथा पहुँच भएको हुनेछ
- माध्यमिक शिक्षामा सबै वर्ग, जाति, लिङ्ग र समुदायका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ।
- सबै विद्यार्थीहरुले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने
- माध्यमिक विद्यालयहरू बालमैत्री, सिकाइमैत्री, समावेशी, समतामूलक तथा सुरक्षित शिक्षण वातावरणयुक्त हुनेछ।
- माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीहरु मध्यर् उक्त तहको शिक्षा चक्र पूरा गर्ने दरमा उल्लेख्य रुपमा सुधार भएको हुने

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ८१ | ८५ | ८९ | ९५ | १०० |
| २ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८ | ९७ | ९६ | ९३ | ९० |
| ३ | माध्यमिक तह कक्षा ९ देखि १० को टिकाउ दर | ६९ | ७० | ७२ | ७५ | ८० |
| ४ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९८ | १ | १.२ | १.३ | १.४ |
| ५ | कक्षाा ९ देखि १० सम्म कक्षा छाड्ने दर | ३.७ | ३.५ | ३.० | २.८ | २.२ |
| ६ | कक्षाा ९ देखि १० सम्मको उर्तीणदर | ९० | ९२ | ९७ | १०० | १०० |
| ७ | कक्षा दोहोऱ्याउन दर कक्षा ९-१० | ४ | ३.५ | ३.२ | २.५ | २ |
| ८ | कम्प्युटर र सूचना प्रविधिको पहुँच भएका विद्यालयहरूको प्रतिशत | | | ८८.८९% | १००% | १००% |
| ९ | Motivational Class सञ्चालन भएका विद्यालय सङ्ख्या | | १ | २ | ४ | ६ |
| १० | SEE नतिजा | | | | | |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

### माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | विद्यालय सेवा क्षेत्रको नक्साङ्कन र सिमाङ्कन गर्ने | पटक | | | | १ | | १ |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | १ | | १ | | २ |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पहिचान तथा अध्ययन | पटक | | १ | १ | १ | १ | ३ |
| ४ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) Education | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | ० | १ | १ | ३ |
| ६ | वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | ४ |
| ७ | माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | शिक्षक पेसागत विकास तालिम तथा सहायता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | शिक्षकहरूका लागि पुरस्कार र दण्डको व्यवस्था गर्ने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १० | हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ११ | प्रधानाध्यापक व्यवस्थापन सम्बन्धि कार्यविधि तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | पटक | | १ | | | | १ |
| १२ | विद्यालयमा स्काउटिङ गतिविधि सञ्चालन गर्ने। | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १३ | विद्यालयमा विभिन्न ल्यावहरु तथा पुस्तकालय स्थापना र व्यवस्थित गर्ने | विद्यालय | १३ | २ | २ | २ | २ | १० |
| १४ | आर्थिक रुपले विपन्न परिवारका बालबालिका, जोखिममा परेका, अपाङ्गता भएका बालबालिकाकालागि छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | पटक | | | | १ | | १ |
| १५ | सिकाइ क्षमता कमजोर भएका बालबालिकाका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १६ | समय समयमा पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १७ | कम्प्युटर, हस्तलेखन, नृत्य, गायन, बाद्यवादन, खेल जस्ता क्रियाकलापहरुको लागि प्रशिक्षकको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ |
| १८ | विद्यालयमा उत्प्रेरक कक्षा (motivational class) संचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | विद्यार्थी, शिक्षक, शिअसं र विव्यसलाई शैक्षिक भ्रमणको व्यवस्था | १ | १ | १ | १ | १ | १ | ५ |
| २० | अभिभावक शिक्षा अभिमुखीकरण तथा प्रोत्साहन कार्यक्रम संचालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २१ | माध्यमिक तह कक्षा (९-१२) संचालित विद्यालयहरुमा नर्स कार्यक्रम लागू | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २२ | आवासीय विद्यालयकालागि सम्भाव्यता अध्ययन | पटक | | | | १ | १ | २ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| | प्रतिवेदन तयार गरी पालिकामा कम्तिमा २ ओटा आवासीय विद्यालय संचालन गर्ने । | | | | | | | |
| २३ | पालिकास्तरीय SEE ल्याकत परीक्षा (MOCK TEST) संचालनको व्यवस्था गर्ने । | पटक | | | | १ | १ | २ |
| २४ | School Bus संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी आवश्यकताका आधारमा School Bus संचालन गर्ने । | पटक | | | | १ | १ | २ |
| २५ | खेलकुद विकासकालागि पालिकास्तरीय मापदण्ड अनुसारको खेलमैदानको निर्माण गर्ने | पटक | १ | | | १ | | २ |
| २६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | २ | २ | ९ |
| २७ | विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास तालिम/ कार्यशाला सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २८ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | |
| ३० | कक्षाकोठामा आधारित मूल्यांकनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ३१ | बाल क्लव गठन तथा परिचालन, विद्यार्थी परामर्श तथा अभिभावक सचेतनाका लागि सहयोग | पटक | | १ | | १ | १ | ३ |
| ३२ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन मेला सञ्चालन गर्ने । | पटक | | १ | १ | १ | १ | ४ |
| ३३ | शिक्षक तथा कर्मचारी व्यवस्थापन र सेवा सुविधामा वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३४ | Book free Friday day | विद्यालय स्तर | १२ | १२ | १२ | १२ | १२ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक सिप तालिम

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको प्रारम्भिक तहदेखि नै समेट्ने प्रयास गरिएको छ । देशको समग्र विकासका लागि साधारण तथा प्राविधिक जनशक्तिबिच सन्तुलन आवश्यक रहेको सन्दर्भमा, प्रारम्भमा साधारण शिक्षामा केन्द्रित गरिए तापनि पछिल्ला वर्षहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ विशेष जोड दिइन थालिएको छ ।

हाल कृषि, भेटनरी, सब ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर विज्ञान लगायतका क्षेत्रमा दक्ष जनशक्तिको उच्च माग देखिएको छ । यस सन्दर्भमा सबै लिङ्ग, अपाङ्गता भएका व्यक्तिहरू, गरिब, सीमान्तकृत तथा सामाजिक–आर्थिक रूपमा पछाडि पारिएका समुदायको प्राविधिक तथा व्यवसायिक शिक्षामा समतामूलक पहुँच, सक्रिय सहभागिता तथा सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग सम्बन्ध स्थापित गर्न आवश्यक देखिन्छ ।

नेपालको संविधान जारी भएसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षालाई साकार पार्न राष्ट्रिय योजना आयोगले निर्धारण गरेका नौ वटा राष्ट्रिय लक्ष्यहरूमध्ये "उच्च र दिगो उत्पादन तथा उत्पादकत्व" एक प्रमुख लक्ष्य हो । उक्त लक्ष्य हासिल गर्न गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा विशेष जोड दिइएको छ ।

त्यस्तै, सन् २०१५ मा संयुक्त राष्ट्रसंघले घोषणा गरेको **दिगो विकास लक्ष्य (SDG)** अन्तर्गत सन् २०३० सम्म सबै व्यक्तिका लागि समावेशी, समतामूलक र न्यायसङ्गत ढङ्गमा जीवनोपयोगी तथा सिपमूलक शिक्षा प्रदान गर्न जोड दिइएको छ ।

यस किसिमको शिक्षाको प्रवर्धनले बागचौर नगरपालिकाभित्र सिपयुक्त, दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्नेछ । साथै रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना भई वैदेशिक रोजगारीमा निर्भर युवाहरू आत्मनिर्भर र उद्यमशील बन्ने वातावरण तयार हुनेछ ।

### ३.४.१ वर्तमान अवस्था

बागचौर नगरपालिकाको शारदा माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत *बाली विज्ञान* विषयको पठनपाठन भइरहेको छ । प्राविधिक धार तर्फ अन्तर्गत बाली विज्ञानमा  जनकल्याण माध्यमिक विद्यालयमा ४८ कोटा हाल ४६ जना छात्रा २३ जना छात्र गरी जम्मा २३ जना विद्यार्थी अध्ययनरत छन् भने ६ जना प्रशिक्षकहरू कार्यरत छन् ।

यस कार्यक्रमले स्थानीय तहमा मध्यमस्तरको सिपयुक्त जनशक्ति उत्पादनमा सहयोग पुऱ्याएको छ । नगरपालिकाले प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्न छात्रवृत्ति उपलब्ध गराएको छ । तथापि, पछिल्लो समय प्रशिक्षकको अभाव र विद्यार्थीको घट्दो सहभागिताका कारण कार्यक्रम बन्द हुने जोखिमपूर्ण अवस्थामा पुगेको छ ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा सबैको पहुँच अभिवृद्धि गर्नु,
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु र
३. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू सिर्जना गर्न आवश्यक नीति, कार्यक्रम तथा संरचनात्मक संयन्त्र विकास गर्नु ।

### ३.४.३ रणनीतिहरू

- प्राविधिक शिक्षालाई सबै वर्ग र समुदायको पहुँचमा पुऱ्याउने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा दक्ष तथा प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- स्थानीय तहमै प्राविधिक र सिपमूलक शिक्षाको अवसरहरू सिर्जना गर्ने,
- प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूको स्थापना, सञ्चालन तथा नियमन गर्ने,
- गुणस्तरीय, प्रभावकारी र समावेशी प्राविधिक तालिम सुनिश्चित गर्न सरोकारवालाहरूसँग समन्वय र साझेदारी गर्ने,
- सिपमा आधारित आयआर्जनमूलक गतिविधिको माध्यमबाट आत्मनिर्भरता प्राप्त गर्न संस्थागत क्षमता विकास गर्ने,
- महिला, मुस्लिम, जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न वर्गलाई मूल प्रवाहीकरण गर्नकालागि छात्रवृत्तिसहित समावेशी कार्यक्रमहरू सञ्चालन गर्ने,
- कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा, संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रमा आधारित सिपमूलक तालिम सञ्चालन गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक र सिपमूलक शिक्षा उपलब्ध गराउन सम्बन्धित संघसंस्था, निकायहरूसँग समन्वय गर्ने,
- स्थानीय तहमा क्रियाशील प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूसँग सहकार्य गरी सञ्चालनमा आवश्यक सहयोग प्रदान गर्ने र
- रैथाने ज्ञान, सिप, प्रविधि तथा शैलीको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी उत्पादन, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका माध्यमबाट आर्थिक जीवनस्तर सुधार गर्न सफल भएका हुनेछन,
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सबैका लागि समतामूलक पहुँचसहित पर्याप्त अवसरहरू सिर्जना भएका हुनेछन,
- नगरपालिकामा बहुप्राविधिक शिक्षालय वा प्राविधिक धारसहितका माध्यमिक विद्यालयहरू स्थापना भई प्रभावकारी रूपमा सञ्चालनमा रहेका हुनेछन,
- स्थानीय स्तरमा सञ्चालित प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरू सान्दर्भिकता, गुणस्तर र परिणामका दृष्टिले प्रभावकारी बनेका हुनेछन,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू उत्पादनशीलता र स्थानीय आर्थिक उपार्जनसँग जोडिएका हुनेछन,
- परम्परागत रैथाने सिपहरूको पहिचान, प्रमाणीकरण र प्रवर्द्धन भई संरक्षण र उपयोगमा ल्याइएको हुनेछ,
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सिप र अनुभवको पहिचान, प्रमाणीकरण र प्रयोगका लागि अनुकूल वातावरण सिर्जना भएको हुनेछ र
- खोज, नवप्रवर्तन (innovation) र उद्यमशीलताको प्रवर्द्धन भई स्थानीय स्तरमै सृजनात्मक तथा नवाचारमा आधारित उद्यमहरू विकास भएका हुनेछन।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | २३ | २५ | २५ | ४० | ४० |
| ३ | छात्रवृत्ति पाउने विद्यार्थीहरूको सङ्ख्या | २३ | २५ | २५ | ४० | ४० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा जोडिएका विद्यार्थी सङ्ख्या | ५ | १० | १० | १० | १० |
| ५ | प्राविधिक धार विद्यालय स्थापना | | १ | | १ | २ |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिमका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ३ | छोटो अवधिका सिपमूलक तालिम | वटा | २ | २ | २ | २ | २ | १० |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी स्तरीय नीतिको तर्जुमा | पटक | १ | | १ | १ | १ | ४ |
| ५ | युवालाइ खोज र नवप्रवर्तनका कार्यक्रमहरू | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ६ | युवाहरूलाइ उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ७ | सेवा प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | प्रशिक्षक सङ्ख्या | जना | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ९ | छात्रवृत्ति पाउने प्रशिक्षार्थी सङ्ख्या | जना | १० | १० | १० | २० | २० | ७० |
| १० | अवलोकन भ्रमण गरेको सङ्ख्या | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | प्राविधिक धार विद्यलय थप गर्ने | विद्यालय | | १ | | | १ | २ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीको संरचना बाहिर रहेर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गरिने शिक्षात्मक प्रणालीलाई *अनौपचारिक शिक्षा* भनिन्छ, जसले व्यक्तिको जीवनभर जारी रहने *आजीवन सिकाइ*लाई पनि समेट्छ। अनौपचारिक शिक्षाले समाजमा रहेका विभिन्न समूहहरूको आवश्यकतालाई ध्यानमा राखी विविध लक्ष्यहरूका साथ शिक्षात्मक सेवा प्रदान गर्दछ।

निरक्षर व्यक्तिका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर शिक्षा, सिकाइको स्तरवृद्धि, सिपसँग आम्दानीको संयोजन तथा शिक्षित, सक्षम समाज निर्माणमा अनौपचारिक र आजीवन शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। त्यस्तै, राष्ट्रिय शिक्षा नीतिले समावेशी र समतामूलक शिक्षालाई प्रवर्द्धन गर्दै आएको छ भने दिगो विकास लक्ष्य (SDG) नं. ४ ले *"सबैका लागि समावेशी, न्यायोचित र गुणस्तरीय शिक्षा"* र *"जीवनपर्यन्त सिकाइका अवसर"* सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

विगतमा सञ्चालित साक्षरताका कार्यक्रमहरूले धेरै व्यक्तिलाई साक्षर बनाएको भए पनि तिनको शिक्षालाई निरन्तरता दिन मागमा आधारित निरन्तर शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरू आवश्यक छन्। विशेषगरी औपचारिक शिक्षाबाट बाहिर रहेका महिला, युवा र प्रौढहरूलाई लक्षित गरी कार्यमूलक साक्षरता, सिपमूलक तालिम, डिजिटल साक्षरता, आयमूलक कार्यक्रम, समूह साझेदारी तथा सामाजिक सचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

त्यस्तै, औपचारिक र अनौपचारिक शिक्षा प्रणालीहरूबिच *Cross Ventilator* प्रणाली विकास गरी शिक्षालाई लचकदार, पहुँचयोग्य र आवश्यकतालाई सम्बोधन गर्ने किसिमबाट कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यसले औपचारिक शिक्षा प्रणालीमा पुनः प्रवेश गर्न चाहनेहरूका लागि पनि सहज वातावरण सिर्जना गर्नेछ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने, अनौपचारिक, वैकल्पिक, परम्परागत तथा खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ। यस नीति अन्तर्गत जीवनपर्यन्त सिकाइमार्फत मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरिएको छ।

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यसैअनुसार सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ समेत कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार बागचौर नगरपालिकामा हाल ७४९८ घरधुरी र ३४०२१ जसमा महिला१७५४७ र पुरुष १६४७४ जनसङ्ख्या रहेको छ। पालिकाभित्र हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ, जसको नियमित अनुगमन, निरीक्षण र परिचालन कार्य भइरहेको छ। उल्लेखनीय कुरा के छ भने, वि.सं. २०७२ पुस १४ तदनुसार सन् २०१५ डिसेम्बर २ गते सल्यान जिल्ला *नेपालको २२ औं साक्षर जिल्ला*का रूपमा घोषणा भइसकेको छ।

### प्रमुख चुनौतीहरू:

- सामुदायिक सिकाइ केन्द्रहरूलाई पूर्ण रूपमा **क्रियाशील** बनाउनु,
- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिहरूलाई **अनौपचारिक शिक्षामा समावेश** गराउनु,
- सबै नागरिकलाई **डिजिटल साक्षर बनाउनु**,
- अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग **आवद्ध गर्नु**,
- सिकाइका लागि **पर्याप्त पठन सामग्री**को उपलब्धता सुनिश्चित गर्नु,
- अनौपचारिक सिकाइ केन्द्रहरूका लागि **आर्थिक स्रोतहरूको सुनिश्चितता** गर्नु,
- केन्द्र सञ्चालनका लागि **योग्य जनशक्तिको व्यवस्था** गर्नु र
- प्रत्येक वडामा **कम्तीमा एक अनौपचारिक सिकाइ केन्द्रको स्थापना** गर्नु।

### अवसरहरू

- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकलाई परिचालन गरी डिजिटल साक्षरता अवस्था सुधार गर्ने सम्भावना,
- सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकताहरू सम्बोधन गर्न सक्ने केन्द्रका रूपमा विकास गर्ने,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित पाठ्यसामग्री विकास गर्ने,
- शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको कानुनी व्यवस्था,
- शिक्षा नियमावलीमा अनौपचारिक शिक्षासम्बन्धी स्पष्ट व्यवस्था,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापनसम्बन्धी नीतिगत संरचना उपलब्ध हुनु,
- विभिन्न संघसंस्था र सरोकारवालाहरूले 'सबैका लागि शिक्षा' मा प्रतिवद्धता जनाउनु र
- सल्यान जिल्ला साक्षर जिल्ला घोषणा हुनु।

### ३.५.२ उद्देश्यहरू

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,
२. औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाबिच अन्तर्सम्बन्ध (cross-linkage) स्थापित गर्ने,
३. आजीवन सिकाइ संस्कृति विकासका लागि अनौपचारिक शिक्षा प्रणालीको संस्थागत सुदृढीकरण गर्ने र
४. सामुदायिक सिकाइ केन्द्रमार्फत जनचेतना अभिवृद्धि तथा सिपमूलक कार्यक्रम र तालिम सञ्चालन गर्ने।

### ३.५.३ रणनीतिहरू

- मौलिक तथा परम्परागत ज्ञान, सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण र हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनःसंरचना तथा आवश्यकतानुसार पुनःवितरण गरिने,

- विद्यालय, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकहरूको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गरिने,
- सिकाइकर्ताको आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुरूप सामग्रीको प्रयोग गरिने,
- सरोकारवालासँग सहकार्य गरी अनौपचारिक र वैकल्पिक शिक्षाको विस्तार गरिने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सूचना केन्द्र, एफ.एम. रेडियो लगायतका सेवा प्रवाह गर्ने बहुउद्देश्यीय थलोको रूपमा विकास गरिने,
- समुदायमा जनचेतनामूलक कार्यक्रम सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गरिने,
- सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिने,
- सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकको सहभागितामा सिपमूलक कार्यक्रम कार्यान्वयन गरिने र
- अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान र सिपहरूको परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूप (National Qualifications Framework) अनुसार प्रमाणपत्रको व्यवस्था गरिने।

## ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि (Achievements):

योजना कार्यान्वयनबाट प्राप्त हुने प्रमुख उपलब्धिहरू यसप्रकार छन्:

- सबै नागरिकका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित हुने,
- स्थानीय तहमा सिपमूलक तालिमबाट समुदायका नागरिकहरू आर्थिक रूपमा सक्षम र स्वावलम्बी बन्ने,
- अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन हुने र
- मौलिक र परम्परागत सिपहरूको संरक्षण, प्रवर्धन र उपयोग हुने।

### प्रमुख नतिजा (Key Results):

- सबै नागरिकले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त गर्ने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत प्रणाली निर्माण भई सञ्चालनमा आउने,
- सिकाइकर्ताको आवश्यकताअनुसार जीवनोपयोगी सामग्रीहरू विकास भई कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्रहरू आजीवन सिकाइका प्रमुख थलोका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान र सिपहरूको परीक्षण, प्रमाणीकरण तथा समकक्षता प्रदान गरिने र
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने।
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने।

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक गन्तव्य (Targets)

- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने (वार्षिक लक्ष्य तोक्ने),
- सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या वृद्धि गर्ने र ती केन्द्रहरूलाई नियमित रूपमा सञ्चालनमा ल्याउने,
- सामुदायिक सिकाइ केन्द्रहरूलाई पुस्तकालय, सूचना केन्द्र तथा बहुउद्देश्यीय थलोका रूपमा रूपान्तरण गर्ने,
- मौलिक तथा परम्परागत सिप र ज्ञानमा आधारित सिकाइ सामग्री विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगद्वारा सिकाइ प्रभावकारिता अभिवृद्धि गर्ने,
- सिकाइ प्रक्रियाबाट आर्जित सिपहरूको प्रमाणीकरण प्रणाली विकास गर्ने,
- सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य र साझेदारी विस्तार गर्ने,
- अनौपचारिक घुम्ती विद्यालय तथा स्रोत कक्षाहरू सञ्चालन गर्ने,
- धार्मिक तथा वैकल्पिक विद्यालयहरूलाई समेत समावेशी बनाउँदै अनुदान प्रदान गर्ने र
- संस्थागत व्यवस्थापन तथा अनुगमन प्रणाली सुदृढ गर्ने।

### ३.५.६ प्रमुख उपलब्धि तथा नतिजा **उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू:**

- सबै नागरिकहरूका लागि आजीवन सिकाइका अवसरहरू प्राप्त हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र सिप प्रवर्द्धन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | आजीवन सिकाइ सिप हासिल गरेका व्यक्तिहरुको तथ्यंक संकलन र वर्गीकरण गर्ने | पटक | १ | | १ | | १ | ३ |
| ३ | सामुदायिक पुस्तकालयको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ४ | प्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | सामुदायिक केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| ५ | सहजकर्ताको व्यवस्थापन | केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| ६ | संघ, प्रदेश र स्थानिय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | १ | १ | १ | १ | ५ |
| ७ | गैसससँग साझेदारी र सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | आधारभूत सुविधा सम्पन्न सिकाइ केन्द्रका सङ्ख्या बृद्धी गर्ने | स्थानिय तह | | १ | १ | १ | १ | ४ |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम केवल कुनै कक्षा वा तहमा के-कस्ता विषयवस्तु पढाउने भन्ने विषयसँग मात्र सम्बन्धित हुँदैन; यसले विद्यार्थीमा विकास गरिनुपर्ने क्षमता, सिकाइको उद्देश्य, सिकाइका लागि प्रयोग गरिने गतिविधि साथै मूल्याङ्कनका माध्यमबाट सिकाइको सुनिश्चितता कसरी गरिने भन्ने कुरासमेत समेट्छ।

पाठ्यक्रमको प्रमुख उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकास,सभ्यता र संस्कृतिको हस्तान्तरण ,विकास र शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्न सहयोग पुर्‍याउने कार्यहरू पर्दछन्।

मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा भएका ज्ञान, सिप तथा प्रविधिको विकासलाई ध्यानमा राखी पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाको रूपमा लिन आवश्यक छ।

पाठ्यक्रम कार्यान्वयनका लागि पहिलो र प्रमुख शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिइन्छ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्दै आएको छ। सूचना तथा सञ्चार प्रविधिको विकास पूर्ण रूपमा नपुगेको हाम्रो सन्दर्भमा पाठ्यपुस्तक विद्यार्थीहरूको प्रमुख सिकाइ साधनका रूपमा प्रयोग भइरहेको छ, जसले पाठ्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ।

### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा प्रणालीअन्तर्गत विद्यालय तहको पाठ्यक्रमलाई पहिलोपटक वि.सं. २०२८ मा दस्तावेजीकृत गरिएको थियो। त्यसै क्रममा पाठ्यक्रम विकासका लागि शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिएको हो। सो केन्द्रको निरन्तर प्रयाससँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिकको प्रक्रिया अघि बढाइएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भएपछि वि.सं. २०७७ देखि कक्षा १ र ११ मा यसको कार्यान्वयन सुरु भएको थियो। त्यसपछि क्रमशः २०७८ देखि कक्षा २, ३, ६ र १२ मा र अन्ततः वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षामा उक्त पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयनमा आइसकेको छ।

हाम्रो बागचौर नगरपालिकामा कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम बागचौर सेरोफेरो हाल कार्यान्वयन भैरहेको छ। नेपाल सरकारले हालसम्म कक्षा १ देखि १० सम्मका सबै विषयको तथा कक्षा ११ र १२ का अनिवार्य विषयहरूको निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ। साथै विभिन्न विषयका लागि शिक्षक निर्देशिका पनि तयार पारिएको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १ देखि ३ सम्मका विषयवस्तुहरूलाई अन्तरसम्बन्धित विषयवस्तुहरू एकीकृत गरी प्रस्तुत गरिएको छ। २०७८ सालको जनगणना अनुसार बागचौर नगरपालिकामा नेपाली भाषा मातृभाषा ९९.६४ प्रतिशत छ भने यस पालिकामा झण्डै सत प्रतिशत नै नेपाली मातृभाषा भएकोले अन्य भाषामा पाठ्यक्रम र पाठ्यसामाग्रीको विकास गर्नुपर्ने छैन। माध्यमिक तहसम्म नै विद्यार्थीहरूले निशुल्क पाठ्यपुस्तक पाउने गरेका छन्। पाठ्यपुस्तकको उपलब्धत सबै विद्यार्थीहरूसँग सहज भएता पनि पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको विद्यालयमा अभाव नै देखिन्छ।

विभिन्न भाषिक समुदायका बालबालिकाका लागि हालसम्म कक्षा १ देखि ५ **सम्म** २७ ओटा मातृभाषामा **पाठ्यपुस्तकहरू** कार्यान्वयनमा ल्याइएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीहरूलाई आधारभूत तह कक्षा (४-८) मा ३६ अङ्क र माध्यमिक तह कक्षा (९-१२) मा २५ अङ्क बराबरको प्रयोगात्मक कार्य, परियोजना कार्य जस्ता व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ।

परिवर्तित पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा (४-८) मा आन्तरिक मूल्याङ्कनतर्फ:

- परियोजना कार्य: ३६ अङ्क
- विद्यार्थी उपस्थिति तथा कक्षा कार्य: ४ अङ्क
- आवधिक परीक्षा: १० अङ्क

परिवर्तित पाठ्यक्रमअनुसार माध्यमिक तह कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनतर्फ:

- परियोजना कार्य: १६ अङ्क
- विद्यार्थी उपस्थिति तथा कक्षा कार्य: ३ अङ्क
- आवधिक परीक्षा: ६ अङ्क

यसरी आधारभूत तह कक्षा (४-८) मा आन्तरिक मूल्याङ्कनतर्फ जम्मा **५० अङ्कभार**, र बाह्य मूल्याङ्कनबाट थप **५० अङ्कभार** गरी **१०० पूर्णाङ्क**मा मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ। माध्यमिक तह कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनतर्फ जम्मा **२५ अङ्कभार** र बाह्य मूल्याङ्कनबाट **७५ अङ्कभार** गरी जम्मा **१०० अङ्क**मा मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ।

कक्षा १ देखि ३ सम्ममा **एकीकृत पाठ्यक्रम अन्तर्गत निरन्तर मूल्याङ्कन प्रणाली** लागू गरिएको छ। शिक्षकहरूको **पेसागत विकास**का लागि निश्चित अवधिमा तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। साथै सबै कक्षामा **अक्षराङ्कन प्रणाली** लागू गरिएको छ।

## पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयनको अवस्था

- पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएका पाठ्यक्रमका सफ्टकपीहरू केन्द्रको वेबसाइटमा उपलब्ध छन्, तर हार्डकपी धेरै विद्यालयमा पुग्न सकेको छैन।
- कतिपय विद्यालयमा पाठ्यक्रम उपलब्ध भए पनि एकदुई प्रति मात्र छन्, जसले गर्दा प्रत्येक शिक्षकको पहुँचमा पुग्न सकेको छैन।
- इन्टरनेट पहुँच अभावका कारण वेबसाइटबाट पाठ्यक्रम डाउनलोड गर्न नसकिने अवस्था पनि छ।
- स्थानीय पाठ्यक्रम तयार पारिएको छ र सबै विद्यालयमा वितरण गरिएको छ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माणको गरिएको छ।
- अन्य पाठ्यपुस्तकहरू भने सहजै विद्यालयमा उपलब्ध हुने गरेका छन्।
- शिक्षणमा पाठ्यक्रमको तुलनामा पाठ्यपुस्तकको प्रयोग बढी देखिन्छ।

## पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरू

- पाठ्यक्रम प्रवोधिकरण (orientation) तालिम सञ्चालन गरिएको छ।
- यद्यपि, केही शिक्षकहरूले अझै तालिम लिन बाँकी रहेको अवस्था छ।

## पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौती तथा अवसरहरू

- सबै शिक्षकहरूका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्नु,
- तहगत र विषयगत शिक्षक दरबन्दीको सृजना गर्नु,
- पाठ्ययोजना सहितको शिक्षण अभ्यासलाई संस्थागत गर्नु,
- आन्तरिक मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउनु,
- शिक्षक तथा कर्मचारीलाई पेसाप्रति जिम्मेवार र सन्तुष्ट बनाउने उपायहरू अवलम्बन गर्नु,
- पालिका तहमा एकरूपता मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न सफ्टवेयर विकास गर्नु ।

## विद्यार्थी मूल्याङ्कन प्रक्रिया

- पाठ्यक्रमअनुसार आन्तरिक मूल्याङ्कन हुन नसक्नु,
- मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्न नसक्नु,
- परीक्षा प्रणालीमा एकरूपता कायम हुन नसक्नु,
- नतिजाको विश्लेषण नगरिनु,
- विशिष्टिकरण तालिका (blueprint) अनुसार प्रश्नपत्र नबनाउनु र
- शिक्षणका क्रममा विभिन्न स्तरका प्रश्नहरूको अभ्यास नगरिनु ।

## स्थानीय तहले गरेका असल अभ्यासहरू

- शिक्षासम्बन्धी विभिन्न ऐन, नियमावली र कार्यविधिहरू तयार गरिएको छ ।
- शिक्षक दरबन्दी मिलानको कार्यविधि तयार गरी कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।
- SEE तयारी कक्षा सञ्चालनका लागि विद्यालयहरूलाई अनुदान प्रदान गरिएको छ ।
- आधारभूत तह (कक्षा ८) को परीक्षा मर्यादित र व्यवस्थित गर्न पहल गरिएको छ ।
- माध्यमिक तह (कक्षा ११–१२) मा प्राविधिक धारतर्फ अध्ययन गर्ने केही विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- इन्टरनेट पहुँच भएका विद्यालयहरूमा ई-हाजिरी प्रणाली कार्यान्वयन गरिएको छ ।
- खेलकुद क्षमताविकासका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिएको छ र
- स्थानीय पाठ्यक्रम तयार गर्दा कक्षागत रूपमा थिम-एकाइ निर्माण गरी रैथाने ज्ञान, सिप समेटी **हरित विद्यालय** अवधारणामा पोषण बगैँचा निर्माणको नीतिगत व्यवस्था गरिएको छ ।

## प्रमुख चुनौतीहरू

- विषयगत शिक्षकहरूको व्यवस्था गर्नु,
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रमसम्बन्धी अभिमुखिकरण गर्नु,
- माध्यमिक तह (११–१२) मा ऐच्छिक विषयका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउनु,
- शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु,
- निरन्तर विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्नु र
- रैथाने ज्ञान र सिपलाई परियोजना कार्यमार्फत विद्यालय तहमा समावेश गर्नु ।

### ४.१.२ उद्देश्यहरू

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउनु,
- स्थानीय तथा विश्वपरिवेशअनुसार शिक्षणद्वारा विद्यार्थीमा आवश्यक ज्ञान, सिप र व्यवहार विकास गर्नु,
- सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्नु,
- शैक्षिक सामग्रीको विकास, प्रयोग र व्यवस्थापनमा सुधार गर्नु र
- मूल्याङ्कनका विविध साधन (रुजु सूची, सञ्चित अभिलेख, परियोजना कार्य, व्यवहार प्रदर्शन) को प्रयोग गर्नु ।

### ४.१.३ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने,
- सम्बन्धित शिक्षक तथा सरोकारवालालाई पाठ्यक्रम र सामग्रीको प्रवोधीकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि संरचनात्मक र पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- विपद्, महामारी वा अन्य सङ्कटकालीन अवस्थामा वैकल्पिक शिक्षण विधिको प्रयोग गर्ने,
- शिक्षकका लागि निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्ने,
- शिक्षकको पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या समाधानउन्मुख शिक्षण विधिको प्रवर्द्धन गर्ने,
- विद्यालयमा आधारित सहयोग पद्धतिको विकास गर्ने,
- सहपाठी सिकाइ समूहमार्फत कमजोर विद्यार्थीलाई सहयोग गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग अभिवृद्धि गर्ने,
- सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग जोड्दै कार्यान्वयन गर्ने,
- परीक्षा प्रणालीलाई मर्यादित र व्यवस्थित बनाउने,
- मूल्याङ्कनको विश्लेषण गरी त्यसका आधारमा शिक्षणमा सुधार गर्ने,
- निरन्तर मूल्याङ्कनलाई शिक्षणको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने र
- प्रयोगात्मक/परियोजना कार्यमार्फत विद्यार्थी सहभागिता बढाउने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरू:**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका माध्यमबाट दैनिक जीवनोपयोगी आधारभूत सिप, सृजनशीलता, सकारात्मक सोच, निरन्तर सिकाइमा प्रतिबद्धता, र रोजगारउन्मुख क्षमता भएका नागरिक उत्पादन हुने ।
- स्थानीय पाठ्यक्रम स्थानीय विज्ञ तथा सरोकारवालाको सहभागितामा निर्माण भई प्रभावकारी रूपमा कार्यान्वयन हुने र
- स्थानीय ज्ञान, सिप र प्रविधिको राष्ट्रियकरण भई स्थानीयताको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने ।

**प्रमुख नतिजाहरू:**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा सुनिश्चित हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रियाका लागि आवश्यक पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइ प्रक्रियाले दैनिक जीवनसँग सम्बन्धित सिप, व्यवहार र ज्ञान विकासमा टेवा पुऱ्याउने,
- शिक्षणसिकाइ स्थानीय र आधुनिक सन्दर्भसङ्गत भई ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण हुने,
- सिकाइ समस्याहरूको समाधान उन्मुख निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आउने र
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण तथा कार्यान्वयन सुनिश्चित हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| २ | स्थानीय पाठ्यपुस्तक कार्यान्वयन भएका विद्यालय कक्षा सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ३ | पाठ्यपुस्तक समयमै उपलब्ध भएका विद्यालयहरूको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ४ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ५ | आन्तरिक मूल्याङ्क र निरन्तर मुल्याङ्कन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ३० | ६८ | ६८ | ६८ | ६८ |
| ६ | पढाइमेला तथा शैक्षिक समाग्री प्रदर्शनी | | १ | ० | १ | २ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | **जम्मा** |
| १ | पाठ्यक्रम अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षक पेसागत विकास तालिम | जना | ६८ | ६८ | ६८ | ६८ | ६८ | ३४० |
| ३ | शिक्षक पेसागत सहयोग प्रणाली | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ६ | डिजिटल सामाग्रीको प्रयोग सहयोग | वटा | ६ | १२ | १० | २० | २० | ६८ |
| ७ | सूचना प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | निशुल्क पाठ्यपुस्तक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा परिमार्जन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | विद्यालयमा शिक्षण सिकाइ सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद तथा सहयोग | कक्षा १ देखि ३ | ६८ | ६८ | ६८ | ६८ | ६८ | ३४० |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | शैक्षिक सामाग्री प्रदर्शनी | पटक | | १ | १ | १ | १ | ४ |
| १७ | शिक्षक बिद्यार्थी द्धारा निर्मित बिज्ञान शैक्षिक सामाग्री प्रदर्शनी | पटक | | १ | ० | १ | १ | ३ |
| १८ | सामुदायीक विद्यालयमा भएका असल अभ्यास अनुभव आदान प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुनु अत्यावश्यक हुन्छ । शिक्षकमा पर्याप्त विषयवस्तु ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको दक्षता तथा अनुकरणीय व्यक्तित्व रहनुले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहमा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

आधारभूत तह (१-५) मा विद्यार्थी सङ्ख्याका आधारमा र आधारभूत तह (६-८) तथा माध्यमिक तहमा विषयगत आधारमा शिक्षकको दरबन्दी तोकिएको छ । पहाडी जिल्लाको शिक्षक विद्यार्थी अनुपात १:४५ को मापदण्ड कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावली अनुसार आधारभूत तहमा कम्तिमा ७ जना र माध्यमिक तहमा १२ जना शिक्षकको दरबन्दी अनिवार्य हुनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

नेपालमा विगतदेखि हालसम्मका विभिन्न शिक्षा योजना, परियोजना र कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धिमा जोड दिएका छन् । विद्यालय शिक्षालाई विद्यार्थीकेन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी सिकाइ सहज बनाउने तथा बालमैत्री वातावरण सिर्जना गर्ने प्रयासहरू भएका छन् । विद्यालय क्षेत्र विकास योजना अन्तर्गत विद्यार्थीकेन्द्रित शिक्षण अभ्यासका लागि शिक्षक क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका थिए । ती कार्यक्रमहरूमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिका मागमा आधारित तालिमहरू सञ्चालन गरेर शिक्षण क्रियाकलापमा सुधार ल्याउने प्रयास गरिएको थियो ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट कक्षाकोठाको शिक्षणमा गुणात्मक सुधार सम्भव हुन्छ । त्यसका लागि शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरू उपलब्ध गराइनु पर्छ । शिक्षक विकासका उपायहरूमा तालिम, कार्यशाला, सेमिनार, सम्मेलन, क्रियाशील अनुसन्धान, सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ, कोचिङ आदि समावेश छन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नेतर्फ जोड दिइएको छ । शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा विद्यालय सहायकहरुलाई विद्यालयको लेखा, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनसम्बन्धी तालिम, शिक्षकको पेसागत विकासका विभिन्न मोडालिटीका तालिमहरू आवश्यक ठानिएको छ ।

कक्षाकोठाको सिकाइलाई गुणस्तरीय बनाउन शिक्षक सहयोग प्रणालीलाई सुदृढ गर्न, पेसागत विकासलाई संस्थागत गर्न र विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउन यस योजनामा विशेष प्राथमिकता दिइएको छ ।

यस खण्डमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण, चुनौतीहरूको पहिचान, उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित नतिजा तथा प्रमुख क्रियाकलापहरू समावेश गरिनेछ ।

### ४.२.१ वर्तमान अवस्था

हाल नेपालको सन्दर्भमा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालय र विभिन्न शिक्षक शिक्षा प्रदान गर्ने संस्थाहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र (लाइसेन्स) प्राप्त गर्नका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा पदपूर्तिको लागि प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गर्ने, तथा बढुवा सम्बन्धी कार्यहरू शिक्षक सेवा आयोगले गरिरहेको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूको नियुक्ति तथा पदस्थापनको कार्य भने स्थानीय तहले गर्ने व्यवस्था छ ।

त्यस्तै, अस्थायी वा करार सेवामा शिक्षक नियुक्ति गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने लगायतका कार्यहरू पनि स्थानीय तहबाटै सञ्चालन भइरहेको छ । शिक्षकको पेसागत विकासका लागि नीतिनिर्माण गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा गरिन्छ । त्यस्तै, प्रमाणिकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार पार्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएको छ । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने जिम्मेवारी प्रदेश शिक्षा तालिम केन्द्रहरूको हो ।

बागचौर नगरपालिकाको सन्दर्भमा हाल शिक्षक–विद्यार्थी अनुपात १:१८ रहेको छ भने राष्ट्रिय औसत १:२४ छ । नगरपालिका भित्रको शिक्षक स्थिति निम्नानुसार छ:

- **बाल विकास केन्द्र**: ७२ जना शिक्षक
- **आधारभुत तह कक्षा (१-५)**:
  - स्थायी दरबन्दी: ११८ जना
  - राहत: ४४ जना
  - नगर अनुदान : ६१ जना
  - अस्थायी दरबन्दी करार : १ जना
- **आधारभुत तह कक्षा (६-८**:
  - स्थायी दरबन्दी: १९ जना
  - राहत: १० जना
  - नगर अनुदान : २५ जना
  - संघिय अनुदान : १५ जना
  - प्राविधिक धार शिक्षक : २ जना
- **माध्यमिक तह कक्षा (९-१०)**:
  - स्थायी दरबन्दी: १३ जना
  - राहत: १२ जना
  - नगर अनुदान : ७ जना
  - संघिय अनुदान : १५ जना
  - प्राविधिक धार : ४ जना
  - अस्थायी दरबन्दी करार : १ जना

- **कक्षा ११–१२**: ११ जना संघिय अनुदान माध्यमिक अनुदान

विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको निरन्तर पेसागत विकास र दक्षता अभिवृद्धिका लागि विभिन्न संघसंस्था, मानव स्रोत तथा संसाधन केन्द्र, प्रदेश सरकार र स्थानीय सरकारबाट विविध क्षमता विकास कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

शिक्षक तथा विद्यालय कर्मचारीहरूका लागि सूचना प्रविधि, लेखा व्यवस्थापन, सार्वजनिक खरिद प्रणाली, र जिन्सी व्यवस्थापनजस्ता विषयमा थप क्षमता विकासको आवश्यकता महसुस गरिएको छ। सोही अनुसार, मानव स्रोत विकास केन्द्र सानोठिमी (भक्तपुर) तथा मानव संसाधन विकास केन्द्र सुर्खेतबाट आधारभूत र माध्यमिक तहका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई तालिम प्रदान गरिँदै आएको छ।

## चुनौतीहरू

- पालिकामा कार्यरत सबै शिक्षकहरूलाई TPD (Teacher Professional Development) तालिमको मूलधारमा ल्याउन,
- शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाई, तालिममा सिकिएका ज्ञान र सिपहरू कक्षाकोठामा प्रयोग गर्न प्रेरित गर्न,
- शिक्षक दरबन्दी मिलानको कार्यलाई पूर्णता दिनु,
- शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नु र
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।
- आधारभूत तथा माध्यमिक तहका लागि विषय शिक्षकहरुको व्यवस्थापन गर्न,
- सूचना तथा प्रविधिसम्बन्धी ज्ञान र सिप कक्षाकोठा सिकाइ कार्यमा उपयोग गर्न,

## ४.२.२ उद्देश्यहरू

- सबै तहमा तालिमप्राप्त, सक्षम, प्रतिबद्ध, अभिप्रेरित र योग्य शिक्षकहरूको व्यवस्थापन गर्नु,
- आधारभूत तह कक्षा (१–५) मा विद्यार्थी सङ्ख्या र भौगोलिक आधारमा, आधारभूत तह कक्षा (६-८) र माध्यमिक तह कक्षा (९–१२) मा विषयगत आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
- शिक्षक कार्यसम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन र दण्डको व्यवस्था गर्नु,
- शिक्षक छनोट र नियुक्तिलाई प्रतिस्पर्धी, पारदर्शी र व्यवस्थित बनाउनु,
- सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु र
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
- जहाँ विद्यार्थी त्यहाँ शिक्षक अनुसार शिक्षक व्यवस्थापनका लागि संस्थागत पद्धति विकास गर्नु,
- विषय विज्ञ शिक्षकहरुको रोष्टर समूहद्धारा कक्षा अवलोकन र नमुना पाठ प्रर्दशनको अवसर प्रदान गर्नु,

## ४.२.३ रणनीतिहरू

- नव प्रवेशी एवम् कार्यरत शिक्षकहरूको पेशागत दक्षता, क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धी तालिमको सञ्चालन गर्ने,

- तहगत, क्षेत्रगत तथा विषयगत आधारमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण र आवश्यक परे थप दरबन्दीको व्यवस्था गरिने,
- शिक्षक पेसागत सहयोगका लागि स्थानीय तहले मापदण्ड तथा कार्यविधि तयार गर्ने । यस अन्तर्गत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकहरूको माध्यमबाट मेन्टोरिङ प्रणाली विकास गरी कार्यान्वयन गरिने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार ल्याइने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकास विद्यार्थीको सिकाइ नतिजासँग सम्बन्धित बनाई जवाफदेही प्रणाली विकास गरिने,
- पालिकाले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षक तथा कर्मचारीसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाइने,
- शिक्षकलाई आफ्नो पेसाप्रति थप उत्तरदायी बनाउन प्रोत्साहन र दण्ड (reward and punishment) को व्यवस्था गरिने,
- समसामयिक र नवीन शिक्षण विधि, प्रविधि तथा डिजिटल सामग्रीसँग परिचित गराउनु र कक्षा शिक्षणमा प्रयोगको वातावरण तयार गर्ने
- वार्षिक रूपमा शिक्षक तथा कर्मचारीहरूबाट स्वमूल्याङ्कन गर्ने प्रणालीको विकास गरिने,शिक्षकको उपस्थिति, शिक्षकले कक्षा कोठामा बिताउने समय र कार्यसम्पादन सुधार योजना अनिवार्यरुपमा लागू गर्ने
- शिक्षक तथा प्र. अ. को वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेहि हुने पद्धतिको विकास गर्ने
- अवकाश प्राप्त स्थानीय जनशक्ति एवम् पूर्व विद्यार्थीहरू र रैथाने ज्ञान सिप र अनुभव प्राप्त स्थानीय व्यक्तिहरूलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन गर्ने,
- नगरपालिकास्तरमा शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि शिक्षक सहायता पद्धति (Teacher Support System / Mechanism) स्थापित गर्ने ,
- न्यूनतम संख्या र विषयगत शिक्षक नभएको विद्यालयकालागि पालिकास्तरबाट स्वयंसेवक शिक्षककालागि व्यवस्थापन गर्ने,
- प्रसुति वा सुत्केरी बिदामा रहेको अवधिमा शिक्षण सिकाइ निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्थापन गर्ने ,

### ४.२.४ प्रमुख उपलब्धिहरू तथा अपेक्षित नतिजाहरू

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्थामार्फत विद्यार्थीको सिकाइ परिणाममा गुणात्मक सुधार हुनेछ,
- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षक तयारी, छनोट र पेसागत विकास हुनेछ,
- शिक्षक तयारीका कोर्सहरुमा विषयगत तथा शिक्षण सिपसम्बन्धी सक्षमता विकास गरिने,
- प्र. अ. र शिक्षकहरूमा कार्यसम्पादन करार सम्झौता भई कार्यसम्पादनस्तरमा सुधार भएको हुनेछ
- शिक्षण पेसा प्रतिस्पर्धी, प्रतिष्ठित र सम्मानित पेसाको रूपमा स्थापित हुनेछ,
- पेसागत विकाससम्बन्धी नीतिहरू सुदृढ भई कार्यान्वयनमा आउने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर सहयोग प्राप्त हुनेछ,
- शिक्षकको उपस्थिति, शिक्षण पद्धति र कार्यसम्पादनमा उल्लेखनीय सुधार आउने,

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण हुने,
- शिक्षकको नियमित आपूर्ति सुनिश्चित हुनेछ,
- शिक्षक वृत्तिविकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ र जवाफदेही हुनेछ,
- शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई अभिभावक शिक्षा, तालिम तथा अवलोकन भ्रमणका अवसरहरू प्रदान गरिने,

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target)

#### प्रमुख क्रियाकलापहरू र लक्ष्यहरू

- शिक्षकको नियुक्ति र सरुवा प्रक्रिया व्यवस्थापन गर्नु,
- अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका तयार पार्नु,
- अपाङ्गता भएका व्यक्ति र महिला व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि गर्नु,
- नियमित शिक्षण–सिकाइ सुनिश्चित गर्न मापदण्ड विकास गर्नु,
- कमजोर विद्यार्थीहरूका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्नु,
- उपचारात्मक शिक्षण पद्धति लागू गर्नु,
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्थाको प्रबन्ध गर्नु,
- पुस्तकालय र पुस्तक कुना स्थापना तथा सञ्चालन गर्नु,
- सूचना प्रविधि प्रयोगशालाको व्यवस्था गर्नु,
- विज्ञान प्रयोगशालाको सञ्चालन गर्नु,
- प्राविधिक–व्यावसायिक शिक्षा सञ्चालन हुने विद्यालयहरूमा प्रयोगशालाको प्रभावकारी व्यवस्थापन गर्नु,
- शिक्षण तथा सिकाइ सामग्रीहरूको विकास गर्नु,
- ईन्टरनेट सेवा उपलब्ध गराउने व्यवस्था गर्नु,
- शिक्षण–सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था गर्नु,
- परीक्षा परिणामको विश्लेषण गर्नु,
- शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि गर्नु,
- विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास गर्नु,
- शिक्षक पेसागत सहयोगको सुनिश्चितता गर्नु,
- सफल तथा असल अभ्यासको अवलोकन भ्रमण गर्नु,
- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण गर्नु,
- विज्ञ समूहहरूको गठन गर्नु,
- सहपाठी कक्षा अवलोकन कार्यक्रम सञ्चालन गर्नु,
- छोटो अवधिको शिक्षक तालिम सञ्चालन गर्नु,
- विद्यालय तहमा शिक्षकको पेसागत विकास गर्नु,
- कार्यसम्पादन मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु,
- प्रधानाध्यापकको व्यवस्थापन गर्नु र

- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको व्यवस्था गर्नु ।

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन | जना | १० | १० | १० | १० | १० | ५० |
| ३ | शिक्षक/ कर्मचारीको स्वास्थ्य विमा अनिवार्य | जना | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | संर्धषरत विद्यार्थीका लागि सहायता कक्षा संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | प्रारम्भिक कक्षामा पुस्तक कुनाको व्यवस्था गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षकको संजाल बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विज्ञ समुह परिचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ९ | शिक्षक पेसागत सहयोग विकास क्रियाकलाप संचलान | जना | सवै | सवै | सवै | सवै | सवै | |
| १० | सिकाइ समुह वैठक/घुम्ती वैठक संचालन गर्ने | पटक | | २ | ६ | ६ | ६ | २० |
| ११ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम संचालन | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | शिक्षिक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | ० | १ | १ | २ |
| १३ | विद्यालयलाई शिक्षण सिकाइ अनुदान सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | प्रअ तथा शिक्षसँग करार सम्झौता मार्फत सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको ब्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १७ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि कार्यशालाको | पटक | १ | १ | १ | १ | १ | ५ |
| १८ | प्रविधि मैत्री सिकाइका तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सवै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.३ शिक्षामा समता तथा समावेशीकरण

नेपाल विविधतामा एकता भएको देश हो। यस देशको भौगोलिक, सामाजिक र सांस्कृतिक विविधता नै नेपालको सुन्दरता र पहिचानको आधार हो। यद्यपि विविधताभित्र एकता भए तापनि समता र समानता हुन नसक्दा भौगोलिक, जातिगत र सामाजिक रूपमा पछि परेका समुदायहरू अझै पनि राज्यको मूलधारमा पूर्ण रूपमा समावेश हुन सकेका छैनन् । सबै क्षेत्रलाई समेटेर समतामूलक समाज निर्माणका लागि भौगोलिक, क्षेत्रगत, आर्थिक र लैङ्गिक भिन्नतालाई सम्बोधन गर्दै सबैलाई शैक्षिक पहुँचमा ल्याउनु अत्यावश्यक छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ। यसले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने व्यवस्था गरेको छ। साथै अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकहरूले कानुनबमोजिम नि:शुल्क शिक्षा प्राप्त गर्ने हकको व्यवस्था गरेको छ। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनी रूपमा आफ्नै मातृभाषामा शिक्षा पाउने हक संविधानले दिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीकरण अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक, सामाजिक रूपमा पिछडिएका समुदायलाई छात्रवृत्ति प्रदान गर्ने र नेपाल सरकारले तोकेको शैक्षिक संस्थाहरूबाट नि:शुल्क विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राविधिक र व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

त्यस्तै विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयन भई बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोगसहित शैक्षिक अवसर प्रदान गरिएको छ। यसले सबै बालबालिकालाई समान शैक्षिक अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

### ४.३.१ वर्तमान अवस्था

बागचौर नगरपालिकामा सञ्चालित विद्यालयहरूमा अध्ययनरत कुल १०२५४ जना विद्यार्थीहरूमध्ये ५,३०७ जना छात्र र ४,९४७ जना छात्रा रहेका छन्। सबैको मातृभाषा नेपाली हो। त्यस्तै, सामुदायिक विद्यालयहरूमा कार्यरत ५०८ जना शिक्षकहरू कार्यरत छन्।

सामुदायिक विद्यालयहरूमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउने, कक्षाकोठाको शिक्षणसिकाइ वातावरण सुधार गर्ने र समता तथा समावेशीकरण नीति अवलम्बन गर्ने प्रयासहरू भइरहेका छन्। बागचौर नगरपालिकामा अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता, घाइते , अपांग् सबै किसिमका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउनका लागि पालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ती, अपांगमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू नगरपालिकाले गरिरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपांग भएका बालबालिकाहरूको लागि श्रोत विद्यालयको व्यवस्थापन छैनर अहिले पनि सवै बालबालिकाहरूलाइ शिक्षाको मुलधारमा ल्रयाउन सकेको देखिदैन। जिल्लामा सुनाइ सम्वन्धी अपांगता र स्वर बोलाइ सम्वन्धी अपांगता भएका बालबालिकाहरूलाइ ध्यानमा राखि त्रिभुवन जनता मावि भोटेचौर सल्यान, दृष्टिविहिन विद्यार्थीहरूलाइ ध्यानमा राखि शिवजन मावि शितलपाटी र सुस्त श्रवण विद्यार्थीलाइ ध्यानमा राखि महेन्द्र मावि बाँझकाडामा संचालन गरिएका श्रोत कक्षामा बालबालिकाहरू अध्ययनरत छन्। तर बागचौर नगरपालिकामा तेस्ता बालबालिकाहरूका लागि छुटटै बिद्यालयको ब्यबस्था भएको छैन।

#### चुनौतीहरू

- अपाङ्गता भएका र सामाजिक, भौगोलिक रूपमा पछाडि परेका विकट समुदायका बालबालिकाहरूको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु,
- परिवार, समुदाय र विद्यालयबाट बालबालिकाहरूलाई उपयुक्त सहयोग र संरक्षणको वातावरण निर्माण गर्नु,
- अपाङ्गताको प्रकृतिअनुरूप बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न विशेष कक्षा तथा विद्यालय स्थापना गर्नु र स्थापित कक्षा तथा विद्यालयहरूको प्रभावकारी सञ्चालन गर्नु,
- आवश्यकता र कठिनाइअनुसार शैक्षिक सामग्रीको व्यवस्थित व्यवस्थापन गरी प्रयोगमार्फत सिकाइमा सुधार ल्याउनु र
- शैक्षिक समता र समावेशीकरणका विषयमा सबै शिक्षकहरूको दक्षता र क्षमता अभिवृद्धि गर्नु।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकालाई समावेशी र समतामूलक रुपमा शिक्षामा पहुँच विस्तार गर्नु,
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउनु
३. विद्यालयमा कुनै प्रकारको विभेद,दुव्यर्हार मुक्त वातावरण सुनिश्चित गर्नु,

### ४.३.३ रणनीतिहरू

१. विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरण विकास गरी लक्षित समूहका सबै बालबालिकालाई शिक्षा उपलब्ध गराउने,

२. सेवा क्षेत्रभित्र घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकताहरू पहिचान गरी पहुँच र सहभागिताको प्रभावकारी व्यवस्था मिलाउने,
३. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र शिक्षा प्रदान गर्ने,
४. दिवाखाजा,छात्रवृति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने,
५. किशोरीहरूलाई लक्षित गरी महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा सञ्चालन गर्ने,
६. अपाङ्गताको प्रारम्भिक पहिचान गरी विभिन्न प्रकारका अपाङ्गताका आवश्यकतालाई मध्यनजर गर्दै विशेष कार्यक्रम, स्रोत कक्षा र विशेष विद्यालयको व्यवस्था गर्ने,
७. आर्थिक रूपमा विपन्न, सुविधाविहीन, कठिन परिस्थिति तथा अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति व्यवस्था गरी विद्यालय सहभागिता सुनिश्चित गर्ने,
८. स्थानीय पाठ्यक्रममा भूगोल, वातावरण, इतिहास, मूल्यमान्यता, पेसा-व्यवसाय र प्रविधि तथा पर्यटन जस्ता विषयहरू समावेश गरी सिकाइलाई जीवनोपयोगी बनाउन जोड दिने,
९. बालमैत्री र विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी गुणस्तरीय, व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने र
१०.सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउँदै विद्यार्थीका आवश्यकताहरू सम्बोधन गर्ने गरी विविधता कायम राख्ने र विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्कार तथा हेपाइ नहुने बालमैत्री वातावरण सिर्जना गर्ने ।

११.आवश्यकता अनुसार केही विद्यालयमा स्रोत कक्षाको व्यवस्था गर्ने,

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. लक्षित समूहका बालबालिकालाई समतामूलक रुपमा शिक्षामा पहुँच सुनिश्चित गरी सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हासिल हुनेछ ।

२. विद्यालयहरुमा बालमैत्री वातावरणसहित सिकाइमा सुधार भएको हुनेछ,

३. विद्यालयहरुमा अपाङ्थता र लैङ्गिकमैत्री वातावरण सृजना भएको हुनेछ,

४. पाठ्यक्रम,पाठ्यसामाग्री ,शिक्षण सिकाइ प्रक्रिया लगाउत समस्त शैक्षिक प्रणालीमा विविधता ,समता तथा समावेशीता अभिवृद्धि भई समता सूचकहरुमा सुधार हुने,

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन | | १ | १ | १ | १ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | १.०७ | १.०६ | १.०५ |
| ४ | लैङ्गिकमैत्री र अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | २० | ३० | ६८ | ६८ | ६८ |

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| ६ | लैङ्गिकमैत्री फोकल व्यक्ति भएको विद्यालय सङ्ख्या | २० | ६८ | ६८ | ६८ | ६८ |
| ७ | छात्रवृत्ति तथा अन्य सुविधा प्राप्त गर्ने लक्षित समूहका विद्यार्थी सङ्ख्या | २३५० | २५०० | २७०० | २९०० | ३००० |
| ८ | गुनासो सुनुवाई संयन्त्र भएका विद्यालय सङ्ख्या | १० | २० | ६८ | ६८ | ६८ |
| ९ | समावेशी शिक्षा सम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | १० | २० | ६८ | ६८ | ६८ |
| १० | कठिन परिस्थिका बालबालिकाका लागि आवश्यक प्रवन्ध र सहयोग गर्ने विद्यालय सङ्ख्या | ५ | १० | १५ | १५ | २० |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target)

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचमा ल्याउने | जना | २० | ३० | २० | १० | १० |
| २ | वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गर्ने | पटक | | १ | १ | १ | १ |
| ३ | अपाङ्गता सम्बन्धी प्रारम्भिक परीक्षण गरी अपाङ्गताका आधारमा वर्गीकरण र अभिलेखीकरण तथा योजना निर्माण | पटक | | १ | १ | १ | १ |
| ४ | गैर सरकारी संघसंस्था बिच जवाफदेहिता सहितको कार्यगत समन्वय गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ५ | सबै विद्यालयमा गुनासो सुनुवाई संयन्त्र स्थापना गर्ने | विद्यालय | १० | ६८ | ६८ | ६८ | ६८ |
| ६ | लक्षित विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | विद्यालय अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षक पेसागत विकास तालिम प्रापत गर्ने शिक्षकहरुका लागि समावेशी शिक्षा सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य र पोषणको अवस्था प्रत्यक्ष सम्बन्धित हुन्छ। राम्रो स्वास्थ्य र पोषणले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकासलाई सुदृढ पार्दै सिकाइ उपलब्धिमा सुधार ल्याउन मद्दत गर्छ। तर नेपालसहित दक्षिण एसियामा अझै पनि सिघ्र कुपोषण बालबालिकाको मृत्युको प्रमुख कारण बनेको छ।

सरसफाइको कमी, सन्तुलित आहारको अभाव र पोषणयुक्त खानाको कमीका कारण बालबालिकामा विभिन्न रोगहरू देखा पर्नुका साथै विद्यालयमा नियमित उपस्थितिमा कमी आउँछ, जसले सिकाइमा नकारात्मक प्रभाव पार्छ। यससँगै मानसिक स्वास्थ्यसम्बन्धी समस्या पनि देखिन थालेका छन्।

पोषणसँगै सरसफाइ र स्वच्छता बालबालिकाको सिकाइमा अत्यन्त महत्वपूर्ण छन्। व्यक्तिगत, घरायसी, विद्यालय र वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा योगदान पुर्याउँछ। विद्यालयमा दिवा खाजा, स्वच्छ पिउने पानी, महिनावारी स्वच्छता व्यवस्थापन, स्वास्थ्य जाँच र खोप कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन र निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालनमा छन्। केही विद्यालयमा इन्सिनिरेटरको व्यवस्था र प्रयोगले सरसफाइमा सहयोग पुऱ्याएको छ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम (सन २०१६–२०२३), बालमैत्री विद्यालय फ्रेमवर्क लगायत नीति तथा पूर्ण सरसफाई निर्देशिकाले विद्यालयमा पिउनेपानी, सरसफाइ र पोषणबारे स्पष्ट दिशानिर्देशन गरेका छन्।

विद्यालयहरूमा छात्रछात्राका लागि युरिनल सहित फरक-फरक शौचालय, नियमित पानी, हात धुने सुविधा, स्वच्छ खानेपानी र न्यूनतम सरसफाइको व्यवस्था अनिवार्य छ। सफा र हरियाली वातावरण, स्वच्छता शिक्षा र महिनावारी स्वच्छता व्यवस्थापनले विद्यालय पोषण तथा सरसफाइमा योगदान पुऱ्याएको छ।

बालबालिकालाई नियमित स्वास्थ्य शिक्षा, स्वास्थ्य जाँच, खोप, भिटामिन र आइरन सप्लिमेन्ट वितरण समुदाय र विद्यालय स्तरमा नियमित हुनुपर्दछ।

दिवाखाजा व्यवस्थापनका लागि ६८ वटा विद्यालयमा विद्यालयका कर्मचारीले स्थानीय उत्पादनको खाजा खुवाउने कार्य सञ्चालन हुदै आएको छ। साथै ३ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रम समेत पालिकाबाट संचालन भईरहेको छ। स्थानीयस्तरमा उत्पादित पोषिलो खाद्यपदार्थहरुबाट बनेका मापदण्ड अनुसारका परिकारहरु

विद्यालयले वार्षिक औषत १८० दिनका लगि नियमित रुपमा खुवाउदै आएका छन् । यस दिवा खाजा कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने तथा शैक्षिक उपलब्धिहरू हासिल गर्न सहयोग पुर्‍याएको देखिन्छ । यद्यपि वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिदैन ।

यसैगरी यस नगरपालिकामा नेपाल सरकारकै कार्यक्रम अनुसार बालबालिकाहरुका लागि अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण ६८ वटा विद्यालयहरुमा प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६-१० का बालिकाहरूका लागि आइरन चक्की ६८ वटा विद्यालयमा वितरण गरिएको छ । विद्यालयमा शौचालयको व्यववस्था भए तापनि प्रर्याप्त पानी र शौचालय प्रबन्ध हुन सकेको छैन । अपाङ्गता भएका बालबाविकाका लागि अपाङ्गमैत्री शौचालय निर्माण गर्न भने बाँकि नै छ । विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि वर्ष भरी पुग्ने गरी निशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरिएको छ जसले गर्दा छात्राहरुको विद्यायमा नियमितता हुने दर बढेको छ। धेरैजसो विद्यालयमा अझै पनि सुरक्षित र सहज चेन्ज कोठा पानी तथा सरसफाइ प्रबन्धको कम्जोरी तथा प्रयोग भएका सामग्रीको व्यवस्थापन स्थानको अभाव, महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था गर्न सकिएको छैन ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वास्थ्यकर, पोषणयुक्त पौष्टिक खाना उपलब्ध गराउने सुनिश्चितता गर्नु,
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छताका सेवामा सुधार ल्याउनु,
- विद्यालयमा अध्ययनरत बालबालिकाको शारीरिक तथा मानसिक समस्याहरूको पहिचान गरी ती समस्याको निरुपण गरी सिकाइ उपलब्धिमा सुधार गर्नु,
- बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छतासम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु,
- बालबालिकाको व्यक्तिगत सरसफाइमा अभिवृद्दि गर्नु,
- अभिभावकहरूलाई बालबालिकाको पोषणका लागि स्वास्थ्य शिक्षा कार्यक्रम लागू गर्न प्रोत्साहित गर्नु,
- पोषण र यसले बालबालिकाको स्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु,
- पोषण र बालबालिकाको स्वास्थ्यसम्बन्धी नीतिगत व्यवस्थाहरू स्थापना र कार्यान्वयन गर्नु,
- सानातिना चोटपटक र सामान्य स्वास्थ्य समस्याहरूको लागि प्राथमिक उपचारको व्यवस्था सुनिश्चित गर्नु,

### ४.४.३ रणनीतिहरू

- विद्यालयमा बालबालिकाका लागि पोषिलो र ताजा खाजा तयार गर्ने व्यवस्था गर्ने; खाजा भान्सा, भण्डार, आवश्यक भाँडावर्तन तथा हात धुने सुविधा विस्तार गर्ने र अभिभावकको संलग्नता बढाउने,
- विद्यालय परिसरमा सानो बगैँचा स्थापना गरेर ताजा सागसब्जी उत्पादन षरी विद्यार्थीहरुलाई बगैँचामा सहभागी गराएर कृषि ज्ञान समेत प्रदान गरिने,

- पालिकाका सबै विद्यालयका लागि स्थानीय स्तरमा मान्य स्टान्डर्ड मेनु तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातअनुसार पर्याप्त पानी, साबुन, सफाइ सामग्री, फरक फरक छात्रछात्राका लागि शौचालय, युरिनल, किशोरीका लागि चेन्ज रुम, स्वच्छ खानेपानी, कक्षा तथा परिसर सरसफाइ र घेराबारको व्यवस्था गर्ने। स्यानिटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी र इन्सिनरेटरको व्यवस्था गर्ने,
- अभिभावकहरूलाई पोषण र बालबालिकामा यसको प्रभावबारे वार्षिक रुपमा कम्तिमा दुई पटक चेतना कार्यक्रम, लघु नाटक, सडक नाटक र पर्चा-पम्पलेटमार्फत सचेत बनाउने,
- पालिकास्तरीय बाल स्वास्थ्य तथा पोषण नीति तयार गरी त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- विद्यालयमा नियमित प्राथमिक उपचार किट वितरण, आवधिक स्वास्थ्य जाँच, औषधी तथा सूक्ष्म पोषक तत्व वितरण (भिटामिन ए, आइरन फोलिक एसिड आदि) र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनिटरी प्याड वितरण नियमित र प्रभावकारी बनाउने,
- स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ, स्वच्छता, महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्ने संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने,
- मानसिक स्वास्थ्य सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा र परामर्शको व्यवस्था गर्ने,
- दिवा खाजा तथा स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, पुनरावलोकन गरी प्रभावकारी बनाउने,
- माध्यमिक तहका सबै विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागू गर्ने र अन्य विद्यालयमा परिचालन गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच र सहभागिता भएको हुनेछ।
- गम्भीर रोगबाट सुरक्षित भई पर्याप्त पोषणका साथ बालबालिका स्वस्थ रुपमा विद्यालयमा सहभागी भएका हुनेछन्।

#### ख) प्रमुख नतिजाहरू

- दिवा खाजा लगायत स्वास्थ्य तथा पोषणका तीनै तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ,
- सबै बालबालिकाले पोषणयुक्त दिवा खाजा प्राप्त गर्नेछन् र स्वस्थकर, पौष्टिक तथा स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछन्। साथै, जङ्क फुडलाई पूर्णरूपमा निरुत्साहित गरिएको हुनेछ,
- सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त गर्नेछन्,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र-छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम,

प्रयोग भइसकेका सामग्रीको व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ,

- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आइरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था हुनेछ,
- विद्यालयमा विद्यार्थीहरूले स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त गर्नेछन्,
- फोहर उत्पत्ति भएकै स्रोतबाट फोहर व्यवस्थापन गर्ने नीति बनाइनेछ,
- विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरी पूर्ण सरसफाइका सूचकहरू पूरा गरिनेछ,
- सबै बालबालिकाले पूर्णरूपमा खोप प्राप्त गर्नेछन् र न्यूनतम स्वास्थ्य चेकजाँच गरिनेछ र
- सबै माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्था गरिनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २ | पत्रु खाजा प्रतिबन्ध | ६८ | ७२ | ७२ | ७२ | ७२ |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ |
| ६ | दिवा खाजा प्राप्त गर्ने कक्षाहरु | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ७ | मानसिक समस्याका विद्यार्थीहरुलाई मनोसामाजिक परामर्स सेवा दिने विद्यालय सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |

## ४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप हरु | इकाइ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कक्षा १ मा भर्ना भएका बालवालिका लाई खोप तथा शुक्ष्म पौँषक तत्व वितरण | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ३ | ३ |
| ६ | स्यानीटरी प्याट वितरण तथा व्यबस्थापन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ |
| ७ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | | १ | १ | १ | १ |
| ८ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ९ | प्रत्येक माविमा मानसिक स्वास्थ्य तथा लागुऔसध सम्बन्धि सचेतनामुलक कार्यक्रम | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १० | विद्यालयमा आईसि सामग्री वितरण | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ११ | प्रत्येक विद्यालयवाट उत्पति भएको फोहरलाई तत्काल विसर्जन गर्ने नीति अवलम्वन गर्ने। | विद्यालय | | ६८ | ६८ | ६८ | ६८ |
| १२ | विद्यालय हाताभित्र र वरिपरि जंक खाना | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खानवाट रोक्ने नीति अवलम्वन गर्ने | | | | | | |
| १३ | दिवा खाजाका लागि भान्सा तथा भण्डाँर भाँडावर्तन तथा आवश्यक सामाग्रको प्रवन्ध | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १४ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान आमा समूहलाइ तालिमा तथा सहयोग | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १५ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधी र सुक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु ( भिटामिन ए आइरन फोलिक एसिड आदि ) | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १५ | मानसिक समस्याका विद्यार्थीहरुलाई मनोसामाजिक परामर्स सेवा | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ |

## ४.५. विद्यालयमा सुरक्षा विपद न्यूनीकरण र उत्थानशिलता

आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा कार्यक्रमले बालबालिकाहरूको निरन्तर शिक्षालाई सुनिश्चित गर्ने र उनीहरूको शैक्षिक अधिकारको रक्षा गर्न महत्वपूर्ण भूमिका खेल्छ। भूकम्प, बाढी, पहिरो, महामारी जस्ता विपत्का समयमा विद्यालय सञ्चालनमा अवरोध आए पनि यस कार्यक्रमले वैकल्पिक शिक्षण विधिहरू जस्तै अस्थायी कक्षाकोठाहरू, रेडियो र अनलाइन कक्षाहरू मार्फत सिकाइ प्रक्रिया जारी राख्छ र यसको साथसाथै विद्यार्थीहरूलाई सामाजिक सुरक्षा प्रदान गर्दै उनीहरूको मानसिक स्वास्थ्यमा पनि ध्यान दिन्छ। विपद्को प्रत्यक्ष प्रभाव मानव जीवनमा मात्र होइन, विद्यालयको पठनपाठनमा समेत देखिन्छ। नेपालजस्तो भौगोलिक विविधता भएको देशमा हिमाल, पहाड र तराई क्षेत्रका विद्यालयहरू हरेक वर्ष विभिन्न प्रकारका विपद्का कारण प्रभावित हुने गरेका छन्। विशेषतः विद्यालयको सुरक्षा, भौतिक पूर्वाधारको अभाव, अपाङ्गतामैत्री संरचनाको कमी, घेराबार, फर्निचरको अभाव जस्ता कारणले बालबालिकाको शिक्षामा नियमितता कायम राख्न कठिन भइरहेको छ ।

सन् २०१५ मा आएको भूकम्प, कोभिड-१९ महामारी (२०७६/०७७), तातो हावा, बाढी, पहिरो, हैजाजस्ता विपद्को कारण लामो समय विद्यालय बन्द हुनुपरेको थियो। जसले बालबालिकाको सिकाइमा प्रत्यक्ष असर पारेको थियो । सिकाइको स्तर घट्नुका साथै विद्यार्थीहरू पठनपाठनबाट टाढा हुन पुगे । कोभिडका कारण बन्द भएका विद्यालयमा नेपाल सरकारले वैकल्पिक शिक्षण सिकाइका कार्यक्रमहरू संचालनमा ल्याएको थियो । जस्तै: अनलाइन पठनपाठन, रेडियो कार्यक्रम, टोल-आधारित सिकाइ, फोनमार्फत सिकाइ, घरमै पढ्ने सामग्री वितरणजस्ता उपायहरू अवलम्बन गरिएका थिए।

नेपालको संविधानले बालबालिकामाथि हुने सबै प्रकारका विभेद, सजाय र दुर्व्यवहारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा-विहीन बालबालिकाका लागि विशेष सहायता, मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ।

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त राख्ने, दलगत राजनीतिक हस्तक्षेप निषेध गर्ने, भेदभाव, दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने व्यवस्था गरेको छ।

कोभिड-१९ महामारीका सन्दर्भमा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न विभिन्न नीतिगत कार्यक्रमहरू कार्यान्वयनमा आएका छन्, जसमध्ये प्रमुख हुन्:

- सिकाइ सहजीकरण निर्देशिका, २०७७
- विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७
- विद्यालय सञ्चालन कार्यढाँचा, २०७७
- पाठ्यवस्तु समायोजन ढाँचा, २०७७
- एसईई नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७

यी नीति तथा कार्यक्रमहरूले विपद्का समयमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने प्रयत्न गरेका छन् ।

### ४.५.१ वर्तमान अवस्था

बागचौर नगरपालिका अन्तर्गतका ६८ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयहरु सञ्चालित छन्। पालिका भरिमा जम्मा ५९६ वटा कक्षाकोठा रहेका छन्। जसमा १०६ वटा पक्की भवन ,१४३ कच्ची भवन , ८८ वट अपुग भवन रहेका छन् । पालिका भरिमा ५८.३७ प्रतिशत पक्की भवन र ४३.२७ प्रतिशत कच्ची भवन रहेका छन् । विद्यालयहरूको भौतिक संरचना पुराना तथा विपद् प्रतिरोधात्मक दृष्टिले कमजोर रहेका छन्। धेरै विद्यालयहरूमा सुरक्षित भवन, पर्याप्त खेलमैदान, अपाङ्गतामैत्री पहुँचयुक्त पूर्वाधार, सुरक्षित खानेपानी र शौचालयको व्यवस्था अझै सन्तोषजनक छैन । कतिपय विद्यालयहरूमा घेराबारको अभावले विद्यार्थीहरूको सुरक्षामा चुनौती सिर्जना भइरहेको छ । विद्यालयस्तरमा विपद् व्यवस्थापनसम्बन्धी योजना निर्माणको अवस्था कमजोर छ र विपद् पूर्वतयारीका कार्यक्रमहरू छिटपुट रूपमा मात्र सञ्चालित छन्। शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय समुदायमा विपद् व्यवस्थापन तथा प्रतिकार्यसम्बन्धी जनचेतना र क्षमता विकास गर्न धेरै काम गर्न बाँकी छ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले नेपालमा पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुऱ्यायो। यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस नगरपालिकाका सबै शिक्षण सिकाइ क्रियाकलापहरु अवरुद्ध भएका थिए। शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो। जसका कारण सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे। यतीमात्र होइन कोभिड १९ को दोस्रो लहरका कारण पुन बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावित भएको थियो। यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरुबाट बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कोभिड-१९ महामारीको समयमा साझेदार संस्थाहरूको सहकार्यमा केही विद्यालयहरूमा रेडियो, अनलाइन, टोल-आधारित सिकाइका कार्यक्रम सञ्चालन भएका थिए । तथापि, प्राविधिक पहुँचको सीमितता तथा डिजिटल साधनहरूको अभावले ती कार्यक्रमहरू सबै विद्यार्थीहरूमा समान रूपमा प्रभावकारी हुन सकेका थिएनन् हाल कोभिड १९ बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ।

### चुनौतीहरु:

विपद्को समयमा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतामा देखिएका प्रमुख चुनौतीहरू:

१. अत्यधिक गर्मीका कारण आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरूलाई बेहोस हुने समस्या निराकरण गर्नु,
२. वनजङ्गलमा आगलागी हुँदा बाटोघाटोमा सुरक्षित यात्राको व्यवस्था गर्नु,
३. वर्षायाममा बाढी तथा पहिरोका कारण विद्यार्थीहरू विद्यालय नियमित रूपमा जान सक्ने सहज वातावरणको व्यवस्था गर्नु,
४. विद्यालयमा सुरक्षित भौतिक पूर्वाधार, खेलमैदान, कक्षाकोठा, घेराबार र शौचालयको व्यवस्था गर्नु र
५. भौगोलिक विकटताको कारण विपद् पछिको उपर्युक्त शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्नु।

**कोभिड-१९ महामारीका बेला विद्यालय शिक्षाको निरन्तरताका लागि विभिन्न साझेदार संस्थासँग सहकार्य गरी सञ्चालन गरिएका वैकल्पिक शिक्षण सिकाइका गतिविधिहरू:**

१. कक्षा १ देखि ३ सम्मका लागि रेडियो स्कुल कार्यक्रम,
२. टोल-आधारित शिक्षण सिकाइ कार्यक्रम,
३. घरदैलो कार्यक्रम,
४. वैकल्पिक शिक्षणका लागि शिविर सञ्चालन,
५. अनलाइन शिक्षण सिकाइ र
६. विद्यार्थीलाई मोबाइलमा सिमकार्ड उपलब्ध गराई शिक्षण सिकाइमा पहुँच सुनिश्चित गर्ने प्रयास गरिएको।

### ४.५.२ उद्देश्य

- विपद्को समयमा तथा त्यसपछिको अवस्थामासमेत विद्यालयको पठनपाठनलाई वैकल्पिक शिक्षण सिकाइमार्फत निरन्तरता दिने,
- विपद्को समयमा विद्यालय शिक्षालाई निरन्तरता दिनका लागि व्यवस्थापन, संयन्त्र तथा स्रोतको सुनिश्चितता गर्ने र
- पालिकामा विद्यालय सुरक्षित बनाउन तथा विपद् न्यूनीकरणसम्बन्धी गतिविधिहरूमा प्राथमिकता दिने।

### ४.५.३ रणनीति

- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण गर्न आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,
- नियमित पठनपाठनको विकल्पका रूपमा टोल सिकाइ, फोनबाट सिकाइ, अनलाइन सिकाइ, समूहमा सिकाइ, रेडियो शिक्षाजस्ता उपायहरू अवलम्बन गर्ने,
- विद्यालयमा विपद् व्यवस्थापन, रोकथाम तथा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम तथा पूर्वतयारी अभ्यासहरू सञ्चालन गर्ने,
- कोभिड-१९ लगायतका महामारीबाट जोगिन पूर्वसावधानी, रोकथाम तथा उपचार सम्बन्धी तयारी सुनिश्चित गर्ने,
- महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा असर पार्न सक्ने सम्भावित विपद् तथा संकटहरूको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गर्ने,
- संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान र प्रतिकार्यका लागि विस्तृत योजना तयार गर्ने,
- प्रत्येक विद्यालयमा विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) को कार्यान्वयन गर्ने,
- विद्यालयमा आवश्यक भौतिक पूर्वाधारका वैकल्पिक उपायहरू पहिचान गर्ने,
- पालिकाभित्र शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको व्यवस्था गर्ने,
- विद्यालयको विपद् व्यवस्थापन क्षमतामा वृद्धि गर्न तालिम तथा आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्ने,
- विपद्, शान्ति, सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी, अर्धसरकारी तथा गैरसरकारी निकायहरूसँग वडा तहसम्म समन्वय र संयन्त्र निर्माण गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीय सन्दर्भअनुसार अनुकूलन गरी कार्यान्वयन गर्ने,
- प्रविधिमैत्री शिक्षण सिकाइ सामग्रीको विकास गर्ने र

- 'एक विद्यार्थी, एक विरुवा', हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दिगो विकासका लागि शिक्षाजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि:

- पालिकामा विपद्, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाहरूमा पनि बालबालिकाले पठनपाठनलाई निरन्तरता दिने अधिकार सुनिश्चित गरिएको छ ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ ।

#### प्रमुख नतिजा

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा पुनःउत्थानसम्बन्धी योजना र क्षमताको विकास हुनेछ,
- भौतिक, मानवीय तथा आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (resilient) बन्नेछ र
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुने व्यवस्था सुनिश्चित हुनेछ ।

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक गन्तव्य (Targets)

- पालिकाभित्रका सबै विद्यालयहरूमा सिकाइ आपूर्तिको लागि द्रुत योजना (Rapid Response Plan) लागू गरिने,
- पालिकास्तर/ वडास्तरमा विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,
- विद्यालय सुधार योजनाभित्र विपद् प्रतिकार्य योजना समावेश गरिने र नियमित रूपमा कार्यान्वयन गरिने,
- विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन तथा अभ्याससम्बन्धी तालिम प्रदान गरिने,
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलताको लागि विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गरिने,
- शिक्षकमाझ विपद्-सम्बन्धी नेतृत्व क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिने,
- सङ्कटासन्नता (vulnerability) मूल्याङ्कनको आधारमा विद्यालयस्तरीय कार्ययोजना तयार गरिने,

- सुरक्षित र भूकम्प प्रतिरोधात्मक भौतिक पूर्वाधार निर्माण गरिने (जस्तै: कक्षाकोठा, शौचालय, खेलमैदान) ,
- विपद्को समयमा विद्यालयमा स्वास्थ्यकर्मीको सहकार्यमा नियमित स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार सेवा प्रदान गरिने र
- साझेदार संस्था तथा पालिकाको सहकार्यमा विपद् प्रभावित क्षेत्रहरूमा साक्षरता कक्षा सञ्चालन गरिने ।

## आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | सिकाइ आपूरण तथा द्रुत सिकाइ | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | पालिका मा विपत् प्रतिकार्य योजना निर्माण | पटक | १ | | १ | | १ | ३ |
| ३ | उत्थानसिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | पटक | | १ | १ | १ | १ | ३ |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | वैकल्पिक सिकाइका लागि शिक्षकहरुलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | एक विद्यार्थी एक विरुवा अभियान | पटक | | १ | १ | १ | १ | ४ |
| ७ | स्वास्थ्य सुविधा सहितको विद्यालय नर्स व्यवस्था | जना | ३ | ३ | ३ | ३ | ३ | ३ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ८ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | आपतकालीन तथा संकटपूर्ण निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १० | विद्यालयको सुधार योजनामा वैकल्पिक सिकाइका योजना निर्माण तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्छ। प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ। विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन् जसले शिक्षण-सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। भवन/कक्षाकोठा, फर्निचर, शौचालय सुविधा, पिउने पानी, खेल मैदान, खेल सामग्री, सुरक्षित घेरवार, पार्क/बगैँचा, पुस्तकालय, विषयगत प्रयोगशाला, प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पूर्वाधारहरू अन्तर्गत पर्दछन्। विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ। यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित बालमैत्री हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

विगत यस क्षेत्रमा आएको विनाशकारी भूकम्प पश्चात् गरिएको विद्यालयहरूको पुनर्निर्माणले भौतिक पूर्वाधारको विकासमा राम्रो फड्को मारेको छ। यहाँका विद्यालयहरू प्राय पक्की भवनमा सुचारु र कक्षाकोठाहरू राम्रो अवस्थामा रहेका छन्। पुराना केही भवन तथा कक्षाकोठाहरूको मर्मत गरी कक्षा सञ्चालन गर्नुपर्ने अवस्था पनि रहेको छ। फर्निचरको अवस्था राम्रो छ जसले विद्यार्थीहरूको अध्ययन वातावरणलाई सहज बनाइरहेको छ। स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्राय: सबै विद्यालयमा उपलब्ध छ। सबै विद्यालयमा बिजुली र इन्टरनेटको सुविधा छ जसले विद्यार्थीहरूलाई डिजिटल शिक्षामा पहुँच पुऱ्याइरहेको छ। खेल मैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि थोरै मात्रामा मात्र स्थलहरूको व्यवस्था छ।

बागचौर नगरपालिका अन्तर्गतका ६८ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरु सञ्चालित छन्। पालिका भरिमा जम्मा ५९६ वटा कक्षाकोठा रहेका छन्। जसमा १०६ वटा पक्की भवन ,१४३ कच्ची भवन , ८८ वट अपुग भवन रहेका छन्। पालिका भरिमा ५८.३७ प्रतिशत पक्की भवन र ४३.२७ प्रतिशत कच्ची भवन रहेका छन्। विद्यालयहरूको भौतिक संरचना पुराना तथा विपद् प्रतिरोधात्मक दृष्टिले कमजोर रहेका छन्। विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सरकारका निर्माण कार्यक्रम, स्थानीय तहका स्रोत तथा विकास साझेदार संस्थाहरूको सहयोगबाट विविध पूर्वाधार निर्माण तथा सुधार कार्यहरू भइरहेको छ। पालिका ,रुम टु रिड र दलित विकास समाजको साझेदारीमा संञ्चालित साक्षरता कार्यक्रमबाट ९२ वटा कक्षाकोठ व्यवसथापन ,४६ वटा बाल पुस्तकालय भएको विद्यालयहरूको ,१३८ कक्षामा बुक कर्नर रहेका छन्।

तर अझै पनि पालिकाभित्रका धेरै विद्यालयहरूमा भूकम्प प्रतिरोधात्मक संरचना निर्माण नपुगेको, पुराना तथा असुरक्षित भवनहरू कायम रहेको, अपाङ्गतामैत्री पहुँचयुक्त संरचनाको अभाव, स्वच्छ पिउने पानी तथा शौचालय सुविधा अपुग रहेको, पर्याप्त खेलमैदान र खुला स्थानको कमी देखिन्छ।

धेरै विद्यालयहरूमा घेराबारको अभाव छ जसले गर्दा विद्यार्थीहरूको सुरक्षा चुनौतीपूर्ण बनेको छ। फर्निचरको अवस्था हेर्दा, धेरै विद्यालयमा पुराना, जीर्ण र अपर्याप्त डेस्क–बेंचहरू प्रयोग भइरहेका छन्। प्रविधिमैत्री शिक्षण सिकाइका लागि ICT पूर्वाधार विस्तारको क्रम जारी भए पनि अझ धेरै विद्यालयहरूमा यस प्रकारको पहुँच अपुग छ।

### भौतिक पूर्वाधार विकासका प्रमुख चुनौतीहरू:

१. अधिकांश विद्यालयका संरचनाहरू जीर्ण अवस्थामा भएका कारण पुनर्निर्माण र पुनर्सम्भार गर्नुपर्ने।
२. अपाङ्गतामैत्री तथा बालमैत्री पूर्वाधारको व्यवस्था गर्नुपर्ने,
३. बालबालिकालाई उपर्युक्त बालमैत्री फर्निचरको व्यवस्था गर्नुपर्ने,
४. विद्यालयहरूलाई जलवायु परिवर्तनजन्य जोखिमहरू जस्तै: उच्च तापमान, बाढी, पहिरोबाट सुरक्षित बनाउनुपर्ने,
५. डिजिटल शिक्षाको कार्यान्वयनमा विद्युत् आपूर्तिको नियमितता गर्नुपर्ने र
६. जोखिमयुक्त स्थान जस्तै: बाढी पहिरोको खतरामा रहेका विद्यालयहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने।

### ४.६.२ उद्देश्यहरू

१. पहुँचयुक्त विद्यालय भवन, शौचालय तथा अन्य आवश्यक भौतिक संरचनाहरूको निर्माण गर्ने,
२. भूकम्प प्रतिरोधी तथा विपद् न्यूनीकरणमा सक्षम संरचना निर्माण गर्ने,
३. विद्यालयमा वर्षभरि सवारीसाधनको सहज पहुँच सुनिश्चित गर्ने र
४. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate smart Infrastructure बनाउन परामर्श गर्नु
५. जीर्ण तथा पुराना भवनको सुदृढीकरण गरी वातावरणमैत्री र जलवायु परिवर्तनका असरबाट सुरक्षित शिक्षण सिकाइको वातावरण तयार गर्ने।

### ४.६.३ रणनीतिहरू

१. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यवस्थापन गरी मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।
२. लैङ्गिक र अपाङ्गतामैत्री पूर्वाधार निर्माणका लागि पहुँचयुक्तताको सिद्धान्त अपनाउने,
३. सबै विद्यालयलाई सडक सञ्जालसँग जोड्ने कार्यलाई प्राथमिकता दिने,
४. जीर्ण तर सबलीकरणयोग्य विद्यालय भवनलाई न्यून लागतमा पुनः प्रयोगमा ल्याउने,
५. "एक विद्यालय, एक खेलमैदान" अभियान अन्तर्गत आवश्यक समन्वय गरी निर्माण सुनिश्चित गर्ने,
६. प्रविधिमैत्री शिक्षण सिकाइको प्रवर्धनका लागि सरोकारवाला निकायसँग सहकार्य गर्ने,
७. अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने।
८. पालिकाका यान्त्रिक उपकरण प्रयोग गरी विद्यालयसम्म सडक सञ्जाल विस्तार गर्ने,
९. बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार तथा फर्निचर निर्माणका लागि सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने,
१०. विद्यालयमा स्वच्छ खानेपानीको सुनिश्चितताका लागि उच्च प्राथमिकता दिने र

११. नगरपालिकाले विद्यालयको गुरुयोजना (Master Plan) तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।
१२. स्मार्ट शिक्षाको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्थापन गर्ने।
१३. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरू:**

१. मजबुत भवन र पर्याप्त कक्षाकोठा उपलब्ध भएपछि विद्यालयमा शैक्षिक गतिविधि व्यवस्थित भई बालबालिकाको जीउधनको सुरक्षा सुनिश्चित हुने,
२. सडक पहुँच भएका विद्यालयहरूमा सबै वर्गका विद्यार्थीहरूको उपस्थिति सहज र नियमित हुने,
३. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुनेछ।
४. पहुँचयुक्त शौचालय र स्वच्छ सफा कोठाको निर्माणले बालबालिकालाई स्वास्थ्यसम्बन्धी जोखिमहरू (विशेष गरी पानीजन्य रोगहरू) न्यूनीकरण गर्न सहयोग पुग्ने,
५. स्मार्ट शिक्षाको अवधारणाबाट समस्या समाधान क्षमतामा वृद्धि हुनुका साथै सिर्जनशीलताको विकास हुने, जसले सिकाइलाई प्रभावकारी बनाउने र
६. खेलमैदान लगायतका संरचनागत विकासले शारीरिक स्वास्थ्यसँगै बालबालिकाको प्रतिभा प्रस्फुटन भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्न सकिने वातावरण निर्माण हुने।
७. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुनेछन्।

## ४.६.५ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक गन्तव्यहरू (Target)

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | अपाङ्गतामैत्री शौचालय निर्माण | विद्यालय सङ्ख्या | ३ | ५ | १० | १० | १० | ३८ |
| २ | विद्यालय भवनहरूको मर्मत/ सम्भार | विद्यालय सङ्ख्या | ३ | ५ | १० | १० | १० | ३८ |
| ३ | विद्यालयहरुमा घेराबार निर्माण | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयमा संरचनाहरूको मर्मत तथा सम्भार सम्बन्धि कार्यविधि निर्माण तथा अध्यावधिक | सङ्ख्या | | १ | | १ | | २ |
| ५ | भवन निर्माण | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० |

## ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

बागचौर नगरपालिकामा १२ वटा सामुदायिक विद्यालयहरूमा प्रोजेक्टर र  १ वटा सामुदायिक विद्यालयमा स्मार्ट वोर्डको माध्यमबाट शिक्षण सिकाईमा प्रविधिको प्रयोग गरिएको छ । सवै सामुदायिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ । १२ वटा माध्यमिक तहमा इ हाजिरीको ब्यवस्था गरिएको छ । सवै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षण सिकाइका लागि ल्यापटप र साउन्ड सिस्टम वितरण गरिएको छ १२ वटा माध्यमिक तहमा र केही आधारभूत तह (कक्षा ६-८)  सञ्चालित विद्यालयहरुमा ICT lab को ब्यवस्था गरिएको छ । एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाइ  (online) वेभमा आधारित बनाइएको छ ।यद्यपि पर्याप्त पूर्वाधार, उपकरणको नियमित मर्मत र दक्ष जनशक्तिको कमी अझै चुनौतीका रूपमा रहँदै आएको छ । त्यसैले आगामी पाँच वर्षमा सूचना तथा सञ्चार प्रविधिको पहुँच, गुणस्तरीय प्रयोग र समावेशी शिक्षा प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

**मुख्य समस्या:**

- कम्प्युटर र प्रविधि सामग्रीको अभाव,
- इन्टरनेट सेवा पर्याप्त छैन वा नियमित छैन,
- प्रविधि प्रयोग गर्न सक्ने शिक्षकहरूको कमी र
- पाठ्यक्रमसँग मेल खाने डिजिटल सामग्रीको अभाव ।

### ४.७.२ उद्देश्यहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु ।

२. सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षाको समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.३ रणनीतिहरू

१. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने ।
२. स्वसिकाइ, मेन्टरिङ र तालिमसमेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गरिने ।
३. लागत साझेदारीसमेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम् प्रयोग गर्ने व्यवस्था मिलाइने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने ।
५. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने ।
६. सरकारी तथा गैह सरकारी तथा विभिन्न संघसंस्थासमेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

७. कम्प्युटर, लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।
८. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधासमेत विद्यालय शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने ।
९. स्मार्ट एन्ड्रोइड प्रविधिको प्रयोग प्रवर्द्धन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्धन भएको हुनेछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भई शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनको गुणस्तर र कुशलतामा सुधार भएको हुने ।

**प्रमुख नतिजा:**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने,
- विद्यार्थीहरूले विद्यालय छोड्ने दर घट्ने र
- शिक्षक तथा विद्यार्थीहरू सूचना प्रविधिको प्रयोगमा दक्ष हुने ।

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Targets):

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | विद्यालयमा ICT संरचना विस्तार | पटक | २ | ३ | ९ | १४ | ६८ | ६८ |
| २ | प्रत्येक विद्यालयमा Internet | वटा | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| | Connectivity को व्यवस्था तथा सञ्चालन | | | | | | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ४० | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ५ | IEMIS व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | २५ | ३१ | ६८ | ६८ | ६८ | ६८ |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरुको भर्चुअल कक्षा संचालन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन | वटा | ४० | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |

| **क्र.स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **०८२/८३** | **०८३/८४** | **०८४/८५** | **०८५/८६** | **०८६/८७** | **जम्मा** |
| ११ | सवै विद्यालयलाइ IEMIS व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | विद्युतको पहुँच पुगेको विद्यालय सङ्ख्या | पटक | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १३ | स्मार्ट वोर्डको पहुच पुगेको विद्यालय | वटा | ५ | १० | २३ | २० | १० | ६८ |
| १४ | आइ सिटी ल्यावको व्यवस्था | वटा | १५ | ५ | ५ | ५ | ५ | ३५ |
| १५ | डिजिटल पुस्तकालय | वटा | १५ | ५ | ५ | ५ | ५ | ३५ |
| १६ | विज्ञान प्रयोगशाला | वटा | १३ | ५ | ५ | | | २३ |
| १७ | प्रत्येक विद्यालयमा इन्टरनेटको जडान | वटा | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |

# परिच्छेद ५: शुसासन तथा व्यवस्थापन

## शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

बागचौर नगरपालिकामा रहेका शाखाहरुमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति नहुदाँ कामकाजमा खटाइएका शिक्षकबाट मात्र विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो न्यून छ। सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय सहयोगी र

माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

प्रत्येक वडाहरूमा वडा शिक्षा समिति गठन गरिएको छ । तर अधिकांश वडा शिक्षा समितिले प्रभावकारी ढंगले काम गरेको देखिदैन । विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरुले उपलव्धिपुर्ण तरिकाले काम गरेको देखिदैन ।यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागिआवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यिनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐनअनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरुबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरु एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरुबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.२ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- समग्र शैक्षिक नतिजा प्रति जवाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु,
- शैक्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
- ५ वर्षको आवधिक शिक्षा योजना निर्माण गर्नु,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,

- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,

### ५.१.३ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ,
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ,
- प्रअ ,शिक्षक,विद्यालय व्यवस्थापन समित र शिक्षक अभिभावक संध पदाधिकारीको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने,
- सामुदायिक विद्यालयका प्रअ र शिक्षकका लागि कार्यसम्पादन करार सम्झौता नीति लागु गर्ने,
- विद्यालयहरुका लागि नागरिक वडापत्र र शिक्षकहरुका लागि सिकाइ वडापत्रको नीति लागु गर्ने,

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने,
- विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ,
- शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालयहरुमा न्यूनतम स्रोत साधनको व्यवस्थापन भई कार्य सम्पादन स्तर र नतिजामा सुधार भएको हुनेछ,

**प्रमुख नतिजाः**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- सामुदायिक विद्यालयका प्रअ र शिक्षकका लागि कार्यसम्पादन करार सम्झौता भई कार्यान्वयन भएको हुनेछ,
- विद्यालयहरा सूचना अधिकारी ,गुनासो सुन्ने शिक्षक र लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था भएको हुनेछ ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने

- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

### प्रमुख क्रियाकलाप र लक्ष्यः

- आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास,
- संस्थागत संरचना निर्माण तथा क्षमता विकास,
- प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण,
- कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने,
- शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन,
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने,
- विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने,

### संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | संख्या | | १ | | १ | | १ |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ४ | वि व्य स र शि अ सं का पदाधिकारीहरूको क्षमता विकास | संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास | संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| ६ | नगरपालिका शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास | पटक | ३ | ५ | ५ | ५ | ५ | ५ |
| ७ | सबै वडा शिक्षा समिति गठन, पुनर्गठन, क्षमता विकास गर्ने र जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | १ |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहित गुणस्तरीय शिक्षा प्रदान गर्नु तीन तहका सरकारको साझा दायित्व हो । यसको लागि संरचनागत संस्थागत सक्षमता अनिवार्य शर्त हो । जसको विना गुणस्तरको सपना केवल नारामा सीमित हुने कुरा निश्चित छ । संस्थागत सक्षमताबाट नै शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षित गुणस्तरीय नतिजा प्राप्त गर्न सकिन्छ। जसका लागि विवेक पूर्णढङ्गबाट स्रोतको पहिचान, कार्यक्रम प्राथमिकीकरण र उपलब्ध स्रोतको विनियोजन तथा कार्यान्वयनका लागि जनशक्ति व्यवस्थापन, अनुगमन एवम् मूल्याङ्कन हुनु आवश्यक हुन्छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको लागि वित्तीय व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ। नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतको लागि संघीय र प्रदेश स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट शिक्षाको लागि लगानी हुने गरेको छ । यसको अतिरिक्त स्थानीय सहयोगी हातहरू र गैर सरकारी निकायसँगको सहकार्यबाट शिक्षामा भएको योगदानलाई पनि वित्तीय स्रोतको रूपमा लिन सकिन्छ । साथै स्थानीय सरोकारवालाहरूको श्रमदान र वित्तीय सहयोग तथा स्वयं विद्यालयहरूको आन्तरिक आम्दानीलाई पनि विद्यालय शिक्षाको लागि अर्को स्रोतको रूपमा लिन सकिन्छ । संघ र प्रदेश सरकारबाट अनिवार्य दायित्व केन्द्रित र कार्यक्रममा आधारित तोकिएको खर्च शीर्षक र मापदण्डमा खर्च व्यवस्थाका लागि ससर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण हुने प्रावधान छ । यसको कार्यान्वयनमा सहजीकरणका लागि संघ एवम् प्रदेश सरकारबाट आवश्यक मार्गदर्शन र कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका उपलब्ध हुने गरेको छ ।

## ६.१ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरु हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरुमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरु केन्द्रित रहेका छन । विद्यार्थी संख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१,०५२.५८ रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग, सामुदायिक वनको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरु बनेका छन ।

पञ्चबर्षीय पालिका शिक्षा योजना कार्यान्वयनको वित्तिय व्यवस्थापनका मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहने छन । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहने छ । शिक्षा क्षेत्रमा कार्य गर्ने सघं सस्थाहरुलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तिय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु,शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तिय सुशासन कायम गर्ने कार्यहरु प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरुलाई नियमित अनुदानका

अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपशिल बमोजिम गरिएको छ।

| विगत र आगामी ५ वर्षमा शिक्षा क्षेत्रमा गरेको लगानीको विश्लेषण (रु.हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| लगानीको श्रोत | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
| | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| संघिय सरकार | २२९५५९ | २५२४४६ | २५२४४६ | २५६२८३ | २५६२८३ | १२४७०१७ |
| प्रदेश सरकार | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० |
| स्थानीय सरकार | ४३५०० | ४३९०० | ५१०४० | ५६१७४ | ६१७८३ | २५६३९७ |
| संघ संस्था तथा दातृ निकाय | १५०० | २००० | २००० | २२०० | २५०० | १०२०० |
| **जम्मा** | **२८०५५९** | **३०४३४६** | **३११४८६** | **३२०६५७** | **३२६५६६** | **१५४३६१४** |

| आ.व.२०८२/०८३ देखि आ.व.२०८६/०८७ सम्मका लागि अनुमानित आन्तरिक बजेट अनुदान बजेट (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न. | क्रियाकलाप | २०८१/०८२ बजेट रकम रु. (हजारमा) | २०८२/०८३ बजेट रकम रु. (हजारमा) | २०८३/०८४ बजेट रकम रु. (हजारमा) | २०८४/०८५ बजेट रकम रु. (हजारमा) | २०८५/०८६ बजेट रकम रु. (हजारमा) |
| १ | नगर अनुदान दरबन्दी शिक्षक | ३०००० | २८३६५ | ३१२०१ | ३४३२१ | ३७७५३ |
| २ | विद्यालय कर्मचारी तलब भत्ता थप | १०३६ | १०९२ | १२०३ | १३२३ | १४५५ |
| ३ | विद्यालय सहयोगी तलब भत्ता थप | ५५४४ | ६१८८ | ६८०६ | ७४८६ | ८२३४ |
| ४ | बालविकास कर्मचारीहरुको तलब भत्ता | ३४२० | ३७७० | ४१४७ | ४५६१ | ५०१७ |
| ५ | आन्तरिक श्रोतबाट शिक्षक नपुग भएका बिद्यालयलाई एकमुष्ठ शैक्षिक व्यवस्थापन अनुदान | १००० | ४२५५ | ४६८० | ५१८० | ५६९४ |
| ६ | प्रअ प्रोत्साहन रकम | ० | २३० | २५३ | २७८ | ३०५ |
| ७ | राष्ट्रपति र मेयर कप | २५०० | ० | २७५० | ३०२५ | ३३२५ |
| **जम्मा** | | **४३५००** | **४३९००** | **५१०४०** | **५६१७४** | **६१७८३** |

| गत आर्थिक वर्ष २०८१/०८२ र आर्थिक वर्ष २०८२/०८३ को सर्सत अनुदान (रु.हजारमा) | | | | |
|---|---|---|---|---|
| क्रस | कार्यक्रम शिर्षक | बजेट शिर्षक तथा क्रियाकलाप | वार्षिक विनियोजन २०८१/०८२ | वार्षिक विनियोजन २०८२/०८३ |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक तथा कर्मचारी समेत | १.१.३.३. | ११२३५४ | ११९००० |

| | | | | |
|---|---|---|---|---|
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलब भत्ता अनुदान | १.१.३.४. | ३०९८७ | ३४९०० |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १.१.४.१ | १७९१३ | २१५७१ |
| ४ | सार्वजानक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/मातृभाषा समेत) | २.४.६.२ | ६८३५ | ६४०७ |
| ५ | विद्यालय सञ्चालन तथा व्यबस्थापन अनुदान | २.७.१३.१० | ४२४५ | ४९५५ |
| ६ | शैक्षिक पहुँच सुनिश्चतता अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम | २.७.१३.११ | ११०० | १४५० |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहनमा अनुदान | २.७.१३.१३ | ६२६२ | ४५०० |
| ८ | प्रति विद्यार्थी लागत शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २.७.१३.५० | ४०१५ | ३९६६ |
| ९ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ती (आवासीय तथा गैरआवासीय छात्रबृत्ती) | ७.२.१.१ | ९७८ | १०९६ |
| १० | तोकिएका बिद्यार्थीका लागी दिवा खाजा कार्यक्रम | २.७.१३.१ | १२४०९ | १५४२२ |
| ११ | सामुदायिक बिद्यालयका छात्राहरुलाइ निशुल्क सेनिटरी प्याड ब्याबस्थापन | २.७.१३.२३ | १२६५ | २६७८ |
| १२ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन,शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | २.७.१३.३०२ | १८५२ | १५०६ |
| १३ | माध्यमिक तह कक्षा ९ र १०मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २.७.१३.४० | ९२४८ | ९८२५ |
| १४ | आधारभूत तहमा कक्षा ६ -८ मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २.७.१३.४१ | ६४६१ | ६९२२ |
| १५ | विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना(ReAL) कार्यान्वयन | २.७.१३.३०४ | ५०० | ० |
| १६ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | २.७.१३.३०५ | १५४७ | ७०२ |
| १७ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ११.१.२.२९८६ | ० | ० |
| १८ | शैक्षिक सुधार कार्यक्रम खर्च शिर्षक २२५२२ | २.७.२५.१८३३ | १०००० | १३००० |
| **जम्मा** | | | **२२७९७१** | **२४७९००** |

## ६.२ उद्देश्य

- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- लगानीको उपयोगिता एवम् लगानी अनुरुप प्रतिफल प्राप्त हुने उपयुक्त विधि र कार्य प्रक्रिया सहित जवाफदेहिता स्पस्ट गर्नु,

## ६.३ रणनीतिहरू

- शिक्षा योजना कार्यान्वयनका लागि संघीय,प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा कानुनी प्रावधान बमोजिम लगानीको सुनिश्चित गर्ने,
- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- Low budget /Zero budget, Actual /High budget को आधारमा कार्यक्रम कार्यान्वयन गर्ने,
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने,

## ६.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धिः

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

### प्रमुख नतिजाः

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

- संघ, प्रदेश सरकार र गैरसरकारी संस्था लगायत सहयोगी हातहरूसँगको आपसी समन्वय र साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन र परिचालनको वातावरण तयार भएको हुनेछ।
- प्रमुख सरोकारवालाहरूको भूमिका र जिम्मेवारीका आधारमा प्रस्तावित कार्यक्रमलाई विना बजेटमा गर्न सकिने र प्राथमिकताको आधारमा न्यून बजेट एवम् वास्तविक बजेटमा सम्पन्न गर्न सकिने गरी कार्यक्रम एवम् क्रियाकलाप वर्गीकृत भएको हुनेछ।
- स्थानीय आन्तरिक श्रम र योगदानमा आधारित स्रोत परिचालनको वातावरण तयार भएको हुनेछ।

## ६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

- सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

## ६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

- सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

# परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

## ७.१ वर्तमान अवस्था

नेपाल सरकारले कार्यान्वयन गरेका ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मुल्याङकन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मुल्याङकन गरिने छ। बागचौर नगरपालिकाको पालिका शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अवलोकन अनुगमन फाराम, पुस्तकालय अवलोकन अनुगमन फाराम प्रतिवेदन, |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष, पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | वार्षिक २ | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक १ | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | पालिका शिक्षा शाखा | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक १ | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | तोकिएको अधिकारी | वार्षिक १ | |
| ११ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | त्रैमासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघ संस्था | | तोकिएको अधिकारी | मासिक | |

पालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरुलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरुले यस योजनासँग सम्वन्धित तह तथा निकायहरुसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिकाका वडाहरु, सम्वन्धित समिति तथा उपसमितिहरुको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.२ लक्ष्य

- शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

## ७.३ उद्देश्य

- वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका  विकास गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने

## ७.४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र  प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिने छ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ

- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिने छ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ

## ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

### प्रमुख नतिजाः

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

### प्रमुख क्रियाकलाप र लक्ष्यः

- अनुगमन पद्धति विकास तथा कार्यान्वयन
- अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक
- अनुगमन
- चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन
- स्थिति प्रतिवेदन तयारी
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण
- विद्यालयको कार्यसम्पादन परीक्षण

- क्षमता विकास
- सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने
- विद्यालयको लेखा परीक्षण

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | पालिकाले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परिक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप | पटक/कक्षा | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | ५ पटक /कक्षा १, २ र ३ |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| | परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) संचालन गर्ने | | | | | | | |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्न गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालयहरुको सामाजिक परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयहरूको लेखा परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | विज्ञ समुह, विद्यालय निरक्षक तथा शिक्षक सिकाइ समुह मार्फत, शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| | सुपरिवेक्षण र प्रतिवेदन | | | | | | | |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | १ | १ | १ | १ | १ | निरन्तर |

## सन्दर्भ सामग्री सूची (Bibliography)


१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS). (२०८१). पार्श्वचित्र तथा प्रतिवेदन. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

२. नेपाल कानुन आयोग. (२०७२). नेपालको संविधान. काठमाडौं: नेपाल सरकार

३. नेपाल कानुन आयोग. (२०७४). स्थानीय सरकार सञ्चालन ऐन, २०७४. काठमाडौं: नेपाल सरकार

४. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७६). राष्ट्रिय शिक्षा नीति, २०७६. सिंहदरवार, काठमाडौं

५. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७७). शिक्षा क्षेत्रको योजना (२०२१-२०३०). सिंहदरवार, काठमाडौं

६. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७७). शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा, २०७७. सिंहदरवार, काठमाडौं

७. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७७). प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८). सिंहदरवार, काठमाडौं

८. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८१). शैक्षिक सूचना, २०८१. सिंहदरवार, काठमाडौं

९. पाठ्यक्रम विकास केन्द्र. (२०७६). विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६. सानोठिमी, भक्तपुर

१०. पाठ्यक्रम विकास केन्द्र. (२०७६). आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६. सानोठिमी, भक्तपुर

११. बागचौर नगरपालिका. (२०७५). नगर शिक्षा ऐन, २०७५ (२०७९ को संशोधन सहित). सल्यान, नेपाल

१२. बागचौर नगरपालिका. (२०८०). स्थानीय शिक्षा नियमावली, २०८० (संशोधन सहित). सल्यान, नेपाल

१३. बागचौर नगरपालिका. (२०८१). नीति कार्यक्रम तथा बजेट आ.व. २०८१/०८२. सल्यान, नेपाल


१४. राष्ट्रिय योजना आयोग. (२०१६). दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्ग चित्र (२०१६-२०३०). सिंहदरवार, काठमाडौं


१५. राष्ट्रिय योजना आयोग. (२०८१). सोह्रौं योजना (आ.व. २०८१/०८२ - २०८५/०८६). सिंहदरवार, काठमाडौं

१६. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित). नेपाल सरकार

**१७.** Flash Report. (२०८१). शैक्षिक तथ्याङ्क प्रतिवेदन. शिक्षा तथा मानव स्रोत विकास **केन्द्र**

१८. IEMIS Report. (२०८२). पालिका स्तरीय शैक्षिक प्रतिवेदन. बागचौर नगरपालिका


ABC
ANIMALS
NUMBERS
12345
SCHOOL
DRINKING WATER


SCHOOL LIBRARY


SCHOOL

